जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM National Weekly

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २७ अंक ४१ २०८२ फागुन ३ गते आइतबार (Feb. 15, 2026) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

### क्रान्तिकारी कम्युनिष्ट पार्टीद्वारा साम्राज्यवादी हस्तक्षेप तीब्र भएको ठहर

## देशभक्त र क्रान्तिकारीबीच एकता हुँदै

काठमाडौं। क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले पछिल्ला दिनमा नेपालमा भारत र अमेरिकाको हस्तक्षेप तीब्र भएको ठहरगर्दै बिभिन्न देशभक्त र क्रान्तिकारी पार्टी र शक्तिसँग एकताको प्रयास थालेको थाहाभएको छ। सोहीक्रममा गत साता केही समूहहरुका बीचमा वार्ता भएको बताइएको थियो। यसैक्रममा पार्टीको केन्द्रीय समितिले गत एकगते आयोजना गरेको जनयुद्ध दिवस समारोहलाई सम्बोधनगर्ने क्रममा सो पार्टीका महासचिव सीपी गजुरेलले साम्राज्यवादी हस्तक्षेपका विरुद्ध लड्न फेरी जनयुद्ध अपरिहार्य भएको बताउनु भएको थियो। उहाँले नेपालमा लामो समयदेखि विस्तारवादी र साम्राज्यवादी हस्तक्षेपहुँदै आएको चर्चागर्दै भारतीय विस्तारवादले अप्रत्यक्षरुपमा नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्नेगरेको बताउनु भएको थियो। उहाँले पछिल्ला दिनमा अमेरिकी साम्राज्यवादले विश्वभरिनै



प्रत्यक्षरुपले हस्तक्षेप गर्नेगरेको बताउँदै भेनेजुएला र इरान लगायतका स्वतन्त्र र सार्वभौम मुलुकमाथि अमेरिकाले गरेको हमलाको निन्दा गर्नुभएको थियो। महासचिव गजुरेलले नेपालको स्वाधीनतामाथि पनि अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादबाट हस्तक्षेपको खतरा दिनदिनै बढ्दैगएको खुलाशा पनि गर्नुभएको थियो। उहाँले शक्तिशाली दुश्मनका विरुद्ध लड्न श्रमजीवी सर्वहारा जनतासँग मालेमावाद र जनयुद्ध बाहेक अर्को हतियार नभएको बताउनु भएको थियो। उहाँले जनयुद्धलेमात्रै साम्राज्यवादलाई पराजितगर्न सक्ने ल्याकत राख्ने पनि बताउनु भएको थियो। जनयुद्धकै कारण जापानीज साम्राज्यवादलाई पराजितगर्न चीनमा माओ सफल भएको उहाँको भनाई थियो। नेपालमा १० वर्षसम्म सञ्चालित जनयुद्धको महत्व राष्ट्रियरुपमा मात्र नभएर विश्व कम्युनिष्ट आन्दोलनमा पनि रहेको चर्चागर्दै उहाँले पुष्पकमल दाहाल र बाबुराम भट्टराईले गरेको गद्धारी र दिएको धोकाका कारण जनयुद्ध विसर्जन हुनपुगे पनि नयाँरुपमा जनयुद्ध जारीरहेको दावी गर्नुभएको थियो। उहाँले जनयुद्धको छोटो अवधिमा सात डिभिजनसम्मको सेनाको निर्माण, ८० प्रतिशत भूभागमा समानान्तर जनसत्ता सञ्चालन, आधारइलाको विकास, जनकम्युन लगायतका उपलब्धिहरुको संस्थागत विकास गर्नेगरी वार्ता गर्नुपर्ने अवस्थामा पुष्पकमल र बाबुरामहरु आफै जनयुद्धका उपलब्धि ध्वस्त पार्नेतिर लागेको खुलाशा पनि गर्नुभएको थियो। उहाँले सोही कारणले आफूहरुले तत्कालीन **बाँकी ८ पेजमा**

## राजमोद्वारा संघीयताको खारेजीमा जोड

काठमाडौं। नेपाल कम्युनिष्ट पार्टी (मसाल) र सो पार्टीको चुनावी मोर्चा राजमोले संघीयताको खारेजीलाई आफ्नो प्रमुख चुनावी मुद्धा बनाएको देखिएको छ। यसैक्रममा मसालका महामन्त्री मोहनविक्रम सिंहले अमेरिकी साम्राज्यवादले नेपालमा आफ्नो अनुकूलको सरकार निर्माणगर्ने प्रयास गरिरहेको खुलाशा पनि गर्नुभएको छ। कपिलवस्तु जिल्लाको चारनम्बर जितपुरमा राष्ट्रिय जनमोर्चाको जिल्लास्तरीय प्रशिक्षण कार्यक्रमलाई सम्बोधनगर्दै सिंहले उपरोक्त खुलाशा गर्नुभएको हो। उहाँले अहिलेको चुनावमा नेपाली जनताको प्रधान विरोधी पक्ष अमेरिकी साम्राज्यबाद भएको बताउनु भएको थियो। उहाँले धुन्धुकारी डोनाल्ड ट्रम्पले संसार कब्जागर्दै हिँडेको छ, उसले नेपालमा एमसिसी भित्र्याएर तिब्बत टुक्र्याउनका लागि नेपालमा प्रत्यक्ष उपस्थित हुन चाहिरहेको पनि बताउनु भएको थियो। उहाँले नेपाली जनतालाई भ्रमित बनाएर नयाँ र वैकल्पिक राजनीतिक शक्तिको नाममा बिभिन्न कठपुतली अराजनैतिक व्यक्तिहरुलाई साम्राज्यवादले उपयोग गरिरहेको दावी पनि गर्नुभएको थियो। **बाँकी ८ पेजमा**

## एमालेले राष्ट्रिय एकतामा जोड दिने

काठमाडौं। एमालेको चुनावी घोषणापत्र संभवत आज सार्बजनिक हुँदैछ। नेपाली कांग्रेसको गगन थापा समूहले पनि आजै आफ्नो समूहको घोषणापत्र सार्बजनिकगर्ने भनेको छ। निर्वाचन आयोगले आज फागुन तीनगते आइतबार भित्रमा आगामी २१ गते को निर्वाचनमा भाग लिने दल तथा उम्मेदवारहरुले आआफ्नो निर्वाचन घोषणापत्र सार्बजनिक गरिसक्नुपर्ने भनेका कारण आज बिभिन्न दलको घोषणापत्र सार्बजनिक हुने अपेक्षागरिएको छ। सोही प्रयोजनका लागि एमालेका अध्यक्ष केपी ओली गत शुक्रबार झापा-५ को ब्यस्त चुनावी प्रचारकै बीचमा काठमाडौं फर्कनु भएको थियो। उहाँ एकसाता लामो मतदाता भेटघाट तथा घरदैलो कार्यक्रमकै बीचमा काठमाडौं फर्कनुभएको हो। पार्टीको प्रतिबद्धतापत्र सार्वजनिकगर्ने तयारीका लागि उहाँ काठमाडौं फर्कनुभएको बताइएको छ। झापा - ५ का प्रतिनिधिसभा सदस्य उम्मेदवार समेत रहनुभएका ओलीले निर्वाचन क्षेत्रमा पर्ने कमल, गौरादह र गौरीगन्ज पालिकाका १०० भन्दा बढि स्थानहरुमा मतदाताहरुसँग **बाँकी ८ पेजमा**

## संसद विघटन विरुद्धको रिटले प्राथमिकता पाएन

काठमाडौं। संसद विघटन विरुद्धको रिटले प्राथमिकता नपाएकोभन्दै राजनीतिक क्षेत्रमा बिभिन्न चर्चाहरु हुनथालेका छन्। यसैक्रममा सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनविरुद्ध दायर १७ वटा रिट निवेदनमा आगामी आठगतेका लागि फेरी साधारण तारेख तोकेको छ। गतसाता बुधबारका लागि साधारण तारेख तोकिएकोमा सर्वोच्चले पुनः फागुन आठगतेका लागि साधारण तारेख दिएको छ। रिट निवेदकहरुले छिटो पेशी तोकेर सुनुवाइ अगाडि बढाउन र जे हुने हो छिनोफानो गरिदिन माग गरिरहेका बेला सर्वोच्चले साधारण तारेख दिएको हो। यसअघि सर्वोच्चले संसद विघटनसम्बन्धी रिटहरुमाथि प्रारम्भिक सुनुवाइगर्दै विपक्षीसँग लिखित जवाफ माग गरेको थियो। संसद विघटनविरुद्ध सर्वोच्च अदालतमा १७ भन्दा बढी रिट निवेदन दर्ता भएका छन्। अदालतले ती सबै रिटलाई एकैसाथ राखेर सुनुवाइगर्ने आदेश पनि यसअघिनै जारीगरिसकेको थियो। संसदको बर्षे अधिवेशन जारीरहेकै अवस्थामा संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्त गरेर त्यसरी नियुक्त प्रधानमन्त्रिको एकल सिफारिसमा संसद बिघटन गरिएको र ०७२ **बाँकी ८ पेजमा**

## नयाँ चिनियाँ राजदूतले कार्यभार सम्हाल्दै

काठमाडौं। नेपालका लागि नवनियुक्त चिनियाँ राजदूत चाङ माओमिङ आफ्नो कार्यभार सम्हाल्न गत शुक्रबार काठमाडौं आइपुग्नु भएको छ। चिनियाँ विदेश मन्त्रालयले एशियाली मामिला विभागका उप-महानिर्देशक चाङलाई गत जनवरी महिनाको शुरुमा नेपालका लागि नयाँ राजदूत नियुक्त गरेको थियो। राजदूत चाङले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष ओहोदाको प्रमाणपत्र प्रस्तुतगर्ने कार्यक्रम छ। चाङ नेपाली राजनीति तथा कूटनीतिक वृत्तमा परिचित नाम हो। उहाँलाई नेपालको आन्तरिक तथा वाह्य मामिलाबारे जानकारी राख्ने चिनियाँ कूटनीतिज्ञका रुपमा लिने गरिन्छ। चीनले झाङ माओमिङलाई नेपालका लागि २३ औं राजदूत नियुक्त गरेको हो। चीनका राष्ट्रपति सी जिनपिङको विश्वास र सन्देश बोकेर उहाँ काठमाडौं आइपुग्नु भएको हो। उहाँले नेपाल आइपुगेपछि जारीगरेको एक सन्देशमा नेपाल र चीनबीचको मित्रता अझ बलियो बनाउने पूर्ण प्रतिबद्धता जनाउनुभएको छ। उहाँले दुई देशबीच ७१ **बाँकी ८ पेजमा**

## प्रहरीमाथि आक्रमण, केही पक्राउ

काठमाडौं। बिभिन्न स्थानमा ड्युटीमा रहेका प्रहरीमाथि आक्रमणको प्रयास भएपछि सुरक्षा ब्यवस्था थप कडा बनाइएको थाहाभएको छ। यसैक्रममा प्राप्त एक समाचारअनुसार सशस्त्र प्रहरीमाथि पर्साको वीरगञ्जमा आक्रमण भएको थियो। वीरगञ्जको अवैध गोदाममा छापामार्न जाँदा सशस्त्र प्रहरीमाथि आक्रमणगर्ने छजनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ। वीरगञ्ज भन्सार कार्यालय र सशस्त्र प्रहरी बलले गत साता सोमबार वीरगञ्जको आर्दशनगरस्थित मदन गुप्ताको अवैध गोदाममा छापा मार्नेक्रममा स्थानीय व्यापारी समूहको आक्रमणबाट तीनजना सशस्त्र प्रहरी घाइते हुनुकासाथै सशस्त्र प्रहरीका दुईवटा सवारीसाधनमा क्षतिपुगेको थियो। जिल्ला प्रहरी कार्यालयका प्रहरीका प्रवक्ता **बाँकी ८ पेजमा**

## बंगलादेशमा देशभक्तहरुको सरकार गठन हुँदै

काठमाडौं। छिमेकी बंगलादेशमा संभवत आजै देशभक्तहरुको नयाँ सरकार गठन हुँदैछ। बंगलादेशमा गत बिहीबार एकसाथ जनमत संग्रह र संसदीय निर्वाचन भएको थियोभने हिजो शनिबारसम्ममा अधिकांश परिणाम



सार्बजनिक भएको थियो। शासन प्रणालीमा सुधारगर्ने लक्ष्यले ल्याइएको जुलाई बडापत्र २०२५ लाई स्वीकारगर्ने वा नगर्ने फैसला मतदाताले जनमत संग्रहमार्फत गर्ने भनिएको थियोभने ६० वटा राजनीतिक दलको सहभागितामा संसदीय निर्वाचन भएको थियो। संसदका कूल ३५० सिटमध्ये ३०० स्थानमा प्रत्यक्ष मतदान भएको हो। बंगलादेशको निर्वाचन आयोगकाअनुसार मतदाताको संख्या १२ करोड ७० लाख रहेका **बाँकी ८ पेजमा**

## निर्वाचन निष्पक्ष र धाँधलीरहित हुनेमा आशंका

काठमाडौं। राष्ट्रियसभाको हिउँदे अधिवेशन गत शुक्रबार रातिबाट अन्त्य भएको छ। गत शुक्रबारको बैठकमा अधिकांश सांसदहरुले आगामी २१ गतेका लागि तयभएको प्रतिनिधि सभाको निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुनेमा आशंका ब्यक्तगर्दै सरकारको ध्यानाकर्षण गराउनु भएको थियो। बैठकको शून्य समयमा सांसद शारदादेवी भट्टले निर्वाचनका लागि २० दिनमात्र बाँकी रहेको उल्लेख गर्नुहुँदै देशभर भयरहित, त्रासरहित, धाँधलीरहित रुपमा संयमतापूर्वक निर्वाचन सम्पन्न हुनुपर्ने बताउनुभएको थियो। उहाँले त्यसका लागि वातावरण बनाउन पनि सदनमार्फत सरकारको ध्यानाकर्षण गर्नुभएको थियो। बैठकमा सांसद गंगाकुमारी बेल्वासेले दैलेख जिल्लामा पहिचान भएको पेट्रोलियम उत्खननगरी व्यावसायिक उत्पादन शुरुगरेर आन्तरिक आवश्यकता पूर्ति गरिनुपर्ने धारणा राख्नुभएको थियो। सांसद गोपाल भट्टराईले समाजकल्याण परिषद्का करार सेवाका केही कर्मचारीलाई **बाँकी ८ पेजमा**

## क्रान्तिकारी पार्टीका नेता गिरफ्तार

काठमाडौं। क्रान्तिकारी कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्ताहरु गिरफ्तार हुनेक्रम जारीरहेको छ। यसैक्रममा सो पार्टीका नवलपरासी सेक्रेटरी रवि पाण्डेयलाई सदरमुकाम परासीको बुद्धचोकबाट प्रहरीले हालै गिरफ्तार गरेको छ। फागुन एकगतेका लागि जनयुद्ध दिवसको प्रचारगर्ने सिलसिलामा बुद्ध चोकमा ब्यानर राख्ने नेतृत्व गरेको अभियोगमा पाण्डेयलाई जिल्ला प्रहरी कार्यालय नवलपरासीले गिरफ्तार गरेको हो। कार्यक्रम सकेर होटलमा बसेको बेला संयुक्त संघर्ष समिति नवलपरासी संयोजकसमेत रहनुभएका क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका बैकल्पिक केन्द्रीय सदस्य पाण्डेयलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। उहाँलाई कहाँ राखिएको छ र के कारवाही हुन लागेको हो **बाँकी ८ पेजमा**

## सीमाबाट हातहतियार र नक्कली नोट भित्रिएको आशंका

काठमाडौं। भारतीय सीमाबाट हातहतियार र नक्कली नोट भित्रिएको आशंकामा नेपालका सीमावर्ती तराईका जिल्लाहरुमा सुरक्षा र चेक जाँच बढाइएको थाहाभएको छ। रौतहटका स्थानीय बासिन्दाकाअनुसार निर्वाचनको मिति नजिकिएसँगै सीमापारीस्थित भारतीय भूमिबाट गैरकानूनीरुपमा रौतहटतर्फ भित्रिनसक्ने हातहतियार, गोली, बारुद, पटका, लागूपदार्थजस्ता अवैध वस्तुको कारोबार न्यूनीकरण तथा नियन्त्रणका लागि जिल्लास्थित प्रहरी संयन्त्र अझ सशक्त र चलायमान बनाइएको छ। त्यसैगरी, इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रमुख तथा प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साहले निर्वाचनलाई लक्षितगरी सीमानाका क्षेत्रको सुरक्षा व्यवस्था कड्याइँ गरिएको बताउनु भएको छ। रौतहट

**समाचार विश्लेषण**

प्रहरीले गतसाता नक्कली नेपाली नोटसहित दुईजनालाई नियन्त्रणमा लिएको थियो। सो जिल्लाको वृन्दावन नगरपालिका-९ विश्रामपुरस्थित विशाल किराना पसलमा नक्कली नोट दिएर पेट्रोल खरिदगर्न खोज्नेक्रममा उनीहरु पक्राउपरेका थिए। पक्राउपर्नेहरुमा वृन्दावन नगरपालिका-२ का दिनेश पटेल र सर्लाहीको बरहथवा नगरपालिका-१ का विवेकप्रसाद यादव रहेका छन्। प्रहरी चौकी विश्रामपुरबाट खटिएको टोलीले बिआर.३० एआर ७७५५ नम्बरको मोटरसाइकलमा सवार उनीहरुलाई जाँचगर्दा दिनेश पटेलको साथबाट १२ थान र विवेकप्रसाद यादवले मोबाइल कभरमा लुकाएको दुईथानगरी जम्मा १४ थान एकहजार दरका नक्कली नोट फेलापारेको थियो। त्यसैगरी पोखराको फेवातालमा अत्याधुनिक एसएलआर राइफल र सो हतियारमा प्रयोग हुने १८ राउन्ड गोली फेलापरेको छ। जिल्ला प्रहरी कार्यालयकाअनुसार गत माघ २९ गते साँझ खपौंदी नजिक स्थानीय कुमार जलारीले जाल हानी माछा मार्नेक्रममा मु.वा. १११ (बट) नम्बर बडी नम्बर १३८१० लेखिएको **बाँकी ८ पेजमा**

## इन्डो-प्यासिफिकका कमाण्डरको भ्रमण रहस्यपूर्ण



काठमाडौं। संयुक्त राज्य अमेरिकाको इन्डो-प्यासिफिक कमाण्डका कमाण्डर एड्मिरल सामुयल पापारोले हालै गरेको नेपालको तीनदिने भ्रमण रहस्यपूर्ण रहेको छ। उहाँ गत माघ २९ गते काठमाडौं आइपुग्नु भएको बताइएको थियो। भ्रमणका दौरान उहाँले औपचारिक भेटघाटकासाथै पाँचखालस्थित नेपाली सेनाको वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको अवलोकनगर्ने नेपाली सेनाले जनाएको थियो। यस प्रकारको भ्रमणबाट दुई देशबीचको सम्बन्ध थप प्रगाढ हुनुकासाथै मानवीय सहयोग, विपद् व्यवस्थापन तथा अन्तराष्ट्रिय शान्ति स्थापनाकार्यजस्ता क्षेत्रमा टेवा पुग्ने विश्वास गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको थियो। भ्रमणले नेपाली सेना र अमेरिकी सेनाबीचको द्विपक्षीय रक्षा सम्बन्धलाई थप सुदृढ बनाउने र सैन्य सहयोगलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको भनिएको थियो। भ्रमणकाक्रममा एडमिरल पापारोले नेपाली सेनाको उच्च नेतृत्वसँग महत्वपूर्ण भेटवार्तागर्ने कार्यक्रम थियो। तर सो [redacted]ारे सरकारी सञ्चार माध[redacted] हालसम्म कुनै बिरण सा[redacted] छैनन्। तर भारतीय [redacted] उदद्धृतगर्दै त्यहाँका सञ्चार [redacted]ले बिभिन्न समाचार बाहिर ल्याएका छन्। उनीहरुले अमेरिकाले चाहेको पार्टीलाई चुनाव जिताउनेगरी नेपालमा गम्भीर चलखेल भैरहेकै बेला विश्वकै शक्तिशाली सैन्य संगठन मानिने युनाइटेड स्टेट इन्डो-प्यासाफिक कमाण्डका प्रमुख एडमिरल सामुएल पापरो काठमाडौं आएको उल्लेख गरेका छन्। पापरोले नेपालका परराष्ट्रमन्त्रि र केही सैन्य अधिकारीलाई भेटेको भनिएको छ। तर **बाँकी ८ पेजमा**

## देशभक्त....

एमाओवादीबाट विद्रोह गर्नुपरेको बताउनु भएको थियो। उहाँले टुट, फुट, विभाजनका बीचबाट आफूहरु फेरी क्रान्तिकारी कम्युनिष्टहरुबीच एकताका लागि प्रयासरत रहेको पनि बताउनुभएको थियो। उहाँले आफूहरु यसअघिको जयुद्धबाट शिक्षालिँदै फेरि जनयुद्धलाई नयाँ ढंगले अगाडि बढाउन खोजिरहेको खुलाशा पनि गर्नुभएको थियो। उहाँले बर्तमान सुशीला कार्की नेतृत्वको सरकारले जनयुद्धका जीवित शहीदकारुपमा रहेका आफ्नो पार्टीका केन्द्रिय सदस्य पूर्णबहादुर खड्कालाई पक्राउ गरेर फासिवादी चरित्र देखाएकोभन्दै आक्रोश ब्यक्त गर्नुभएको थियो।

## नयाँ....

वर्षदेखि राम्रो मित्रता छ। नेपालले सधैं चीनको एक चीन नीतिलाई बलियो समर्थन गरेको छ। चीनको मुख्य हितका विषयमा नेपालले सधैं साथ दिएको बताउनु भएको छ। उहाँकाअनुसार चीनले पनि नेपालको स्वतन्त्रता, सार्वभौमिकता र देशको अखण्डता जोगाउन, आफ्नै अवस्थामा मिल्ने विकास बाटो अपनाउन तथा आर्थिक र सामाजिक विकासगरी जनताको जीवन राम्रो बनाउन सधैं सहयोगगर्दै आएको छ। सन् २०१९ मा राष्ट्रपति सी जिनपिङले नेपाल भ्रमणगर्दा दुई देशको सम्बन्धलाई सदाबहार मित्रता, विकास र समृद्धिका लागि रणनीतिक साझेदारीमा उकासेको बताउनु भएको थियो। यसबर्ष चीनले आधुनिकीकरणलाई तीव्र बनाउने र बाहिरी देशसँग अझ बढी खुला हुने नीति अघिबढाउने बताइएको छ। यसले नेपाललगायत विश्वका देशलाई नयाँ अवसर दिन्छ। नेपाल पनि अहिले ठूलो परिवर्तनको चरणमा छ। उहाँले आफ्नो सन्देशमा हामी दुवै देशले चारवटा विश्वव्यापी पहललाई कार्यान्वयन गर्नेछौं। दक्षिणी देशहरूबीच एकता र सहकार्य बढाउँछौं समान र सबैलाई फाइदा पुग्ने विश्वव्यापीकरणलाई अगाडि बढाउँछौं यसरी मानवजातिको साझा भविष्य बनाउन योगदान दिन्छौं भन्नुभएको छ। सन्देशमा दूतावासले जनतामुखी कूटनीति जारीराख्ने पनि उल्लेख गरेको छ।

## क्रान्तिकारी....

भन्ने यो समाचार तयारगर्दासम्म पनि खुलेको थिएन। यसअघि क्रान्तिकारीका सिन्धुलीका नेता तथा केन्द्रिय सदस्य पूर्णबहादुर खड्कालाई पक्राउगरी करिव एकसातापछि रिहागरिएको थियो।

## प्रहरीमाथि....

एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले सशस्त्र प्रहरीमाथि आक्रमणगर्ने छजनालाई पक्राउ गरेर ज्यानमार्ने उद्योग तथा आपराधिक उपद्रोसम्बन्धी कसुरमा जिल्ला अदालतबाट म्याद थपगरेर अनुसन्धान भइरहेको जानकारी दिनुभएको छ। उहाँकाअनुसार पक्राउपर्नेमा वीरगञ्ज महानगर-१० घडीअर्वाका प्रमोदकुमार कानु, सोही ठाउँका कुञ्जन सर्राफ, वीरगञ्ज-१ छपकैयाका दिपराजसहनी मलाह, विन्दवासिनी-५ का श्रीचन्द्रप्रसाद साह र भारत विहार राज्य घर भएका प्रभु महतो र पृतमकुमार चौधरीलगायत रहेका छन्। वीरगञ्जमा यसअघि पनि बिभिन्न अप्रिय घटना हुने गरेको छ।

## निर्वाचन...

निष्काशन गरिएको विषय सदनमा उठाउनुभएको थियो। सांसद सुमित्रा विसीले देशका बिभिन्न भागमा हत्याहिंसा बढ्दैगएको समाचार आइरहेको बताउनुहुँदै यस्ता घटनामा संलग्नलाई पक्राउगरी कारवाही र पीडितको न्यायका लागि पहल गरिनुपर्ने बताउनुभएको थियो। राष्ट्रपति रामचन्द्र पौडेलले फागुन एकगते राति १२ बजेदेखि लागूहुनेगरी राष्ट्रियसभाको चालु अधिवेशन अन्त्य गर्नुभएको थियो। नेपाल सरकार मन्त्रिपरिषद्को गत माघ २६ गतेको सिफारिसमा नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम राष्ट्रपति पौडेलले सभाको अधिवेशनको अन्त्य गर्नुभएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

## राजमो...

प्रशिक्षण कार्यक्रममा राष्ट्रिय जनमोर्चाका कार्यकारी अध्यक्ष रेश्मीराज नेपालीले जनता सचेत नभए देश अमेरिकी कब्जामा जाने बताउँदै अहिलेको प्रमुख मुद्धा राष्ट्रियता, गणतन्त्रको रक्षा, संघीयता खारेज नै रहेको बताउनु भयो। त्यसैगरी राजमोका राष्ट्रिय सभाका सांसद तुलप्रसाद विश्वकर्माले आगामी २१ गतेको निर्वाचन नजिकीदै गएता पनि देशको अवस्था अत्यन्तै अन्योलतामा रहेकाले भयमुक्त निर्वाचन हुने आशंका कायमै रहेको बताउनुभएको छ। विश्वकर्माले गत शुक्रबार राष्ट्रिय सभाको अधिवेशनमा आफ्नो मन्तव्य राख्दै सो धारणा राख्नुभएको हो। उहाँले फागुन २१ मा चुनाव हुन्छ वा हुन्न भन्नेमै अन्योल रहेको समेत बताउनु भएको थियो। विश्वकर्माले बर्तमान सरकारलाई अपिलगर्दै भयरहित र निष्पक्ष चुनाव गराउने बातारण सिर्जनागर्न सरकारले पहल गरोस् भन्नुभएको थियो। गत भदौ २३-२४ गते भएको जेनजी आन्दोलनको बेलामा लुटिएका हतियार र उक्त समयमा जेलबाट भागेका अपराधीहरु पनि बाहिरै रहेकाले चुनाव भयरहित हुने वा नहुनेभन्नेमा आशंका हुनु स्वभाविकै रहेको विश्वकर्माको भनाई थियो। उहाँले देशको राजनीतिक अत्यन्तै गम्भिर अवस्थामा पुगेको छ। खास गरेर देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डता अत्यन्त संकटमा गइरहेको छ भन्नुभएको थियो।

## एमालेले....

भेटघाट तथा अन्तर्क्रिया गरिसक्नु भएको छ। जहाँ प्रत्यक्षरुपमा २५ देखि ३० हजार मतदातालाई ओलीले भेट्नुभएको अनुमान छ। ओलीले स्थानीयका गुनासा र मागहरुलाई सुनेर त्यसलाई कार्यन्वयन गर्ने प्रतिबद्धता जनाउँदै निर्वाचनमा जिताउन आग्रह गर्नुभएको निर्वाचन परिचालन समितिका संयोजक देबेन्द्र दाहालले बताउनुभएको छ। ओलीले गरेको सो क्षेत्रको विकास र मायालाई स्थानीयले खुलेर प्रशंसा गरेको दाहालको दाबी छ। ओलीको प्रत्यक्ष भेटघाट र घरदैलोले पार्टीका नेता कार्यकर्तादेखि लिएर आम मतदाताहरुमा नयाँ प्रकारको उत्साह देखिएको उहाँको भनाइ छ। यो पटक ओलीले आफ्नो निर्वाचन क्षेत्रका बिरामी तथा हिँडडुलगर्न नसक्ने कतिपय मतदाताहरुको( घरमै पुगेर हौंसलासमेत दिनुभएको उहाँले जानकारी दिनुभएको छ। नेपाली कम्युनिष्ट पार्टी लगायतका अन्य पार्टीहरुले यसअघिनै आआफ्नो चुनावी घोषणापत्र/प्रतिबद्धतापत्र सार्बजनिक गरिसकेका छन्। सबैले आआफ्नो घोषणापत्रमा राष्ट्र र राष्ट्रियताप्रति चिन्ता र चासो ब्यक्त गरेको पाइएको छ।

## संसद....

को संविधानले सर्वोच्च अदालतका पूर्ब प्रधान न्यायाधिशलाई मानव अधिकार आयोग बाहेक अन्यत्र पदाधिकारमिा नियुक्तगर्न नपाइने ब्यवस्था गरिएकोमा त्यसको समेत उल्लंघन गरिएको लगायतका प्रशंग उठाउँदै गत कार्तिकमा रिट दायर भएको थियो। यसअघि ०७८ मा सर्वोच्च अदालतले संसदले नयाँ सरकार गठन गर्ने/गराउने संभावना रहेसम्म संसद बिघटनगर्न नपाइनेभनी गरेको फैसलाको नजिर पनि कायमै रहेको छ। त्यस्तो मुद्धामा संवैधानिक इजलासले अग्राधिकार दिनुपर्नेमा सो रिटले किन अग्राधिकार पाएन ? भन्ने जिज्ञासाहरु पनि ब्यक्त हुन थालेका छन्।

## बंगलादेशमा....

थिए। उनीहरुले देशभरका ४२ हजार ७७९ वटा मतदान केन्द्रबाट भोट खसालेका हुन्। विदेशमा रहेकाहरुले पनि पहिलो पटक मतदान अधिकार पाएका थिए। उनीहरुले डिजिटल पोष्टल भोटिङ प्रणालीमार्फत आफ्नो मत दिने ब्यवस्था मिलाईएको थियो। १२२ देशमा रहेका सातलाख ६१ हजार १४२ बंगलादेशी नागरिकले मतपत्र लिएको बंगलादेशको निर्वाचन आयोगले जनाएको थियो। देशभर झन्डै ६१ प्रतिशत मतदान भएको त्यहाँको निर्वाचन आयोगले जनाएको थियो। हिजोसम्मको अवस्थामा तारिक रहमान नेतृत्वको बीएनपीले स्पष्ट अग्रता प्राप्तगरेको छ। सन् २०२४ को बिद्यार्थी आन्दोलनपछि पूर्व प्रधानमन्त्री शेख हसिनालाई सत्ताबाट हटाउनुकासाथै उहाँको दल अवामी लिग प्रतिबन्धित भएपछि गत बिहीबारको निर्वाचनमा बीएनपी र जमात-ए-इस्लामीबीच प्रतिश्पर्धा भएको थियो। बीएनपीले ३०० सदस्यीय संसदमा आफूलाई बहुमत नजिक पुऱ्याएको छ। प्रारम्भिक मतगणनाअनुसार झन्डै ७२ प्रतिशत मतदाता संवैधानिक सुधार प्रस्तावको पक्षमा देखिएका छन्। बडापत्रले प्रधानमन्त्रीका लागि कार्यकाल सीमा, राष्ट्रपतिको अधिकार विस्तार र चुनाव व्यवस्थामा सुधारजस्ता विषय समेटेको छ। मध्यदक्षिणपन्थी दलका नेता तारिक रहमान नयाँ प्रधानमन्त्री बन्ने देखिएको छ। बंगलादेशको राजनीतिमा शुरुदेखिनै प्रभावशाली रहँदै आएको जिया-रहमान परिवारका सदस्य नयाँ प्रधानमन्त्रि हुने कुराले हलचल भएको छ।

## इन्डो....

बिषय खुलाइएको छैन। भारतीय सञ्चार माध्यमहरुले नेपाल भूराजनीतिको चक्रव्युँहमा फसिसकेको जिकिरसमेत गरेका छन्। केही दिनअघि एमआई-६ का एजेन्ट पनि नेपाल आएर फर्किएको तर कसैले चाल नपाएको बताइएको छ। अमेरिकाले चीन र भारतविरुद्ध रणनीति बनाउन नेपाललाई प्रयोग गरिरहेको उनीहरुको दाबी छ। इन्डो प्यासाफिक कमाण्डसँग जलसेना, थल सेना र वायु सेना रहेको छ। त्यसकै कमाण्डर नेपाल आउँदा सरकारी पक्षले कुनै बिवरण सार्बजनिक नगर्नु रहस्यपूर्ण मानिएको छ।

## सीमाबाट....

एसएलआर राइफल फेलापरेको थियो। हतियारसँगै सो राइफलमा लोड गरिएको १८ राउन्ड गोलीसहित एकथान म्यागजिन बरामद भएको प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी हरिबहादुर बस्नेतले जानकारी दिनुभएको छ। त्यसैगरी प्रहरीले काठमाडौंको चन्द्रागिरि नगरपालिका-२ नागढुंगाबाट एक थान पेस्तोल र चार राउन्ड गोलीसहित एकजनालाई पक्राउ गरेको छ। पक्राउपर्नेमा काठमाडौंको कीर्तिपुर नगरपालिका-२ का केयुर पुरी रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभएको छ। चितवनबाट काठमाडौंतर्फ आउँदै गरेको बा१९च ६९० नम्बरको कार चेकजाँचगर्दा मेडइन युएसए लेखिएको पेस्तोल एकथान र गोली चार राउन्ड फेलापरेको थियो। त्यसैगरी सशस्त्र प्रहरी बलले सुनसरीबाट पेस्तोलसहित एक भारतीय नागरिकलाई नियन्त्रणमा लिएको छ। इटालीमा बनेको पेस्तोल र सोको तीन राउन्ड गोलीसहित भारतको अररिया ग्रामपञ्चायत-४ बस्ने रामथेलन पासवानलाई सुनसरीको जमुवास्थित सीमावर्ती क्षेत्रबाट नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी बलले जनाएको छ। त्यसैगरी नवलपरासी पूर्वको बुलिङटार-१ कोलडाँडाबाट भरुवा बन्दुक एकथान प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी बुलिङटारबाट खटिएको प्रहरीले उक्त बन्दुक फेलापारी बरामदगरेको हो। त्यसैगरी प्युठानको सरुमारानी-६ भिगृखोला नजिकबाट भरुवा बन्दुक एकथान प्रहरीले बरामदगरेको छ। प्रहरी चौकी बड्डाँडाबाट खटिएको प्रहरीले उक्त बन्दुक फेलापारी बरामद गरेको बताइन्छ। त्यसैगरी प्युठानकै सरुमारानी-६ बुढिचौर सामुदायिक जंगलबाट भरुवा बन्दुक दुईथान प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी बड्डाँडाबाट खटिएको प्रहरीले उक्त बन्दुक फेलापारी बरामद गरेको बताइएको छ। त्यसैगरी सिरहाको सदरमुकामस्थित कारागारभित्रैबाट एकथान कटुवा पेस्तोल र दुईथान गोली बरामद गरिएको छ। त्यसलगत्तै नाइके इन्द्रजित यादवसहित १३ जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। त्यसैगरी बागलुङको ताराखोला-२ हल्पुखोलास्थित गुफाबाट भरुवा बन्दुक चारथान प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी भातखानेडाँडाबाट खटिएको प्रहरीले उक्त बन्दुक फेलापारी बरामदगरेको हो। त्यसैगरी प्युठानको झिमरुक-४ कौछेस्थित खरबारीबाट भरुवा बन्दुक एकथान र भरुवा बन्दुकमा प्रयोग हुने नाल एकथान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय ओखरकोटबाट खटिएको प्रहरीले उक्त बन्दुक फेलापारी बरामदगरेको हो। त्यसैगरी प्युठानकै सरुमारानी-६ बुढीचौरस्थित पाखाबारीबाट भरुवा बन्दुक १३ थान र भरुवा बन्दुकमा प्रयोग हुने नाल दुईथान प्रहरीले बरामदगरेको छ। प्रहरी चौकी बड्डाँडाबाट खटिएको प्रहरीले उक्त बन्दुक फेलापारी बरामदगरेको हो। त्यसैगरी नवलपरासी पश्चिमको सुस्ता-५ बलिनगरबस्ने श्रीराम कुर्मीको घरबाट प्रहरीले एकनाले भरुवा बन्दुक एकथान, कार्टिज दुईथान र छर्रा बरामदगरेको छ। इलाका प्रहरी कार्यालय बेलाटारी, प्रहरी चौकी रामनगरसमेतबाट खटिएको प्रहरीले कुर्मीको घर तलासीगर्दा उक्त बन्दुक फेलापारी बरामद गरेको हो। त्यसैगरी सल्यानको वनगाड कुपिण्डे नगरपालिका-१२ चौरस्थित लालिगुराँस सामुदायिक वनबाट भरुवा बन्दुक एकथान प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी वनगारबाट खटिएको प्रहरीले उक्त बन्दुक फेलापारी बरामद गरेको हो। त्यसैगरी बैतडीमा ३८७ वट भरुवा बन्दुक जिल्ला प्रशासन कार्यालयलाई बुझाइएको छ। हालसम्म पनि गत भदौ २४ मा बिध्वंश मच्चाउनेहरुले भगाएका १० हजार कैदीबन्दी अझैपनि फरार रहेको र लुटिएका भनिएका करिव एकलाख गोली बरामद हुननसकेकोभन्दै चिन्ता ब्यक्तगर्नेक्रम जारी छ।

# नेपाली कम्युनिष्ट पार्टीभित्र आन्तरिक कलह बढ्दै गएको खुलाशा

काठमाडौं। पुष्पकमल दाहालले नेतृत्व गरेको नेपाली कम्युनिष्ट पार्टीभित्र आन्तरिक कलह बढ्दै गएको खुलाशा भएको छ। संयोजक दाहालले पार्टीको घोषित नीति बिपरित कामगर्ने गरेको अन्य नेताहरुले आरोप लगाउनु भएको छ। सो पार्टीमा उम्मेदवार चयनको विषयमै बिवाद बढ्दैगएको देखिएको छ। तत्कालीन माओवादी केन्द्र र एकीकृत समाजवादीबीच एकता हुँदानै पार्टीको जिम्मेवारी हेरफेर, कार्यविभाजन तथा उम्मेदवारी चयनमा बिवाद उत्पन्न भएको थियो। निर्वाचनको सम्मुखमा नेकपाले एकैपटक सातजना नेताहरुलाई पार्टीबाट निष्कासन गरेपछि बिवाद उत्कर्षमा पुगेको थियो। सिन्धुलीका नेता हरिबोल गजुरेलले पार्टीका संयोजक पुष्पकमल दाहालमाथिनै कारवाही हुनुपर्ने माग गर्नुभएको छ। गजुरेलले पार्टीको विधि, पद्धति र प्रक्रिया मिच्ने मुख्य व्यक्ति संयोजक दाहाल भएको जिकिरगर्दै उहाँमाथि नै कारवाही हुनुपर्ने बताएपछि सो बिवाद अन्य जिल्लामा पनि फैलदै गएको जानकारहरुको भनाई छ। पार्टीको आधिकारिक लाइनविपरीत प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिएको र प्रस्ताव तथा समर्थक बसेकोभन्दै नेकपाले गजुरेलसहित सातजना नेतालाई पार्टीकाट निष्कासनको घोषणा गरेको थियो। सिन्धुली जिल्ला पार्टीको सिफारिस र निर्णयलाई लत्याएर दाहालले मनोमानी, अहंकारवादी र व्यक्तिवादी ढंगले उम्मेदवारको निर्णय गरेको नेताहरुको भनाई छ। नेकपाले हरिबोल गजुरेल (सिन्धुली), महेश्वर दाहाल (सिन्धुली), कुलप्रसाद केसी (दाङ), मेजर राई (उदयपुर), धर्मनाथ साह (सिरहा), राजकुमारी साह (सिरहा) र जिवच्छ साह (सिरहा) लाई अनुशासनको कारवाहीगर्दै पार्टीबाट निकालेको छ। कारवाहीमा परेकामध्ये धर्मनाथ साह एमालेको टिकट लिएर चुनावमा होमिनुभएको छ। महेश्वर दाहाल सिन्धुलीबाट नेकपाकै विद्रोही उम्मेदवार बन्नुभएको छ। लुम्बिनी प्रदेशका पूर्वमूख्यमन्त्रीसमेत रहेका कुलप्रसाद केसीलाई उम्मेदवारी फिर्ता लिन र पार्टीका आधिकारिक उम्मेदवारलाई समर्थनगर्न भनिएकोमा नमानेपछि पार्टीले निष्कासन गरेको थियो। नेकपाका संयोजक दाहाल र सहसंयोजक माधवकुमार नेपालको संयुक्त हस्ताक्षरमा विज्ञप्ति जारीगर्दै नेताहरुलाई निष्कासनगर्न थालिएको छ। बिवादकै कारण निर्वाचनको सम्मुखमा नेकपाका केन्द्रीय सदस्य दीपक जंगम शर्माले पार्टी परित्याग गर्नुभएको छ। पार्टीभित्र गुटबन्दी, अपारदर्शी निर्णय प्रक्रिया र विधिविधानविपरीत गतिविधि बढ्दै गएकोभन्दै उहाँले पार्टीको केन्द्रीय सदस्यमात्र नभएर साधारण सदस्यतासमेत त्याग्नुभएको छ। शर्माले समानुपातिक उम्मेदवार सिफारिस प्रक्रियामा आफूलाई अन्याय गरिएको उल्लेखगर्दै पार्टी त्यागेका हुन्। निर्वाचन आयोगबाट प्रकाशित समानुपातिक उम्मेदवारको सूचीमा आफ्नो नाम समावेश नहुनु पार्टी केन्द्रको गलत निर्णय भएको उहाँको भनाइ छ। सबैतिरबाट संयोजक दाहाललाई पार्टीबाट हटाउन माग हुनथालेको बताइन्छ। जसलेगर्दा सो पार्टी आगामी निर्वाचनलगत्तै फेरी बिभाजन हुने अवस्था सिर्जना भएको जानकारहरुको भनाई छ। भनिन्छ दाहालले जनयुद्ध दिवस मनाएको बिषयमा पनि अन्य पार्टीबाट आएका नेता तथा कार्यकर्ताहरुले बिरोध गरेका छन्।

# अखिल (क्रान्तिकारी) द्वारा संगठन विस्तारमा जोड

काठमाडौं। क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालको बिद्यार्थी संगठन अखिल (क्रान्तिकारी) ले देशब्यापि संगठन विस्तारमा जोड दिएको छ। साथै सो संगठनले गतसाताबाट संगठन बिस्तारको अभियान पनि सञ्चालन गरेको बताइएको छ। प्राप्त समाचारअनुसार सो संगठनका १६ वटै ब्यूरोका बिभिन्न जिल्लाहरुमा धमाधम जिल्ला सम्मेलनहरु भइरहेका छन्। यसैक्रममा ललितपुरको लगनखेलमा हालै सम्पन्न भएको जिल्ला सम्मेलनबाट देवेन्द्र धामीको नेतृत्वमा १५ सदस्यीय जिल्ला समिति निर्वाचित भएको सो संगठनले जनाएको छ। सम्मेलनमा बिभिन्न १४ वटा शैरीसक्षिक संस्थाहरु पाटन संयुक्त क्याम्पस, नमूना मच्छिन्द्र, एम्स एकेडेमी, महालक्ष्मी क्याम्पस, सगरमाथा इन्जिनियरिङ कलेज, यूनिर्भसल, ब्राइट स्टार, एडभान्स, श्रमिक शान्ति, गम्भीर समुद्र मावि, पुलचोक इन्जिनियरिङ, ह्वाइट हाउस, केएमसी कलेज, ब्लूबर्ड लगायतबाट प्रतिनिधि तथा पर्यवेक्षकहरुको सहभागिता रहेको थियो। अखिल (क्रान्तिकारी)का संयोजक महेश श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सम्मेलनको अध्यक्षता देवेन्द्र धामीले गर्नुभएको थियो।

निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं-२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर-१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

## सम्पादकीय

# आगामी फागुन २१ को निर्वाचनका सन्दर्भमा सरकारले चालेका कदमहरु

आगामी फागुन २१ को निर्वाचनका सन्दर्भमा सरकारले चालेको कदमको बिषयलाई लिएर बिभिन्न किसिमका टिकाटिप्पणीहरु भैरहेका छन् । आज फागुन तीनगतेभित्र आगामी निर्वाचनमा भाग लिने सबै पार्टीले आआफ्नो घोषणापत्र सार्बजनिक गरिसक्नु भनिएकोमा हिजो रातिसम्मको स्थितिमा सबैले घोषणापत्र सार्बजनिक गरिसकेका थिएनन् । अब भोली फागुन चारगतेबाट निर्वाचन प्रचारका लागि समय निर्धारण गरिएकाले चुनावी वातावरण थप तात्ने देखिएको छ । यस्तो अवस्थामा सरकारले गत एकगतेबाटै त्रिभुवन बिमानस्थल लगायतका क्षेत्रमा निषेधाज्ञा लगाएर बिभिन्न संकेतहरु गरेको छ । सरकारको उक्त कदमले सरकारी पक्ष आगामी निर्वाचनलाई लिएर तर्सिएको देखिएको छभने अर्कातिर बिभिन्न दलहरुलाई तर्साउने र आक्रोशित बनाउने काम पनि गरेको देखिन्छ । खासमा प्रतिनिधिसभाको निर्वाचनमा सेना परिचालनगर्ने अवस्था आउनु आफैमा गंभिर कुरा हो । नेपालकोजस्तै अप्रत्याशित सरकार परिवर्तन गरेको बंगलादेशले गत बिहीबार आफ्नो देशको निर्वाचन सम्पन्न गराएको छ । जहाँ छिटफुट घटना बाहेक शान्तिपूर्णरुपमा निर्वाचन सम्पन्न हुनसकेको छ । त्यसैले नेपालको सरकार धेरै तर्सिनुपर्ने र बिभिन्न स्थानमा निषेधाज्ञा जारीगरेर वातावरणलाई असहज बनाउनुपर्ने कुनै कारण देखिएको छैन । नेपाल बहुदलीय राजनीतिक ब्यवस्था भएको मुलुक हो । ०४६ सालको राजनीतिक परिवर्तनबाट बहुदलीय संसदीय ब्यवस्था पुनर्स्थापना भएपछि बिभिन्न मितिमा बिभिन्न तहका निर्वाचनहरु भैसकेका छन् । यसअघिका प्रायः निर्वाचनहरु शान्तिपूर्ण रहेको देखिएको छ । बरु निर्वाचन भएर बहुमतको सरकार सञ्चालन भएको अवस्थामा गत भदौ २३ र २४ गतेको जस्तो बिध्वंश भएको छ । राजनीतिमा बिचार पक्ष बलियो मानिन्छ । तर नेपालमा कतिपय समूहहरुले बल प्रयोगलाई प्रमुखता दिने प्रयास गरेका छन् । त्यसैले निर्वाचन गराउनुअघि त्यस्ता पक्षहरुलाई निस्तेज पार्नु जरुरी हुन्छ । तर बर्तमान सरकारले गत भदौ २३ र २४ मा बिध्वंश मच्चाउनेहरुलाई नियन्त्रण गर्न/गराउन खासै प्रयास गरेको देखिएको छैन । जसलेगर्दा सो पक्षले फेरी पनि कुनै अप्रिय घटना घटाउन सक्ने संभावना छ ।

बहुदलीय संसदीय ब्यवस्थाको बिशेषता भनेकै सबै समस्याको समाधान वार्ता र छलफलबाट गर्ने/गराउने भन्ने हो । त्यसैले संसदीय राजनीति मानेर निर्वाचनमा सहभागी हुन तयार भएका बिभिन्न पार्टी र शक्तिहरुसँग कुनैपनि सरकार डराउनुपर्ने अवस्था रहँदैन । गत माघ २१ गतेबाट देशमा सैनिक परिचालन गरिएपछि पहिलो त गत माघ २७ र २८ गते काठमाडौंमा स्वयं प्रधानमन्त्रि सुशीला कार्कीसमेतको उपस्थितिमा नेपाली सेनाको पृतनापतिहरुको सम्मेलन भएको थियो । सम्मेलनमा देशको सुरक्षा अवस्थाकाबारेमा समीक्षासमेत भएको थियो । महाशिवरात्री तथा सेना दिवसको पूर्वसन्ध्यामा भएको सम्मेलनले बिशेष महत्व राखेको छ । उक्त सम्मेलन सकिएलगत्तै कतिपय विदेशी सैनिक अधिकारीहरु नेपालमा आएर यहाँका सुरक्षा अधिकारीहरुसँग अन्तरंग छलफल गरेका समाचारहरु बाहिर आएका छन् । खासमा सरकारले त्यस्ता विदेशी सुरक्षा अधिकारीहरुलाई निर्वाचन सम्पन्न नभएसम्म नेपालमा प्रबेश दिनुहुने थिएन । सोही कारणले भोली कुनै घटना भयोभने त्यसको अपजस बर्तमान सरकारमा रहेकाहरुले लिनुपर्ने हुन्छ । यसअघि पनि सरकारले बिवादास्पद दलाइ लामाका प्रतिनिधिलाई नेपाल प्रबेशदिँदा छिमेकी चीनबाट आलोचना भएको देखिएको थियो । आगामी फागुन २१ गतेको निर्वाचन नेपालमा पछिल्ला दिनमा देखिएको राजनीतिक गतिरोधलाई निकाश दिने एक उपयुक्त माध्यम हो । त्यसैले सो माध्यमलाई स्वतन्त्र र शानितपूर्णरुपमा उपयोग गर्न/गराउनका लागि सरकारलेमात्र नभएर निजी क्षेत्रलेसमेत बिशेष ध्यानदिएको हुनु पर्दछ । निर्वाचन आचारसंहिता भन्ने कुरा सर्बसाधारण र सञ्चार माध्यमलाईमात्र लाग्ने बिषय होइन । त्यसको पालना सरकारका राष्ट्रपति, प्रधानमन्त्रि, मन्त्रि र सुरक्षा निकायकासाथै निर्वाचन आयोगका पदाधिकारीलेसमेत पालना गरेको हुनुपर्छ । त्यसले सरकारले निर्वाचनको वातावरण जटिल बनाउने कार्यलाई बढी प्रोत्साहन दिनु उपयुक्त हुँदैन । सबैलाई स्वतन्त्र, निष्पक्ष र सहज वातावरणमा निर्वाचनमा सहभागी हुने अवस्था सिर्जना गराउनुनै बढी उपयुक्त हुन्छ । यसतर्फ सबै क्षेत्र र पक्षको समयमै ध्यान जानु आवश्यक छ ।

# नेपालमा न रहे माओवादी न प्रयोग भयो माओवाद

## देश/परिवेश

डा. केशव देवकोटा

नेपालमा पछिल्ला बर्षहरुमा माओवादी र माओवाद दुबै संकटमा परेको देखिएको छ । हाल आएर जनयुद्ध शब्दको प्रयोगसमेत अन्य स्वार्थ पूरा गर्न/गराउनका लागि हुनथालेको छ । जस्तो माओवादी केन्द्र पार्टी र माओवादको राजनीति दुबै छाडेका नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले यस पटक रुकुमपूर्वमा ३०औं जनयुद्ध दिवसको नाम लिँदै आफ्ना लागि भोट मागेको देखिएको छ । देशको शासन सत्तामा ०५२ सालमा नेपालमा पहिलो पटक जनयुद्धको उद्घोषगर्ने तत्कालीन नेकपा ( माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराईको नेतृत्वमा पटक, पटक सरकार बने पनि आफ्नै ४० सूत्रीय माग पूरा गर्ने/गराउने प्रयास गरेका थिएनन् । यद्यपि यतिबेला उहाँहरु दुबै सत्ता बाहिर रहेर पानी बिनाको माछा झैं छटपटाइरहेको अवस्था छ । सरकार गठन र सञ्चालनका लागि बनाइएको सत्ता गठबन्धनमा त्यतिबेला सरकार समक्ष ४० सूत्रीय माग पेशगर्ने डा. बाबुराम भट्टराईदेखि सो माग बुझ्ने तत्कालीन सरकारका प्रधानमन्त्रि शेरबहादुर देउवासमेतको उपस्थिति रहँदा पनि मागका बारेमा एक शब्द पनि उच्चारण गरिएन ।

नेकपा (माओवादी) ले ०५२ को माघ २१ गते तत्कालीन सरकार समक्ष आफ्नो सहसंगठन संयुक्त जनमोर्चामार्फत ४० सूत्रीय माग पेशगरेको थियो । जसमा सरकारबाट फागुन १७ गतेसम्म कुनै सकारात्मक संकेत नआएमा बिद्यमान राज्यसत्ता विरुद्ध 'सशस्त्र संर्षको बाटो' अवलम्बनगर्न बाध्य हुने भनिएको थियो । तर तत्कालीन सरकारमा रहेकाहरुले ति मागको अध्ययनगर्न समेत नभ्याउँदै फागुन एक गतेबाटै सशस्त्र जनयुद्धको थालनी गरिएको थियो । जसलेगर्दा माओवादीका उक्त माग जनयुद्धमा जाने केवल बहानामात्र थिएभन्ने त्यतिबेलै स्पष्ट भएको थियो । दाहाल ०७९ पुस १० गते तेश्रो पटक देशको कार्यकारी प्रमुख प्रधानमन्त्रि भएर करिव १५ महिना देशको शासन सत्तामा रहँदा कहिले नेपाली कांग्रेससँग र कहिले एमालेलगायतका अन्य दलहरुसँग मिलेको देखिएको थियो । त्यस अवधीमा उहाँ एमालेको सहयोगमा प्रधानमन्त्रि भएर नेपाली कांग्रेसको सहयोगमा आफ्नो सत्ता टिकाउने सपना देख्न थाल्नुभएको थियो । पछिल्लो समयमा दाहालका लागि कांग्रेस र कम्युनिष्टमा कुनै फरक छैन, केवल सत्ता प्रमुख होभन्ने धारणा बढेर गएको देखिएको थियो । उहाँले तत्कालीन जनयुद्धमा हुँदा 'माओवाद'लाई प्रमुखता दिने बताउनु हुन्थ्योभने ०६३ को राजनीतिक परिवर्तनपछि अवसरवाद'लाई प्रमुखता दिन थाल्नुभएको छ । उहाँले तत्कालीन जनयुद्धका माग पूरा गर्ने/गराउने तिर खासै ध्यान दिनुभएको छैन । बरु पछिल्लो पटक प्रधानमन्त्रि भएपछि फागुन एकगते जनयुद्ध दिवसका अवसरमा सरकारी बिदादिँदै जनयुद्ध र जनआन्दोलनका शहीदहरुलाई राष्ट्रिय शहीद घोषणा गरेर जनयुद्धलाई इतिहासको एउटा कुनामा थन्क्याउने प्रयास गर्नुभएको थियो । उहाँको चाहना आफू निकटका पूर्ब लडाकुरलाई रकम बाँड्ने र थामथुम पार्नेतिर पनि केन्द्रित हुनथालेकोभन्दै अन्य दलहरुले बिरोध गरेपछि सो योजना नै भाँडिन पुगेको थियो । उहाँले जनयुद्धलाई नेपाली कांग्रेसलगायतका पार्टीहरुको साझा सम्पति भएको घोषणा पनि गरिसक्नु भएको थियो । तर बिडम्बना के छभने त्यतिबेला माओवादीले अगाडि सारेका मागहरु उनीहरुलेनै भुलिसकेको देखिएको छ । त्यतिबेला पेश गरिएका अधिकांश मागहरु हालसम्म पूराभएका पनि छैनन् र कोही कसैले पूरागराउने प्रयाससम्म पनि गरेका छैनन् । माओवादीको तत्कालीन नेतृत्व चार पटक सरकारको नेतृत्वमा पुग्दा पनि आफ्नै माग पूरा गर्न/गराउन नसकेको अथवा नचाहेको देखिएको थियो । डा. बाबुराम भट्टराईले त कम्युनिष्ट पार्टी र राजनीति दुबै त्यागेर रास्वपाको संरक्षक भएको पनि धेरै भएको छ । त्यसैले माओवादीका त्यतिबेलाका माग के थिए र हाल उनीहरुले त्यसलाई किन वास्तागर्न छाडे भन्ने कुरा अन्य पक्षका लागि ब्याख्या र बिश्लेषणगर्न लायक रोचक बिषय बनेको छ । नेकपा (माओवादी) ले ०५२ मा जनयुद्ध शुरुगर्दा दलविहीन पञ्चायत व्यवस्थाको अन्त्यभई बहुदलीय संसदीय व्यवस्थाको स्थापना भएको छवर्षमात्र भएको थियो । जतिबेला पार्टी संगठनगर्न पाउने र सक्ने प्रसस्त अवसर थियो । माओवादीले जनयुद्ध शुरुगर्दासम्ममा त्रिपक्षीय अन्तरिम सरकार, नेपाली कांग्रेसको एकदलीय सरकार, एमालेको अल्पमतको एकल सरकारले देशको शासन सत्ता सञ्चालन गरिसकेका थिए । एमालेको नौ महिने सरकारको राप र ताप चर्चामा थियो । सत्तामा रहेकाहरुको इच्छा शक्ति हुने होभने देश जनताका लागि केहीगर्न सकिन्छ भन्ने मान्यता स्थापित भएको थियो । नेपाली कांग्रेस-राप्रपा-सद्भावना गठबन्धनले शासन थालेको अवस्था थियो । माओवादीले त्यतिबेलानै 'बढ्दो वैदेशिक ऋण र व्यापार घाटाका कारण देश दिवालिया हुने संघारमा छ, देशभित्र विदेशी र विशेषगरी भारतीय विस्तारवादीहरुद्वारा आर्थिक र सांस्कृतिक अतिक्रमण दिनप्रतिदिन बढाउँदै लगिएको छ । धनी र गरिब र शहर र गाउँबीचको खाडल फराकिलो हुँदैगइरहेको छ । बिभिन्न माध्यमबाट सरकार बनाएका संसदीय दलहरुले देश र जनताको हितमाभन्दा पनि विदेशी साम्राज्यवादी र विस्तारवादी मालिकको आशिर्वाद लिएर सत्तामा बस्न बढी चासो राखेको अवस्था छ । सबै साम्राज्यवादीहरुको स्वार्थ पूरागर्न उनीहरुले तथाकथित निजीकरण र उदारीकरणलाई अन्धाधुन्ध अवलम्बन गरेको र नेपालको जलश्रोतमाथिको अधिकार भारतीय विस्तारवादीहरुलाई हस्तान्तरण काम भैरहेको छ' भनेको थियो । उक्त ४० सूत्रिय मागपत्रमा सन् १९५० को नेपाल-भारत सन्धिसहित सबै भेदभावपूर्ण सन्धिहरु खारेज गरिनुपर्छ । एकीकृत महाकाली सन्धिलाई तत्काल खारेज गर्नुपर्छ । नेपाल र भारतबीचको खुला सीमानालाई नियमन, नियन्त्रण र व्यवस्थित गरिनुपर्छ । भारतीय लाइसेन्स प्लेट भएका सबै सवारी साधनलाई नेपालबाट निषेध गर्नुपर्छ । गोर्खा भर्ती केन्द्र बन्द गरिनुपर्छ ।

नेपाली नागरिकलाई स्वदेशमै सम्मानजनक रोजगारी दिनुपर्छ । बिभिन्न क्षेत्रमा नेपाली कामदारलाई प्राथमिकता दिनुपर्छ । स्वदेशमा विदेशी कामदार आवश्यक परेमा । वर्क परमिट' प्रणाली कड्याइकासाथ लागू गरिनुपर्छ । नेपाली उद्योग, व्यवसाय र वित्तमा विदेशी पूँजीको आधिपत्य रोक्नुपर्छ । साम्राज्यवादी र औपनिवेशिक संस्कृतिको आक्रमणलाई प्रतिबन्ध लगाउनुपर्छ । अश्लिल हिन्दी चलचित्र, भिडियो र पत्रिकालाई तुरुन्त प्रतिबन्ध लगाउनुपर्छ । गैरसरकारी संस्था र आईएनजीओको नाममा औपनिवेशिक र साम्राज्यवादी तत्वहरुको आक्रमण बन्द गर्नुपर्छ । सुरक्षा ऐनलगायत सबै दमनकारी कार्यहरु खारेज गरिनुपर्छ । गैर न्यायिकरुपमा पक्राउ गरिएका हरुलाई तत्काल रिहा गरिनुपर्छ । सबै झुटा मुद्धाहरु तुरुन्त फिर्ता लिनुपर्छ । राज्य प्रायोजित आतंक तुरुन्त बन्द गर्नुपर्छ । सरकारी सञ्चार माध्यम पूर्ण स्वायत्त हुनुपर्छ । बिचौलिया र दलाल पूँजीपतिहरुको सम्पत्ति जफतगरी राष्ट्रियकरण गर्नुपर्छ । सबैका लागि रोजगारीको ग्यारेन्टी हुनुपर्छ । रोजगारीको व्यवस्था नहुन्जेल बेरोजगार भत्ता दिनुपर्छ । घरबार विहीनहरुको पुनर्स्थापना हुनुपर्छ । गरिब किसानहरुलाई ऋण चुक्ताबाट छुट दिनुपर्छ । साना किसानले कृषि विकास बैंकबाट लिएको ऋण मिनाहा गर्नुपर्छ । साना किसानका लागि ऋण उपलब्ध गराउन उपयुक्त व्यवस्था गरिनुपर्छ । मल र बीउ सजिलै र सस्तो दरमा उपलब्ध हुनुपर्छ । कृषकहरुलाई उनीहरुको उत्पादनको उचित मूल्य र बजार उपलब्ध गराउनु पर्दछ । निःशुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षा सबैका लागि उपलब्ध हुनुपर्छ । शिक्षाको व्यावसायीकरण बन्द गर्नुपर्छ । सबै **बाँकी ७ पेजमा**

# नेपाल-भारत खुल्ला सीमा दुई देशकै लागि समस्या

काठमाडौं । नेपाल र भारतका बीचमा रहेको खुल्ला सीमा दुई देशकै लागि समस्या हुनेगरेको हालै काठमाडौंमा आयोजित एक कार्यक्रममा स्वीकार गरिएको छ । नेपाल र भारतबीच खुला सीमाका कारण बढ्दैगएको लागूऔषध, हातहतियार, नक्कली मुद्रा तस्करी, अवैध व्यापार, सीमापार आतंकवाद र गलत सूचनाजस्ता चुनौतीलाई सम्बोधनगर्न दुई देशबीच सुदृढ सुरक्षा सहकार्य र सूचना आदान-प्रदान आबश्यक रहेको जानकारहरुको भनाई छ । नेपाल इन्स्टिच्युट फर इन्टरनेशनल कोअपरेसन एन्ड इन्गेजमेन्ट (नाइस) ले काठमाडौंमा गतसाता मंगलबार आयोजना गरेको प्रबुद्ध व्यक्तिहरु सम्मिलित नेपाल-भारत सुरक्षा सहकार्य सुदृढीकरण विषयक कार्यक्रममा दुई देशका सुरक्षा विज्ञ, विश्लेषक तथा नीतिगत क्षेत्रका सरोकारवालाले बदलिँदो क्षेत्रीय चुनौती र अवसरबारे छलफलगर्दै यस्तो आबश्यकता औंल्याएको पाइएको छ । सुरक्षा सहकार्यलाई द्विपक्षीय सम्बन्धको मेरुदण्ड मान्दै भारतको आर्थिक वृद्धिबाट नेपालले लाभ लिनुपर्ने, दुवै देशले ऊर्जा व्यापार र पारवहन विस्तारमा जोड दिनुपर्ने तथा राजनीतिक स्थायित्व, संस्थागत सुदृढीकरण र व्यवहारिक संलग्नतामार्फत दुवै देशबीच दिगो एबं परस्पर लाभ हुने विषयमा सहकार्य गरिनुपर्ने उहाँहरुको निष्कर्ष रहेको छ । सो कार्यक्रममा सुरक्षा सहकार्य, सीमापारका जोखिम, कनेक्टिभिटी र नेपाल-भारत सम्बन्धमा आर्थिक सुरक्षामाथि केन्द्रित सत्रमा बोल्दै इन्डिया फाउन्डेसनका कार्यकारी उपाध्यक्ष क्याप्टेन डा आलोक वंशलले सुरक्षा चिन्ता र रक्षा चिन्तालाई फरक,फरक रुपमा बुझ्नुपर्ने बताउनुभएको थियो । उहाँले नेपाल-भारत खुला सीमालाई उल्लेखगर्दै दुवै देशबीच अझ राम्रो समन्वय, सूचना आदान-प्रदान र गुप्तचर साझेदारी आबश्यक रहेकोमा जोड दिनुभएको थियो । खुला सीमाका कारण लागूऔषध र हातहतियार तस्करीजस्ता चुनौती बढेको उल्लेखगर्दै वंशलले विगतमा नेपाली भूमिबाट भारतीय




नक्कली नोट र भारतबाट नेपाली नोट तस्करी भएका घटना स्मरण गराउनुभयो । डा वंशलले भारत विश्वकै तीव्र गतिमा बढ्दो अर्थतन्त्र भएको उल्लेखगर्दै नेपालले यसबाट फाइदा लिनुपर्नेसमेत बताउनुभएको थियो । राजनीतिक तथा सुरक्षा विश्लेषक मेजर जनरल (अवकाश) विनोज बस्न्यातले नेपालमा राजनीतिक स्थायित्वबारे प्रश्न उठाउँदै निर्वाचनले मात्र स्थायित्व दिनसक्छ कि सक्दैन भन्ने विषयमा चिन्ता व्यक्त गर्नुभएको थियो । उहाँले अहिले नेपालमा राष्ट्रवाद, सुधारवादी एजेन्डा, युवाको भूमिका र राजसंस्था पुनःस्थापनाबारे भइरहेका बहस उल्लेखगर्दै स्थापित राजनीतिक दल र उदाउँदा दलहरुले मिलेर राजनीतिक निकास दिनुपर्नेमा जोड दिनुभएको थियो । बस्न्यातले नेपाल-भारत सम्बन्धका लागि दुवै देशमा स्थायित्व, प्रतिकात्मक सन्तुलनभन्दा पनि व्यवहारिक अभ्यास र संस्थागत सहकार्यका लागि संरचना निर्माण लगायतका विषय महत्वपूर्ण हुने बताउनुभएको थियो । उहाँले सुरक्षा सहकार्यलाई द्विपक्षीय सम्बन्धको मेरुदण्डकारुपमा विकास गर्नुपर्नेर नेपालमा समृद्धि राम्रो छिमेकीसम्बन्धबाटै आउनेसमेत बताउनुभयो । काउन्सिल फर स्ट्राटेजिक एन्ड डिफेन्स रिसर्चका सहसंस्थापक डा गौरव सैनीले अवैध व्यापार सबैभन्दा ठूलो समस्या भएको बताउँदै नक्कली मुद्रा तस्करी र सीमापार आतंकवादका जोखिम औंल्याउनुभएको थियो । उहाँले डिजिटल पूर्वाधारको आबश्यकता, जोखिममाथि संयुक्त निगरानी र सीमासुरक्षा बलबीच संयुक्त तालिम आबश्यक रहेको बताउनुभएको थियो । गलत सूचना र दुष्प्रचार पनि अहिलेको मुख्य चुनौती रहेको उहाँको भनाइ थियो । दुवै देशमा भइरहेको जनसांख्यिकीय परिवर्तनबारे उल्लेखगर्दै उहाँले विगतदेखि दुई देशबीच चलिआएको रोटी-बेटीसम्बन्ध आगामी पुस्ताले कसरी दीगो बनाउन सक्छ, भनेर सोच्नुपर्ने बताउनुभएको थियो । त्यसैगरी सो कार्यक्रममा पोलिसी इन्टरप्रेन्योर्स इन्कका निर्देशक अनुराग आचार्यले भौतिक कनेक्टिभिटी र आर्थिक निर्भरतामा जोड दिनुभएको थियो । भारतसँग जोड्ने बिभिन्न रेलमार्ग परियोजना **बाँकी ७ पेजमा**

# माओवादी आन्दोलन क्षतविक्षत हुनुका मुख्य कारणहरु

**यो साताको बिशेष**



**नारायण शर्मा**

कुनै पनि वस्तु, व्यक्ति, विचार वा घटनाको जन्म, विकास र मरण वा विनास तीभित्र अन्तर्निहित जीवनशील र मरणशील, सकारात्मक र नकारात्मक, अग्रगामी र पश्चगामी जस्ता विभिन्न दुई विपरीत पक्ष/तत्वहरुबीच चल्ने अन्तरसंघर्ष वा द्वन्दमा भरपर्दछ। यही नियम वामपन्थी क्रान्तिकारी र माओवादी क्रान्तिकारी कम्युनिष्ट पार्टीहरुका सन्दर्भमा पनि सत्य हो। कुनै कम्युनिष्ट पार्टी भित्र मूलतः दुईथरी शक्ति, प्रवृत्ति, पक्ष वा तत्व रहेका हुन्छन्। ती हुन् क्रान्तिकारी र अवसरवादी, वामपन्थी र दक्षिणपन्थी वा सच्चा मार्क्सवादी र नक्कली/संशोधनवादी/सुधारवादीजस्ता गैरमार्क्सवादी आदि। यस्ता दुई विपरीत व्यक्ति, शक्ति र प्रवृत्ति, पक्ष वा तत्वहरुबीच चल्ने स्वस्थ वा अस्वस्थ, रचनात्मक वा विध्वंसात्मक र मैत्रीपूर्ण वा दुश्मनीपूर्ण अर्थात् सही वा गलत अन्तर्संघर्ष वा द्वन्दलेगर्दा नै पार्टीको विकास वा विनास, प्रगति वा दुर्गति सबल वा दुर्बल हुने हुन्छ। त्यो अन्तरसंघर्षमा आन्तरिक र बाह्य दुई प्रकारका कारणले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन्। ती दुइथरी कारणमध्ये पनि मुख्य भूमिका आन्तरिक कारणको नै हुन्छभने बाह्य कारणको भूमिका महत्वपूर्ण त हुनसक्छ तर त्यसको भूमिका सहायक नै हुन्छ, मुख्य र निर्णायक हुनसक्तैन र हुँदैन पनि। यो मार्क्सवाद-लेनिनवाद-माओवाद वा विचारधारा मान्ने कम्युनिष्ट क्रान्तिकारीहरुको द्वन्दात्मक भौतिकवादी दार्शनिक मान्यता नै हो। कुनै क्रान्तिकारी पार्टीभित्र स्वाभाविक रुपले क्रान्तिकारीहरु बहुसंख्यक, सुदृढ र निर्णायक अवस्था र शक्तिमा भए पनि त्यहाँ सानो, कमजोर र अदृश्य शक्तिको रुपमा गैरक्रान्तिकारीहरु रहेकै हुन्छन् वा भनौं क्रान्तिकारीहरुभित्रै पनि व्यक्ताव्यक्त, दृश्यादृश्य र जानअन्जान रुपमा उग्रवामपन्थी, मध्यपन्थी वा दक्षिणपन्थीजस्ता गैरक्रान्तिकारी प्रवृत्ति विद्यमान हुन्छन्। यी क्रान्तिकारी र गैरक्रान्तिकारी शक्ति र प्रवृत्तिहरुबिच निरन्तर संघर्ष चल्दछ।


यो संघर्ष विचार-राजनीती केन्द्रित, देश र जनताको मुक्ती-स्वतन्त्रता लक्षित, रचनात्मक, सत्यान्वेषी, तथ्यसंगत र इमान्दारीपूर्ण भयोभने त्यस्तो संघर्ष/अन्तसंघर्षले पार्टीलाई गतिशील, विकसित, सुदृढ, सबल र सक्षम बनाउँछ। त्यसैले त अन्तसंघर्ष वा पार्टीभित्र चल्ने दुई लाइनसंघर्षलाई चालक शक्ति, जीवनशक्ती वा प्राणशक्ति भनी मानिएको हो। यो संघर्षमा क्रान्तिकारी पक्षका तर्फबाट हुने सबल वा दुर्बल, सही वा गलत, क्रान्तिकारी वा गैरक्रान्तिकारी, वस्तुवादी वा अवस्तुवादी, उदार वा अनुदार विचार र व्यवहार नै पार्टीलाई सफल वा असफल, सबल वा दुर्बल, विजयी वा पराजयी र क्रान्तिकारी वा प्रतिक्रान्तिकारी बनाउनमा निर्णायक भूमिका खेल्दछन्। यसरी स्पष्ट छ कि नेपालका क्रान्तिकारी भनिएका जनयुद्धकारी माओवादी लगायतका सबै कम्युनिष्ट पार्टी र आन्दोलनको उत्थान र पतन, सफलता र असफलता, विकास र विनास अर्थात् क्रान्ति र प्रतिक्रान्तिका मुख्य कारक पनि पार्टी भित्रका क्रान्तिकारीपक्ष र तीभित्र अन्तर्निहित वैचारिक, राजनीतिक, सांगठनिक, आर्थिक, सामाजिक, साँस्कृतिक र व्यावहरिक संस्थागत वा व्यक्तिगत जस्ता कतिपय कमीकमजोरीजन्य कारण नै हुन्छन्। भन्न खोजिएको यो होकि एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीको गठन वा विघटन, गतिशीलता वा गतिहीनता, विस्तार वा संकुचन अथवा विजय वा पराजय हुनुमा मुख्य जिम्मेवार पार्टीभित्रका क्रान्तिकारी पक्ष नै हुन्छन्भने अवसरवादी त तुलनात्मक रुपले सहायक हुन्छन् वा कम जिम्मेवार मानिन्छन्। यसरी नै पार्टीबाहिरका देशी-विदेशी संसदवादी वा प्रतिक्रियावादीहरु आदि कुनै पनि शक्ति, व्यक्ती वा प्रवृत्ति र तिनका आक्रामक कामकार्वाही र भूमिकाहरु एउटा कम्युनिष्ट क्रान्तिकारी पार्टीलाई बिगार्नमा निर्णायक कारण हुन सक्तैनन्, यद्यपि तिनको भूमिका महत्वपूर्ण हुनसक्छ तर प्रधान र निर्णायक हुन सक्तैन। कुनै कम्युनिष्ट क्रान्तिकारी पार्टीभित्र दुई पक्ष हुन्छन्। सही पक्ष र गलत पक्ष वा क्रान्तिकारी पक्ष र अवसरवादी पक्ष। यो हुनु भनेको एक दुईमा विभाजन हुन्छ भन्ने दृष्टिकोण हो अर्थात् क्रान्तिकारीका वा जो कसैका पनि सकारात्मक र नकारात्मक अर्थात् गुण र दोष हुन्छन् भनी मान्ने द्वन्दवादी दृष्टिकोण हो। एउटा कम्युनिष्ट क्रान्तिकारी पार्टीभित्र मुख्यतः दुई धार वा प्रवृत्ति हुन्छन्। हुन त बीचमा अर्को मध्यपन्थी धार वा प्रवृत्ति पनि हुन्छ तर क्रान्तिकारी र अवसरवादी धार, शक्ति, व्यक्ती वा प्रवृत्तिको बिचको लडाइमा त्यो मध्यपन्थी धार, शक्ति, व्यक्ति वा प्रवृत्ति शुरुमा ढुलमुल गर्छ तर निर्णायक लडाइको बेलामा त्यो मध्यपन्थी प्रवृत्तिको मूल नेतृत्व र शक्ति अन्ततः दक्षिणपन्थी/ अवसरवादी/ सुधारवादी/संशोधनवादी/प्रतिक्रान्तिकारी धारलाई नै सघाउन पुग्छ। त्यसैले त्यसको त्यति गणना वा मान्यता हुन्न। यसरी नै पार्टीभित्र अन्य कतिपय चिन्तन-प्रवृत्तिहरु देखिइए पनि सारमा ती सबै यिनै क्रान्तिकारी र गैरक्रान्तिकारी दुई लाइनअन्तर्गत नै पर्दछन्। त्यसैले त कम्युनिष्ट क्रान्तिकारी भनिएका पार्टीहरुभित्रको संघर्षलाई गणना गर्दा मध्यमार्गी धारालाई आधा मात्र मानेर कतिपय मार्क्सवादी द्वन्दवादीहरुले दुई लाइनको संघर्षलाई अढाइ लाइनको संघर्ष पनि बताउने गरेको पाइन्छ।

जे होस्, क्रान्तिकारी कम्युनिष्ट पार्टी र आन्दोलनको प्रगति वा दुर्गती, विजय वा पराजय अथवा क्रान्ति वा प्रतिक्रान्ति हुनुमा मुख्यतः क्रान्तिकारी पार्टी भित्रका पनि दुई पक्ष क्रान्तिकारी र अवसरवादीमध्ये क्रान्तिकारीहरुकै आन्तरिक विचार, राजनीति, सोंच, संगठन, संघर्ष, शैली, संस्कृति र काम-व्यवहार नै क्रान्ति वा प्रतिक्रान्तिका लागि निर्णायक कारण हुन्छन्। पार्टीभित्रका पनि अवसरवादी र क्रान्तिकारीमध्ये क्रान्तिकारीकै र बाह्य र आन्तरिक कारणहरुमध्ये आन्तरिक कारणकै प्रमुख भूमिका हुन्छ भने अन्य अवसरवादीहरु वा बाह्य पक्षको भूमिका त गौण नै हुन्छन्, यद्यपि ती कारणहरु महत्वपूर्ण हुन् तापनि ती सहायक नै हुन्छन्। यो कुरा विभिन्न कम्युनिष्ट पार्टी र आन्दोलनहरुमा बारम्बार प्रमाणित भएको सत्य हो। क्रान्तिकारीपक्ष र अझ त्यसमा पनि त्यसको मूल नेतृत्व सिद्धान्तनिष्ठ, व्यवहारकौशल, एकताप्रेमी, सबल र सक्षम हुने अनि देश, जनता र क्रान्तिप्रति साँच्चिकै इमानदार, जिम्मेवार, गम्भीर, सकृय र साहसी हुने होभने क्रान्तिकारी आन्दोलन सफलता र विजयमा पुग्न सक्छ। त्यसरी नै नेतृत्व आग्रही, पूर्वाग्रही नहुने हो भने; निहित व्यक्तिगत, पारिवारिक, गुटगत, जातिगत, क्षेत्रगत वा लिङ्गगत आदिजस्ता गैरसर्वहारा चिन्तन, प्रवृत्ति र स्वार्थमा नलाग्ने हो भने; आफैमा सिमित, संकुचित वा यान्तृक अथवा उदार, अराजक वा निरंकुश नहुने हो भने तमाम जटिलता र चुनौतीहरुलाई सामना गरेर क्रान्तिकारी पार्टी र आन्दोलन अघि बढ्नसक्छ तर त्यसो गर्न नसकेमा किमार्थ अघि बढ्न सक्तैन र मूलतः यथास्थितिमै रहिरहन्छ वा क्रमशः मतभेद र अन्तरद्वन्द हुने मात्र होइन गुट निर्माण र टुटफुट हुँदै विघटन र विसर्जनको दिशामा गएर पतन पनि हुन जान्छ। माओवादी पार्टी, क्रान्तिकारीपक्षको नेतृत्व र समग्र पार्टी र आन्दोलनको समीक्षा पनि उपरोक्त द्वन्दात्मक भौतिकवादी दृष्टिकोणका कसीमा घोटेरगर्नु नै वस्तुवादी र बैज्ञानिक हुन्छ। यस्तो जानकारी हुँदाहुँदै पनि जुन नेताको नेतृत्वमा क्रान्तिको लागि भीषण जनयुद्धको थालनीगर्ने साहसिक निर्णयगर्दै जनयुद्धको शुरुवात, विस्तार र विकास हुन्छ, उही नेताकै नेतृत्वमा प्रतिक्रान्तिको बीजारोपण, संरक्षण र सम्बर्द्धनभई सम्पूर्णरुपले संसदवादमा पतन हुन्छभन्ने सोंच्न सकिएन। यस्तो होलाकि भनी अनुमान र आशंका नगर्नु अनि सावधानी र सचेतता पनि अवलम्बन नगरिनु अथवा त्यसका विरुद्ध गरिएको संघर्ष कमजोर र प्रभावहीन हुनुसमेत क्रान्तिकारीकै कमजोरी हो। नेपालमा माओवादी पार्टी, जनयुद्ध र आन्दोलनका सन्दर्भमा पनि यही दुखद विडम्बना भएको छ। यसलाई गहिरोसँग, गंभीरता र निर्ममतापूर्वक आत्मबोध र आत्मसमीक्षा नगरी क्रान्तिकारी रुपान्तरण हुन सक्तैन र यस्तो रुपान्तरण अर्थात् पूर्णरुपले शुद्धीकरण, सर्वहाराकरण र क्रान्तिकारीकरण नगरी नेपालमा माओवादी आन्दोलन पुनर्जागृत भै उठ्न सक्तैन। यति मात्र होइन, यसको मर्म र महत्व बोध नगरी नेपालमा कुनै पनि कम्युनिष्ट आन्दोलनलाई क्रान्तिकारी दिशामा अघि बढ्न-बढाउन समेत असम्भवप्रायः छ। दुःखद् विडम्बना त अझ के भयो भने जनयुद्धद्वारा क्रान्तिकारी आन्दोलनलाई अघि बढाउने निर्णय, पहल र साहस गरेको नेतृत्वले त्यसलाई विचलन, विघटन र विसर्जनमा पुराउँने लक्षण र संकेत बुझ्न नसक्ने र जो बुझेको पनि त्यस्तो नेतृत्वको यथोचित र प्रभावकारी विरोध गर्नुको साटो उल्टै उस्लाई पूर्ण विश्वासका साथ अन्धसमर्थन र सहयोग गर्नमा कहिले दक्षिणपन्थी अवसरवादीहरुसँग प्रतिश्पर्धागर्ने त कहिले तिनै दक्षिणीपन्थी अवसरवादीहरुसँग साँठगाँठ गरेर प्रतिशोध साँध्नेगरी अन्धविरोध र अन्धअसहयोग गर्नुजस्ता कमजोरीसमेत भए। स्मरणीय छ, पूर्ण समर्थनका नाममा अन्धसमर्थन गर्ने दौरानमा नेतृत्वको पक्षपोषण र केन्द्रीकरणमा प्रतिश्पर्धा नै गरी प्राधिकार बनाउन र देवत्वकरण गर्नसमेत क्रान्तिकारी पक्षको नेतृत्वबाटै अहं भूमिका निभाउनु त झन् क्रान्तिकारीहरुको तर्फबाट ब्लन्डर नै भएको हो ! कसैले यहाँनेर यो कमजोरी भयो भनेर तर्क र तथ्य पेस गरेमा त्यसलाई विभिन्न तर्कवितर्क र कुतर्क गरेर क्रान्तिकारी पक्षकै नेतृत्वबाट त्यस्ता गल्ती-कमजोरी ढाकछोप गर्ने प्रयास समेत हुनु झन् दुखद हो। यस्तो प्रवृत्ति नेपाली जनयुद्धकालीन माओवादी कम्युनिष्ट क्रान्तिकारी पार्टी र आन्दोलनमामात्र होइन अन्य नेपाली कम्युनिष्ट क्रान्तिकारी भनिने पार्टी र आन्दोलनमा पनि प्रसस्तै हुनेगरेको छ। जे होस्, क्रान्तिकारी पार्टी र नेतृत्वका नीति, विधि र प्रवृत्तिमा भैरहेका यसप्रकारका गलत कामकार्वाहीहरुका प्रकृयामा जब विचारगत र आचारगत, राजनीतिक र सांस्कृतिक, संगठनात्मक र कार्यक्रमिक आदि विविध पक्षहरुमा चौतर्फी विचलन, विघटन र विसर्जनका संकेतहरु बारम्बार देखिन थाले तब ती विषयमा सूचना र सन्देशका अतिरिक्त सुझाव र दवावस्वरुप आन्तरिक र बाह्य रुपमा अनि गुप्त र खुलारुपमा समेत चेतावनी र चुनौती दिइएपनि तिनको अर्थ र औचित्य हुने स्तरमा दिन नसकिएकैले त्यसप्रकारका क्रान्तिविरोधी चिन्तन-प्रवृत्तिहरु नेतृत्वपंक्तिदेखि क्रमशः तलतिर देखिँदै, दोहोरिँदै र बढ्दै,बढ्दै जान थाले। अन्ततः चौतर्फीरुपमा विचलित बन्दैगएको मुख्य नेतृत्वमाथि निर्णायक दवाव र प्रभाव पर्ने/पार्ने हदसम्म क्रान्तिकारी भनिने पक्षबाट हस्तक्षेप र विजय प्राप्त गर्न नसक्नु पनि क्रान्तिकारी पक्ष र प्रवृत्तिकै कमजोरी भयो। यो कमजोरी सामान्यतया सबजसो क्रान्तिकारी पार्टी, धार र प्रवृत्तिमा पनि हुँदै आएको छ। जनयुद्धजस्तो भीषण र भयावह उथलपुथल कारी माओवादी पार्टी र आन्दोलनका क्रममा समेत झन् गम्भीर र विशेष रुपले हुनाले नै अहिले क्रान्तिकारी भनिएका माओवादी लगायतका सबैजसो कम्युनिष्ट पार्टीहरु विघटन र विसर्जन उन्मुख छन् ! कहाँसम्म विडम्बना भयोभने जनयुद्धका सुपृमोसमेतका मुख्य नेतृत्वका वरिपरिदेखि क्रमशः तलसम्मबाट समेत त्यसप्रकारका नीतिगत र कृतिगत कमजोरीहरुको पनि अधिमूल्यन र आदर्शीकरण गर्दै अवलम्बन र कार्यान्वयनगर्न थालियो। नेतृत्वका देश, जनता र क्रान्तिविरोधी हर्कतहरुको संसदवादी जोडकोणबाट विभिन्न तर्क, वितर्क र कुतर्कहरुद्वारा पूर्णरुपले पक्षपोषण र महिमामण्डन गरेर तिनै गलत, विकृत र विसंगत विचार-व्यवहार, सोंच-शैली र संस्कार-संस्कृतिको उदात्तीकरणसहित व्यापक विस्तारगरी कार्यान्वयन नै गर्न-गराउन अभिप्रेरित गरियो ! जनयुद्धमा ज्यानको बाजि लगाएर त्याग, तपस्या र बलिदानको कीर्तिमान कायम गरी आएको माओवादी पार्टी र आन्दोलनमा यस्तो अतिहुँदै गएपछि मात्र क्रान्तिकारी पंक्तिद्वारा सामूहिक र संगठित विरोध गर्न त थालियो तर नेतृत्वलाई सुनाउने र मनाउने हदसम्म त्यो संघर्ष चर्काउन पनि नसकिएकै सत्य हो।

यसोगर्न नसक्नुमा पनि एकातिर क्रान्तिकारी पक्षका नेतृत्वदायी पंक्तिका कतिपय नेताहरुका महत्वाक्यांक्षा, अभिमान, यान्त्रिकता, संकीर्णता, आग्रह, पूर्वाग्रह र प्रतिशोधपूर्ण चिन्तन र चरित्रजन्य गल्तीकमजोरीहरुले काम गरेका थिए। उल्लेख्य छकि कदाचित विचलित नेतृत्वले क्रान्तिकारीहरुका केही सुझाव-दवाव र असहमती-विरोधहरुलाई सुन्न, मान्न र संबोधन गर्न तयार भएको भएपनि त्यो लागूहुन गाह्रो हुने अवस्था नै विकसित भैसकेको थियो किनकी माथिदेखी तलसम्म राज्यसत्ता र पार्टीशक्तिमा रहेको एउटा ठूलो पंक्तिमा संसदवाद अर्थात् सुखसुविधा, मोजमजा र भोगविलासमा रम्ने चरम उपभोक्तावादी विकृत संस्कृति हावी भैसकेको थियो। त्यो संसदवादी भास र दलाल व्यवस्थाको आसरुपी दलदलबाट उम्कन निकैनै गाह्रो पर्दथ्यो। वास्तवमा माओवादीको क्रान्तिकारी पक्षले अन्तरसंघर्षको यो प्रकृयाको टुङ्गो लगाउने उपयुक्त समय सेनासमायोजन गर्नुभन्दा अघिसम्मको समय थियो तर त्यो समय घर्काइयो। यसरी सेनासमायोजन गर्नुअघिसम्म पनि निर्णायकरुपले जान नसक्नाले क्रान्तिको ठूलो उपलब्धिको रुपमा रहेको जनमुक्ती सेना नै नलिएर विद्रोह गरिंदा त्यो क्रान्तिकारी विद्रोह बन्न सक्तैनथ्यो र सकेन पनि। किनकि अन्तर्संघर्षको यो लामो प्रकृया चलिरहँदा यस अवधीमा पार्टीको माथिदेखि तलसम्म र यहाँसम्म कि समर्थक-शुभचिन्तकहरुसम्म पनि त्यो प्रतिक्रान्तिकारी चिन्तन-प्रवृत्ति र संस्कार-संस्कृतिले गहिरोगरी जरा गाडिसकेको थियो ! यस्तो हुँदासम्म पनि क्रान्तिकारी नेतृत्वपंक्तिका तर्फबाट त्यसका विरुद्ध प्रभावकारी कदम र कार्यक्रम अवलम्बन र कार्यान्वयन गर्न-गराउन नसक्नु पनि अर्को गम्भीर कमजोरी भयो। फलतः दस बर्षसम्म भीषण जनयुद्ध संचालन गरेको शक्तीको क्रान्तिकारी पक्ष फौजीरुपले निसश्त्र राजनीतीगर्ने र सांस्कृतिक रुपले कमाओवाद हावी भएको भ्रष्ट संस्कृति अवलम्बन गर्ने बाध्यतालाई विरासतका रुपमा बोकेर विद्रोह बोल्न पुग्यो। यसबारे समयमै सचेत नहुनु र आफूलाई समर्थन गर्नेले जेजस्तो आचरण गरेपनी संरक्षण र सम्बर्द्धन गर्ने तर आफ्नो रचनात्मक आलोचनागर्ने सहयात्री र कार्यकर्तालाई बक्रदृष्टिले हेर्ने काम नेतृत्वबाटै अनपेक्षित र अस्वाभाविक रुपमा भयो। यस्तो हुने गर्नाले विद्रोही पक्षले पार्टीलाई ससश्त्रीकरण, क्रान्तिकारीकरण, सर्वहाराकरण र साँस्कृतिक रुपले उन्नत बनाउन सकेन। यसको स्वाभाविक परिणतीस्वरुप आज माओवादी आन्दोलनको यो क्षतविक्षत अवस्था आइपुगेको हो। यो अवस्था आउनुमा क्रान्तिकारीपक्षको भूमिका कमजोर हुनु नै मुख्य कारण देखिन्छ। किनकी विजातीय (बाह्य य शक्ति वा आफ्नै मूल पार्टीको संस्थापन पक्षले क्रान्तिकारीमाथी कुनै अस्वाभाविक र अपृय कार्वाही गरेको अवस्था थिएन। यो अवस्थामा विद्रोहगर्दा पनि क्रान्तिकारी विद्रोहीपक्षलाई अधिक संख्याका सिनियर-जुनियर नेता-कार्यकर्ता र समर्थक-शुभचिन्तक जनसमुदायको साथ, सहयोग र समर्थन थियो। यस्तो अनुकूल बेला पनि त्यसलाई समेटेर समयमै निर्णायक रुपले अघि बढ्न नेतृत्वले साहस नगर्नु क्रान्तिकारीपक्षकै कमजोरी मुख्य भूमिकाको रुपमा थियो भन्ने निष्कर्ष निकाल्नु नै सैद्धान्तिक र व्यावहारिक रुपले स्वाभाविक र सही हो। यो कुरा भन्न एउटा मार्क्सवादी सिद्धान्त र द्वन्दवादी दृष्टिकोण राख्ने जो कोही पनि हिचकिचाउनु पर्दैन। नेपाली क्रान्तिकारी कम्युनिष्ट आन्दोलनको मुख्य धारा, शक्ति र प्रवृत्तिको रुपमा स्थापित जनयुद्धकारी माओवादी पार्टी र आन्दोलनमा माथि संकेत गरिएको मात्र होइन, त्यसमाथी पनि कहाँसम्मको कमजोरी भयो भन्ने यो एउटा कुरा चाहिँ अलि स्पष्ट हुनेगरी नै भन्नू आवश्यक छ किनकी यो खुला र सार्वजनिक रुपमै भए-गरिएकै कुरा हो। त्यो हो कुख्यात धोवीघाट भेला र गठबन्धन। अन्तर्संघर्षका दौरानमा माओवादी क्रान्तिकारी भनिने पंक्तिभित्र आवेग र प्रतिशोधको मात्रा र प्रकृया यति बढ्यो कि जिन्दगीभरीजस्तो दुई विपरीत धाराका अर्थात् क्रान्तिकारी र अवसरवादी वा भनौं स्वाभिमानी र दलाल प्रवृत्ति र धाराका बिचमा संघर्षरत दुईथरी नेतृत्वका रुपमा परिचित र स्थापित नेताहरुबीचमै सहमति गरिएर कुख्यात धोवीघाट भेला भएर पार्टीभित्र नितान्त अपवित्र, अनैतिक, अवान्छित, अस्वाभाविक र असैद्धान्तिक (५ अ) जन्य कमजोरीगर्दै गठबन्धन समेत भयो। स्पष्टरुपमा भन्नुपर्दा किरण, गौरव, वादल, विप्लव र देव गुरुङहरुको क्रान्तिकारी भनिएको पक्षले बाबुराम, नारायणकाजीजस्ता आफैले दक्षिणपन्थी र अवसरवादीको बिल्ला भिराएकाहरुसँग सहमति गरेर मूल क्रान्तिकारी नेतृत्व प्रचण्डका विरुद्ध बहुमत बनाई बाबुरामलाई प्रधानमन्त्री बनाउन खुलेर चुनौती दियो। स्वेच्छाचारी संस्थापनपक्ष प्रचण्डहरु माथि यसरी हमला गर्ने निर्णय र कार्य एकातिर आवेग र प्रतिशोधमा आधारित थियोभने अर्कातिर विपरीत शक्ति, व्यक्ति र प्रवृत्तिहरुबीच माथि भनिएझैं (५ अ जन्य) अपवित्र गठबन्धन भएकाले दुईदिन पनि टिकेन। फलतः त्यो गठबन्धन क्रान्तिकारी भनिएकाहरुको लागि एकछिनको लागि प्रचण्डलाई ठीक गरियो भन्नेसम्मको आत्मरतीको माध्यम त भयो तर दीर्घकालीन परिणामका दृष्टिबाट हेर्दा त्यहींबाट नै पार्टी फुटको श्रृंखला शुरु भयो र त्यो अन्ततः विखन्डन, विघटन र विसर्जनको सन्निकट पुगेर प्रत्युत्पादक र आत्मघाती नै बन्न पुग्यो। यस्तो दुखद अवस्था हुनुमा पनि स्पष्ट छ कि मूल कारण त क्रान्तिकारी पक्षकै थियो, यद्यपि जाल-झेल, झुठ-फरेब, छल-प्रपन्च र षड्यन्त्रगर्न **बाँकी ५ पेजमा**

# जेनी मार्क्सको मार्मिक र साहसिक जीवन यात्रा

लोकनारायण सुवेदी



बिश्व प्रसिद्ध आमूल परिबर्तनकामी दार्शनिक, बिचारक, बिश्वका श्रमजीवी जनता र मानबताकै मुक्ति र प्रगति तथा सुन्दर र सुनिश्चित भबिष्यका लागिं बैज्ञानिक समाजबादी चिन्तक तथा आजीवन संघर्षशील बिश्व ब्यक्तित्व कार्ल मार्क्सकी सह-धर्मिणी जेनी मार्क्सको २११ औं जन्म जयन्तिको दिन हो फेब्रुअरी १२ को दिन। यस दिन जेनीलाई सम्झदा बिश्वका त्यस्ता महान ब्यक्तित्वसँग उनको सह-जीवन यात्रा र कर्मलाई सम्झनु पर्ने हुन्छ। अनि यस सम्वन्धमा उनले कार्ल मार्क्ससँगै भोगेका साझा कठीनाईहरु र तिनको सामनागर्न दुबैले मिलेर गरेको कठीन संघर्षहरुका बारेमा सहयात्री एंगेल्सले गरेको उच्च मूल्यांकनलाई सम्झनु पर्ने हुन्छ। कार्ल मार्क्सकी पत्नी जेनी मार्क्सको देहावसानपछि फ्रेडरिक एंगेल्सले उनलाई कस्तो मूल्यांकन गरेका थिएभन्ने कुरा कार्ल मार्क्स र एंगेल्स बिचको अत्यन्तै घनिष्ठ र गहिरो सम्बन्ध र मार्क्सवादी विचारधारामा उनीहरुको साझा योगदानको परिप्रेक्ष्यमा बुझ्न आवश्यक छ। जेनी मार्क्सको मृत्युपछि, एंगेल्सले उनलाई एक महत्वपूर्ण व्यक्तिका रुपमा सम्झेका थिए र उनले जेनीको जीवन र समर्पणलाई विशेष सम्मान दिएका थिए। एंगेल्सका विचारमा जेनी मार्क्स केवल कार्ल मार्क्सकी सहधर्मिणीको रुपमा मात्र होइन, उनले मार्क्सको वैचारिक यात्रामा सहकार्यगर्ने एक प्रमुख साझेदारकोरुपमा जुन महत्वपूर्ण र असाधारण भूमिका निभाइन् त्यस आधारमा सम्झनु पर्दछ भनेर उच्च मूल्यांकन गरेका थिए। उनका महत्वपूर्ण योगदानहरुलाई यसरी सम्झन सकिन्छ।

**जेनी मार्क्सको जीवन र समर्पण :** जेनी मार्क्सको जन्म १२ फेब्रुअरी १८१४ मा जर्मनीका सेजवाल्डनमा भएको थियो। उनी जर्मनी समाजको एक उच्च वर्गको परिवारबाट आएकी थिइन् र उनले उच्च शिक्षा प्राप्त गरेकी थिइन्। उनका पिता रिचार्ड वागनेर एक उद्योगपति थिए। जेनी समृद्ध पारिवारिक पृष्ठभूमिमा हुर्किइन्। यद्यपि उनको यो पृष्ठभूमि भए पनि त्यो थुप्रै सम्पत्ति र सुखसुविधाहरुको आदी हुनुको सट्टा जेनी मार्क्सले आफ्नो जीवनलाई कार्ल माकर्क्सँगको साझेदारीमा समर्पित गरिन्। उनले मार्क्सका विचारहरुको अबिचलितरुपमा समर्थन गरिन् र उनलाई विभिन्न व्यक्तिगत र व्यावासिक चुनौतीहरुको सामना गर्न निरन्तर मद्दत पुर्याइन्। जेनी र कार्ल मार्क्सको विवाह १८४३ मा भएको थियो। र यसपछि उनीहरुले एक अर्कालाई सहयोग गर्ने विविध तरिकाहरु अपनाए। जेनीले आफ्ना सासु ससुरा र समाजिक असहमति र संघर्षलाई समेत सामना र स्वीकार गरी सधैं मार्क्सकोसाथमा अबिचलितरुपमा खडा रहिन्। उनका लागि यो कुनै साधारण वैवाहिक सम्बन्ध मात्र थिएन; उनको सम्पूर्ण जीवन र कार्यलाई हेर्दा यसलाई एउटा उच्च ऐतिहासिक जिम्मेवारीको रुपमा व्याख्या गर्न सकिन्छ।

**एंगेल्सको मूल्यांकन :** फ्रेडरिक एंगेल्स, जसले मार्क्सका साथ मिलेर मार्क्सवादको विकास र प्रचारमा महत्वपूर्ण र अद्वितीय भूमिका निभाएका थिए, जेनी मार्क्सको मृत्युपछि, उनले जेनीलाई एक उच्च सम्मान र श्रद्धासाथ सम्झेका थिए। एंगेल्सको लेखनमा जेनी मार्क्सको योगदान प्रकट हुन्छ र उनले भनेका थिए कि जेनीले आफ्नो जीवनमा मार्क्सको लागि केवल एक सक्षम सहधर्मिणीको रुपमा भूमिका निभाएको मात्र होइन, उनलाई अखण्ड माया र कस्तै कठीन घडीमा पनि निरन्तर सहयोगको स्थिर आधार पनि प्रदान गरेकी थिइन्। यस सम्वन्धमा एंगेल्सले भनेका थिए -"जेनी मार्क्स एक असाधारण महिला थिइन् जसले कठीन र असंवेदनशील समयमा पनि मार्क्सलाई समर्थन गरिन्। उनले सधैं आफ्नो पतिको हित र समाजको परिवर्तनका लागि बलिदान गरिन्। उनका लागि, कुनै पनि व्यक्तिगत पीडाहरु वा कठीनाइयाँ महत्वपूर्ण थिएनन्, उनले आजीवनं समाजिक न्याय र समानताको पक्षमा संघर्ष गरिन्।" एंगेल्सका यी शब्दहरुबाट स्पष्ट हुन्छ कि उनले जेनीको त्याग र समर्पणको कति उच्च कदर गरेका थिए। विशेष गरी, जेनीका व्यक्तिगत संघर्ष र भौतिक कठीनाईहरु, जुन मार्क्सको राजनीतिक विचार र अध्ययनका लागि समर्पित हुँदा आएका थिए, त्यो परिप्रेक्षमा एंगेल्सले जेनीको यस्तो सम्मान गरेका थिए।

**जेनीको जीवन यात्राका चुनौतीहरु :** जेनी मार्क्सको जीवन कुनै पनि साधारण महिलाको जीवन जस्तो थिएन। उनका जीवन यात्रामा थुप्रै कठीनाईहरु र आर्थिक समस्याहरु आएका थिए। मार्क्सको विचार र लेखनका लागि आवश्यक पाठ्य सामाग्री पुस्तकहरु किनमेल गर्नका लागि, छोराछोरीको लालन पालन, एक पछि अर्को देश निकाला र निर्वासित जीवन, धरपकड आदिका कारण पटक पटक उत्पन्न आर्थिक कठीनाईहरुबाट जेनी र मार्क्सले धेरै कष्ट सहनु परेको थियो। यसका अतिरिक्त, उनका छोराछोरीहरुका बारेमा पनि धेरै दु:खद घटनाहरु घटेका थिए। जेनीले ती पारिबारिक तथा समाजिक सबै कठीनाइहरुलाई चुपचाप सहिन् र स्वीकार गरिन् र यी तमाम कठीनाईहरुका बीच कर्तव्यहरुलाई उच्च प्राथमिकता दिइन्। यो बलिदान र संघर्ष एंगेल्सका लागि कदरको विषय थियो। उनले जेनीलाई एक निष्ठावान र परिश्रमी महिला र सहधर्मिणीको रुपमा सम्झे। एंगेल्सले भनेका थिए, "जेनी मार्क्सको योगदान केवल वैवाहिक जीवनसम्म मात्र सीमित थिएन, त्योभन्दा धेरै बढी उनले राजनीतिक आन्दोलन र विचारमा सक्रिय सहयोग पुर्याएकी थिइन्।

**व्यक्तिगत समर्पण र समाजिक परिवर्तन :** जेनी मार्क्सको आजीवन संघर्षको अबिचल यात्रालाई सम्झँदै उनको मृत्युलाई हेर्दा, एंगेल्सले उनलाई एउटा महिलाको रुपमा मात्रै होइन, एक सक्रिय समाजिक परिवर्तनका पक्षपक्षधरका रुपमा देखेका थिए। जेनी मार्क्सको सोच र दृष्टिकोण मार्क्सवादको वास्तविक क्रियाकलापको एक अभिन्न अंग बनेर रहेको थियो। उनले व्यक्तिगत जीवनमा चुनौतीहरुको सामना गर्दै, समाजमा समानता र न्यायको पक्षमा थला नपरेसम्म निरन्तर सक्रियतापूर्वक काम गरिन्। जेनीको विचार र मार्क्सका साथको सहकार्यले एंगेल्सलाई प्रेरणा दिएको थियो। उनले समाज र श्रमिक वर्गका लागि संघर्ष गर्ने कार्यलाई महत्व दिइरहेका थिए। एंगेल्सका अनुसार, जेनीले यो पक्का निष्कर्श निकालेको थियो कि कार्ल मार्क्सको विचार र कार्य केवल व्यक्तिगत उत्कर्षको लागि होइन, वरन सम्पूर्ण श्रमिक वर्गको र यथार्थत: सम्पूर्ण मानबताको मुक्तिका लागि थियो।

**जेनी मार्क्स र एंगेल्सको सम्बन्ध :** जेनी मार्क्स र एंगेल्सको सम्बन्ध पनि एक यस्तो असाधारण साझेदारी थियो जसमा दुई व्यक्तिहरुले एकअर्कालाई बौद्धिक र भावनात्मक रुपले समर्थन गर्ने गर्दथे। जबकि एंगेल्स र मार्क्स बीचको साझेदारी बौद्धिक र वैचारिक क्षेत्रमा रह्यो, एंगेल्स र जेनी बीचको सम्बन्ध त्यसलाई ब्यवहारिकरुप दिने सहकार्य र परस्पर सम्मानको रहेको थियो।त्यसैले जेनीको मृत्युपछि, एंगेल्सले जेनीलाई एक उच्च आदर्श अबलम्बन गरेकी बिलक्षण महिलाका रुपमा देखेका थिए जसले आफ्नो पतिको सपनालाई जीवन्त राख्नका लागि जीवनभर संघर्ष गरिन्। उनले जेनीलाई "सार्वभौमिक सहमति र एकता" को प्रतीकको रुपमा हेरेका थिए।

**अन्तिम निष्कर्ष :** जेनी मार्क्सको योगदान र उनकाप्रति एंगेल्सको उच्च सम्मान केवल मार्क्ससँगको एक वैवाहिक साझेदारको रुपमा मात्र नभएर, त्योभन्दा बढी एक सामाजिक परिवर्तनको संघर्षशील अभियन्ताको रुपमा उच्च र उपयुक्त मूल्यांकन थियो। साहित्यिक समालोचनामा बिशेष दख्खल राख्ने जेनीले मार्क्सको 'दास क्यापिटल' अर्थात 'पूँजी' जस्तो मार्क्सको सबैभन्दा महत्वपूर्ण कृति लगायतका रचनाहरुको सम्पादनमा महत्वपूर्ण भूमिका खेलेकी थिइन्। एंगेल्सले जेनीको संघर्ष र योगदानलाई सम्झेर, उनलाई कठीनाईहरुले गलाउन नसकेकी एक आदर्श महिला र समाजवादी आन्दोलनका महान र अथक सहयात्रीको रुपमा उच्च मूल्यांकन गरेका थिए। एंगेल्सका विचारमा, जेनी मार्क्स केवल कार्ल मार्क्सकी सहधर्मिणी मात्र होइनन्, उनी एउटा प्रेरणादायक, बलिदानी, र निष्कलङ्क व्यक्तित्व थिइन् जसले समाज र विचारधारामा ठूलो प्रभाव पार्न मद्दत गरेको छभन्ने उच्च मूल्यांकन थियो। **लेखक : नेकपाका संयोजक हुनुहुन्छ।**

# नेपालको आर्थिक अवस्थाका बिरोधाभाषपूर्ण कुराहरु

काठमाडौं। नेपालको आर्थिक अवस्थाकाबारेमा बिरोधाभाषपूर्ण कुराहरु सार्बजनिक हुनेक्रम जारी छ। झण्डै एकै समयमा नेपालको अर्थ मन्त्रालय र ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले सार्बजनिक गरेका कतिपय तथ्यांक र बिवरणहरुले उपरोक्त कुराको पुष्टि गरेका छन्। अर्थमन्त्रालयले नेपालको आर्थिक वृद्धिदर ३.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ। गतसाता गरिएको चालु आर्थिक बर्षको बजेटको अर्धवार्षिक समीक्षामा यस्तो प्रक्षेपण गरिएको हो।



चालु आबको कूल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर छ प्रतिशत हुने अनुमान गरिएको थियो। तर धानको उत्पादन, क्षेत्रफल र उत्पादकत्वमा आएको कमी, निर्माण क्षेत्रमा देखिएको सुस्तता र घरजग्गा कारोबारमा आएको गिरावटलगायत कारणले आर्थिक वृद्धिदर ३.५ प्रतिशतमा खुम्चिनेगरी अर्धवार्षिक समीक्षामा नयाँ प्रक्षेपण सार्वजनिक गरिएको हो। गत आबमा भने कूल गार्हस्थ्य उत्पादनको वृद्धि दर ४.६ प्रतिशत रहेको अनुमान छ। बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदनअनुसार चालु आबको प्रथम त्रैमासिक अवधिमा कूल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा तीन प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ। गत आबको सोही अवधिमा कूल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा यस्तो वृद्धि २.९ प्रतिशत रहेको संशोधित अनुमान छ। चालु आबको पहिलो त्रैमासमा कृषि क्षेत्रको कूल मूल्य अभिवृद्धि गत आबको सोही अवधिको तुलनामा १.३६ प्रतिशतले विस्तार हुने अनुमान छ। विशेषत: धानको उत्पादन घट्ने र पशुपन्छी, तरकारी बाली तथा फलफूल उत्पादनमा वृद्धि हुने अनुमानको आधारमा कृषि क्षेत्रको कूल मूल्य अभिवृद्धिको वृद्धिदर तुलनात्मकरुपमा न्यून रहने अनुमान गरिएको छ। चालु आबमा मकै, कोदो, फापरलगायत खाद्यान्न बालीको उत्पादनभने बढ्ने अनुमान छ। गत आबमा धान, गहुँ, मकैलगायत खाद्यान्न बालीको उत्पादन २.६७ प्रतिशत र नगदेबालीको उत्पादन २.०१ प्रतिशतले बढेको अनुमान छ। चालु आबको पहिलो त्रैमासमा उद्योग क्षेत्रको कूल मूल्य अभिवृद्धि गत आबको सोही अवधिको तुलनामा ५.४४ प्रतिशतले विस्तार हुने अनुमान छ। चालु आबमा ऊर्जा र निर्माण क्षेत्रका क्रियाकलापमा विस्तार हुँदा सोको सकरात्मक प्रभाव समग्र उद्योग क्षेत्रमा पर्ने अनुमान छ। चालु आबको पहिलो त्रैमासमा उत्पादनमूलक उद्योगको कूल मूल्य अभिवृद्धि १.५२ प्रतिशतले विस्तार हुने अनुमान छ। यही अवधिमा सेवा क्षेत्रको कूल मूल्य अभिवृद्धि गत आबको सोही अवधिको तुलनामा ३.०३ प्रतिशतले विस्तार हुने अनुमान छ। चालु आबमा थोक तथा खुद्रा व्यापार, वित्तीय मध्यस्थता, सामान्य प्रशासन तथा रक्षा, पर्यटकीय गतिविधि र व्यक्तिगत सेवाका क्रियाकलापमा विस्तार हुँदा समग्र सेवा क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अनुमान छ। बजेट मध्यावधि समीक्षा प्रतिवेदनअनुसार चालु आबको प्रथम छ महिनाको औसत मुद्रास्फीति १.७ प्रतिशत छ। अघिल्लो बर्षको सोही अवधिमा **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## उत्तर कोरियामा हुनलागेको प्रमुख राजनीतिक सम्मेलन र त्यसका असरहरु

कर्तव्य

विश्वका महाशक्ति राष्ट्रहरुका लागि चुनौती बनेको उत्तर कोरियाको सत्तारुढ वर्कर्स पार्टीले यही फेब्रुअरीको अन्त्यतिर प्रमुख राजनीतिक सम्मेलन आयोजनागर्ने भएको छ। जसले त्यहाँको भाबि नेतृत्व र नीति तयगर्ने अपेक्षा गरिएको छ। त्यहाँको राज्य मिडियाले जनाएअनुसार उक्त सम्मेलनमा नेता किम जोङ उनले आगामी पाँच बर्षका लागि आन्तरिक तथा विदेश नीतिका प्रमुख लक्ष्य र दिशा सार्वजनिकगर्ने संकेत गरेका छन्। कोरियन सेन्ट्रल न्युज एजेन्सीका अनुसार किमको उपस्थितिमा गतसाता पार्टीको राजनीतिक ब्युरोको बैठक बसेको थियो र फेब्रुअरीको अन्त्यमा सम्मेलनगर्ने निर्णय गरिएको हो। यद्यपि सम्मेलनको ठ्याक्कै मिति र एजेन्डाबारे तत्काल विवरण सार्वजनिक गरिएको छैन। किमले यसअघि सन् २०१६ र सन् २०२१ मा यस्तै कंग्रेसको आयोजना गर्नुभएको थियो। पछिल्ला बर्षहरुमा उत्तर कोरियाले तीव्ररुपमा आणविक र क्षेप्यास्त्र कार्यक्रम विस्तार गरेको छभने युक्रेन युद्धपछि रुससँगको सम्बन्ध गहिरिँदा संयुक्त राज्य अमेरिका र दक्षिण कोरियासँगको तनाव बढेको छ। विश्लेषकहरुकाअनुसार सम्मेलनमा एकातिर किमको नेतृत्वको कड्याइकासाथ नियोजित प्रदर्शन हुने सम्भावना छभने अर्कातिर उहाँलाई थप शक्तिशाली बनाउने नीति तथा कार्यक्रमहरुको तर्जुमा हुने संभावना पनि रहेको छ। सो सम्मेलन केही दिनसम्म चल्न सक्ने अन्तराष्ट्रिय समाचार एजेन्सीहरुले जनाएका छन्। हालैमात्र किमले हतियार परीक्षणको निरीक्षणगर्नुकासाथै सैन्य र आर्थिक परियोजनाहरुको भ्रमणसमेत गर्नुभएको थियो। जसलाई राज्य मिडियाले सैन्य क्षमता सुदृढीकरण र विकासमा उहाँको नेतृत्वसँग जोडेर प्रस्तुत गरेका छन्। किमले सम्मेलनमार्फत आत्मनिर्भरता र जन परिचालनमा आधारित आर्थिक विकासलाई तीव्र बनाउने योजना तथा आणविक क्षमतायुक्त सेनालाई थप विस्तारगर्ने नीति घोषणागर्ने अनुमान गरिएको छ। यसमा परम्परागत हतियार प्रणालीको आधुनिकीकरण र तिनलाई आणविक क्षमतासँग एकीकृतगर्ने कार्यक्रम समावेश हुनसक्छ। विज्ञहरुकाअनुसार किमले मस्को र बेइजिङसँगको



नजिकको सम्बन्धमा आधारित कडा विदेश नीति पनि जोड दिने संभावना छ। किमले नयाँ शीतयुद्धको धारणा अघिसार्दै दक्षिण कोरियाप्रति अझ कडा दृष्टिकोण लिनसक्ने सम्भावना रहेको छ। संयुक्त राज्य अमेरिकासँग कूटनीति पुन: शुरुगर्ने किमको इच्छाबारे स्पष्टता छैन। सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भएको दोश्रो शिखर वार्तापछि प्रतिबन्धको विषयमा असहमति बढेपछि सम्बन्ध बिग्रिएको थियो। ट्रम्पले दोश्रो कार्यकाल शुरुगरेपछि प्रस्तावित सम्वादलाई किमले अस्वीकारगर्दै वाशिंटनले उत्तर कोरियाको आणविक निरस्त्रीकरणको माग त्याग्नुपर्ने अडान दोहोर्याउनुभएको छ। आफ्नो शासनकालको १५ औं बर्षमा प्रवेश गरेका किम सन् २०२१ को अघिल्लो कंग्रेसको तुलनामा अहिले बलियो अवस्थामा देखिनुहुन्छ। दक्षिण कोरियाली विश्लेषकहरुकाअनुसार चीनसँगको व्यापारमा क्रमिक सुधार र रुसलाई हतियार आपूर्तिबाट प्राप्त आम्दानीका कारण उत्तर कोरियाको अर्थतन्त्र पछिल्ला बर्षहरुमा केही सुधार भएको संकेत देखिएको छ। उत्तर कोरिया (कोरिया जनवादी जनतान्त्रिक गणराज्य) एक अति संगठित शासन प्रणाली भएको देश हो। त्यहाँको राजनीतिक संरचना र शासकीय प्रवृत्ति विश्वभरि चर्चामा रहेको छ। उत्तर कोरिया एक समाजवादी राज्य हो र यहाँको राजनीतिक प्रणाली कम्युनिष्ट विचारधारामा आधारित रहेको छ। त्यहाँको शासन पद्धति किम इल-सुंग विचारधारा र जुचे (स्वायत्तता) सिद्धान्तमा आधारित छ। जसकाअनुसार देशको आत्मनिर्भरता र स्वाधीनता प्राथमिक उद्देश्य हो। किम इल-सुंगले सन् १९४८ देखि १९९४ सम्म शासन गर्नुभएको थियो। पछि उहाँका छोरा किम जोङ-इल, र हाल किम जोङ-उनले सत्ता सम्हालिरहनु भएको छ। दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाका बीचमा मैत्रीपूर्ण सम्बन्ध रहेको छभने उत्तर कोरियाको सम्बन्ध विशेष गरेर दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकासँग तनावपूर्ण रहेको छ। यी देशहरुको साथमा उत्तर कोरिया लगातार आणविक कार्यक्रम, मिसाइल परीक्षण र सैन्य अभ्यास गर्छ। जसले क्षेत्रीय अस्थिरता ल्याउँछभन्ने कतिपयको भनाई छ। उत्तर कोरियामा राज्यप्रति पूर्णनिष्ठा र प्रेम प्रकटगर्न अनिवार्य छ। सरकार आफ्ना नागरिकहरुलाई कडा विचारधारामा पालनगर्न, राजनीतिक प्रतिवेदनहरुको कड्याइकासाथ पालनगर्न र आफ्ना नेताहरुको सम्मानगर्न दबाब दिन्छ। उत्तर कोरिया सैन्य प्राथमिकता नीतिमा विश्वास गर्दछ। जसको अर्थ सैन्य बल र सेनाको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ। यो नीतिले राज्यको हकमा सैन्य र सुरक्षा रणनीतिहरुलाई सर्वोच्च प्राथमिकता दिन्छ। उत्तर कोरियामा कडा सामाजिक नियन्त्रण र जनताको गतिविधि प्रति निगरानी राखिन्छ। अधिकांश सञ्चारमाध्यम र सूचना श्रोतहरु राज्यको नियन्त्रणमा रहेका छन्। त्यहाँको प्रमुख उद्योग कृषि, खानी र राज्य स्वामित्वका उद्योगहरुमा आधारित छ। बाह्य व्यापारमा नियन्त्रण गरिएको छ। उत्तर कोरिया बिभिन्न प्रकारका आणविक परीक्षण र मिसाइल कार्यक्रमहरुमा संलग्न छ। जसले यसको सुरक्षा र विदेश नीतिसम्बन्धी विवादलाई बढाएको छ। यसले संयुक्त राष्ट्र संघ र बिभिन्न देशहरुबाट आलोचना र प्रतिबन्धहरु सामना गरेको छ। उत्तर कोरियाका राजनीतिका समर्थकहरुले प्राय: देशको शासन र नेतृत्वको पक्षमा बिभिन्न प्रकारका **बाँकी ७ पेजमा**

## माओवादी...

माहिर प्रचण्ड र विदेशी साम्राज्यवादी-विस्तारवादीहरुका गोटी बनिसकेका प्रचण्ड र बाबुरामलाई आपसमा मिल्न सुझाव-दवाव आएपछी प्रति क्रान्तिकारी विश्वासघाती मूल नेतृत्व प्रचण्ड र दलाल बनिसकेको अवसरवादी सहायक नेतृत्व बाबुरामलगायतका व्यक्ति, शक्ति र प्रवृत्तिबीच नै पुनः गठबन्धन भयो र बाबुराम प्रधानमन्त्री त बने तर प्रचण्ड र विदेशीको प्यादा बनेर काम गरे। यसक्रममा फौजी रणनीतिक दृष्टिले अत्यन्त महत्वपूर्ण उपलब्धीकारुपमा निर्मित जनमुक्ती सेना जस्लाई शान्ति प्रकृयाका नाममा क्यान्टोनमेन्टमा राखिएका थिए, तिनै आफ्नै जनमुक्ती सेनालाई प्रतिक्रियावादी सेनाद्वारा घेरावन्दी गराई अन्तिम चेतावनी र चुनौती दिएर आक्रमणनै गर्न शुरु गरेपछि आत्मसमर्पणगर्न बाध्य तुल्याइयो। यसरी नै राजनीतिक रुपले रणनीतिक महत्वको उपलब्धिकारुपमा बनेको संविधानसभाको विघटन पनि किरणजीहरुको गलत स्टेपलेगर्दा प्रधानमन्त्री बनेका बाबुरामको नेतृत्वमा नै गराइयो। यति मात्र होइन, क्रान्तिकारी पक्षको यही गल्तीका कारण नेपालको उल्लेख्य क्रान्तिकारी पार्टी र आन्दोलनको रुपमा विकसित र स्थापित माओवादी पार्टी र आन्दोलनमा क्रान्तिकारीहरु एक्लिने, अल्पमतमा पर्ने र कमजोर बन्ने प्रकृया शुरु भयो। क्रान्तिकारी पक्षमा खासगरी किरण-गौरव, बादल र विप्लवहरुमा आएको वैचारिक विचलन र भावनात्मक प्रतिशोधको रुपमा भएको उक्त धोवीघाट प्रकरण क्रान्तिकारी पार्टी र आन्दोलनलाई विभाजन, विघटन र विसर्जनको आजको अवस्थामा पुराउने एक मुख्य मोड नै साबित भयो। उक्त गठबन्धन संसदीय राजनीतिका हिसाबले स्वाभाविक नै भएपनि क्रान्तिकारी राजनीतिका हिसाबले पूर्णतः गलत थियो। यसैको परिणामस्वरुप प्रतिक्रान्ति र प्रतिक्रान्तिकारीहरु झन् सबल र सुदृढ भएभने क्रान्ति र क्रान्तिकारीहरु कमजोर र बिश्रृंखलित।

यसरी आफैलाई कमजोर र विश्रृंखलित पार्ने अनि दलालहरुलाई एकजुट बनाइदिएर शक्तिशाली र सुदृढ पारेर पार्टी र सत्तामा हालीमुहाली गर्ने स्थितिमा पुराउने गम्भीर गल्ती गर्नपुग्नु क्रान्तिकारीहरुको स्वयंमा आत्मघाती कार्य नै हुन गएकोमा शंका छैन। दुखद स्मरणीय कुरा के छ भने यो पंक्तिकारले बाबुरामहरुसँग मिलेर प्रचण्डका विरुद्धमा जाइलाग्ने यो कदम अराजनीतिक, अपवित्र र अपृय हुने हुनाले गर्नैनहुने मत क्रान्तिकारीपक्षको पीबीको अलग्गै बैठकमा राखेको थियो। तर विडम्बना तैंले बुझेको छैनस्, हामीले बुझेका छौं, पछि बुझ्छस् तैंले भन्दै यो पंक्तिकारलाई थुम्थुम्याउन मन्त्री बन्ने निर्णय गर्दा यो पंक्तिकारले भनेको थियो- "म भन्दा सिनियर नेता क. हरिभक्त कँडेल ( प्रतीक) लाई बनाऔं किनकी उहाँ सांसद पनि हुनुहुन्न"। यसो भन्दैगर्दा निर्वाचित नभएकाले शासनगर्ने अलोकतान्त्रिक र अनैतिक कुरा हुन्छ भन्दै सके दुवैलाई नसके पनि यो पंक्तिकारलाई मन्त्री बन्ने भनेर विचलित तुल्याउने प्रयत्न गरियो। त्यो एउटा गलत तरिका थियो। यस्तो गर्दा क्रान्तिकारी आन्दोलन ध्वस्त हुन्छ भन्दै यो पंक्तिकार एकप्रकारले व्यथित भै मन शान्त पार्न राज्य पुनर्संरचना आयोगका सदस्य माधव अधिकारी सहित केही साथीहरुको टोलीसँग केही समयको लागि सुदूरपश्चिम नेपालको भ्रमणमा गएर बझाङसम्म पुगी फर्किएको थियो। अझ विचित्रको कुरा यो पनि भयो कि यो पंक्तिकार र प्रतीकलाई मन्त्री बन्ने निर्णय सामूहिक रुपमा भएको भए पनि पछि मन्त्री बनाउने बेला विप्लवको सुझाव-दवाव खास गरि यी सोझा मान्छेहरु गएर पार्टीलाई पैसा जम्मा गर्दैनन्, त्यसमा त प्रकाण्ड सक्षम छझ भनी भ्रष्टाचार र कमिसनको मिसनमा पार्टी चलाउने नीति र नियतले स्थान पायो र प्रकाण्ड अर्थात् खड्गबहादुर विश्वकर्मा मन्त्री बनाइए। क्रान्तिकारीहरु भनिएका भेटरान नेताहरु किरण, गौरव, बादल, गुरुङ र विप्लवहरु नैतिक रुपमा यस्तो विचलनमा आउनु र अझ त्यो पनि विधिगतरुपमा पोलिटब्युरो स्तरको बैठकले गरेको निर्णयलाई हेडक्वाटरको निर्णयभन्दै यसरी प्रकाण्ड पुनः अर्कोपटक मन्त्री बनाइएका थिए। मन्त्रीले गरेका अनियमित र अनैतिक काम-दामबाट क्रान्तिकारीहरुको गुट चल्ने/चलाउने सोंच पलाएपछि सोअनुसार हुन थाल्यो र क्रान्तिकारीहरुमा गल्तिमाथी गल्ती थपिंदै गए। क्रान्तिकारी पक्षबाट हुने र भएका यस्ता प्रकारका गल्ती-कम्जोरीकै कारण के निहुँपाऊँ कनिका बुकाऊँभन्ने भैरहेको संस्थापनपक्षद्वारा अन्तर्विरोधलाई थप अस्वस्थ, अमैत्रीपूर्ण र निषेधपूर्ण रुपमा चर्काएर तिक्त, दुश्मनीपूर्ण र प्रतिशोधपूर्ण हुँदै-गराइदै लगियो। यसरी माओवादी क्रान्तिकारीपक्ष समेत सम्मिलित सरकारले आफ्नै जनमुक्ती सेना विघटन, आफ्नै बाहुल्य रहेको संविधानसभा विघटन र अन्य कैयौं भ्रष्टाचार र राष्ट्रहितविपरीका तथा कम्युनिष्ट नीतिनैतिकता र मूल्यमान्यता विरुद्धका गैरक्रान्तिकारी गतिविधीहरु गर्ने-गराउने काममा प्रत्यक्ष-अप्रत्यक्ष सहभागीता-समर्थन गर्न समेत दवावमा पारी बाध्य बनाइदियो। यो परिस्थितिको आँकलन गर्न नसक्नु र यो दवाव समेत क्रान्तिकारी पंक्तिबाट थेग्न र अघि बढ्न नसक्नु जस्ता कमजोरी पनि क्रान्तिकारी पक्षकै भए। त्यसपछी पनि सत्ताधारी दक्षिणपन्थी र क्रान्तिकारी वामपन्थी दुई पक्षबीच एकले अर्कालाई दोषारोपण गर्ने खालले अन्तर्संघर्ष बढ्यो। पार्टीको ऱ्याङ्क एन्ड फाइलमा माथिदेखी तलसम्म आपसमा अविश्वास, वितृष्णा र विरोध बढाउने प्रयास गरियो र भ्रमित पारियो कि एकातिर प्रचण्ड-बाबुराम-नारायणकाजी लगायतका प्रतिक्रान्तिकारी र अवसरवादी दलाल नेतृत्वको गठबन्धनयुक्त पार्टीमा बस्नु, संघर्ष गर्नु र रुपान्तरण वा विजयको आशा गर्नुमा क्रान्तिकारी भनिनेहरुमा विश्वास भएन भने अर्कोतिर प्रचण्डलगायतका शान्ती र संविधानवादीहरुको पंक्तिमा पनि क्रान्तिकारीहरुकाप्रति वितृष्णा र विरोधको भाव बढाउने काम भयो। फलस्वरुप केन्द्रीय समितिभन्दा तल रहेका थुप्रै क्रान्तिकारी कमिटी र सदस्यहरुसम्म स्पष्ट, साँचो र तथ्य र तर्कमा आधारित अन्तर्संघर्ष नचल्दै र उनीहरुलाई स्पष्ट पारेर समेट्ने वातावरण नबन्दै क्रान्तिकारीपक्षको नेत्रित्वपंक्ती भावना, आवेग र उत्तेजनामा आएर बदलास्वरुप हतारमा विद्रोहको नाममा पार्टीमा विभाजन ल्याउने वातावरण बनाइयो ! यसरी धोवीघाट भेलापछी क्रान्तिकारीपक्षको यसप्रकार को कमजोरीका कारण चर्किएको माओवादी पार्टी र आन्दोलन रुपी हाँडी अन्ततः २०६९ साउन पहिलो हप्तामा बौद्ध भेलापछि दुई फ्याक नै भयो।

त्यो विद्रोह र विभाजन हठात् र बलात् भएको थियो। यसमा कतिपय नेताको कतिपय नेताविरुद्ध व्यक्तिगत आवेग र प्रतिशोध अनि कतिपयको महत्वाक्यांक्षा कति मिसिएको थियो भन्ने कुरा विभाजनको तीन बर्ष पनि बित्दानबित्दै क्रान्तिकारी पंक्तिमै अर्थात् किरण-विप्लवसमूह (नेकपा-माओवादी) मा विप्लवकै प्रत्यक्ष नेतृत्वमा फेरि अर्को विभाजन आयो ! विचित्र विडम्बना त अझ के भयो भने संस्थापन क्रान्तिकारी भनिएको पंक्तिमै अर्को बर्ष वित्दानबित्दै पुनः अर्को विभाजन भयो र संस्थापनको तलदेखि माथिसम्मकै बहुमत पंक्ति बादल-गुरुङको नेतृत्वमा आफैले घोषणा गरेको प्रतिक्रान्तिकारी र लाल गद्धार प्रचण्डहरुसँग मिसिन पुगियो तर किरण आफैले तयार गरेका १३ बुँदामा सहमती भएमा एकतागर्ने भनेर समत भएर पनि पछि किरण पक्ष भने प्रचण्डसँग एकताबद्ध भएन ! यी सम्पूर्ण विभाजनहरु र समग्र विचलनका पछाडि मूल क्रान्तिकारी नेतृत्वले क्रान्ति कारीहरुको सही पहिचान र मूल्यांकन गर्न नसक्नु ; धूर्त, गुटवादी, षड्यन्त्रकारी, महत्वाकांक्षी र अवसरवादीहरुलाई अति विश्वासगर्नु र नेतृत्व नै हस्तान्तरणकै स्तरमा व्यवहार गर्नु, उत्तराधिकारी निर्माणमा कुनै एक निश्चित क्षेत्रका नेताहरुलाई प्राथमिकता, प्रोत्साहन र प्रमोसन गर्नु जस्ता उदारवादी कमजोरी रहे। त्यति मात्र होइन, इमान्दार क्रान्तिकारीहरुप्रती संकीर्णतावादी, पूर्वाग्रही र प्रतिशोधी चिन्तन-प्रवृत्तिहरु प्रदर्शनगर्ने कमजोरीहरु पनि क्रान्तिकारीपक्षकै मूल नेतृत्वबाटै भए। यी कमजोरीहरुकै कारण संसार हल्लाउने स्तरमा पुगेको माओवादी पार्टी र दसबर्षे जनयुद्धसहितको क्रान्ति आज यो स्तरमा विचलन, विभाजन, विघटन र विसर्जन उन्मुख हुन पुगेको दुखददतम अवस्था छ। यस्तोहुँदा पनि पार्टीभित्रकै क्रान्तिकारीपक्षका गल्ती कमजोरी र असक्षमता आदिजस्ता कुराहरु कम जिम्मेवार छन् भन्यो भने सैद्धान्तिक र दार्शनिक रुपले समेत अर्को गल्ती हुन पुग्छ। हो, यो कुरा पनि हो कि आफैले भरविश्वास गरिएका, काखमा सुताइएका समकालीन सर्वोच्च नेतृत्व र उत्तराधिकारी बनाइएका नेताहरुबाट नै आफू, क्रान्ति र क्रान्तिकारी नेतृत्वप्रति अन्तरघात र विश्वासघात गरी प्रहार गरिएको कृतघ्नी जाल र चालका कारण समेत नेपाली क्रान्तिकारी कम्युनिष्ट पार्टी र आन्दोलनको खासगरी माओवादीहरुको आजको यो क्षतविक्षत अवस्था भएको हो। यस्ता कमजोरीहरु हरेक पटकका माओवादी विद्रोह र विभाजनका सन्दर्भमा पार्टीका क्रान्तिकारीपक्ष भनिएकाहरुबाटै भएका थिए जो क्रान्तिकारीकै आन्तरिक कमजोरी नै थिए। यसैगरी क्रान्तिकारी आवरणमा आएका वा आउने यस्ता अवसरवादी, व्यक्तिवादी, महत्वाकांक्षी, उपभोक्तावादी र यहाँसम्म कि शुरुशुरुका भ्रमित भाट र अन्ततिरका भ्रष्ट, भँडुवा, दलाल र गद्धारहरुको जन्म र विकास हुनुमा पनि पार्टीपंक्तिलाई नीतिमा, नैतिकतामा, मूल्यमा र मान्यतामा चलाउन नसक्नुजस्ता कमजोरी पनि क्रान्तिकारी नेतृत्वकै अर्थात् आन्तरिक कमजोरी नै थिए। ठीक यहींनेर संसदवादी, साम्राज्यवादी-विस्तारवादीलगायतका देशी-विदेशी प्रतिकृयावादी शक्तिकेन्द्रहरु र तिनका घुसपैठ, आश्वासन-प्रलोभन, जालझेल, चलखेल, षड्यन्त्र, दमन र समनजन्य विविध प्रकारका प्रभाव, दवाव र हस्तक्षेप पनि कम्युनिष्ट पार्टी र आन्दोलनलाई ध्वस्त र त्रस्त पार्नमा महत्वपूर्ण कारणहरु रहेका छन् भन्ने कुरा कहिल्यै बिर्सनु हुन्न।

तर ती बाहृय पक्ष प्रमुख र निर्णायक भने होइनन्। किनकि आन्तरिक रुपमा कसैमा कुनै कमजोरी नभै उनीहरु यसरी छिर्न र बिगार्न सक्तैनन्। राजनीतिमा जब नेतृत्व पंक्तिबाटै विचार, सिद्धान्त र मूल्यमान्यताको अवलम्बनमा अनदेखा, अवमूल्यन र अवहेलना हुनथाल्छ अनि विधि, पद्धति र प्रक्रियाको उल्लंघन हुनथाल्छ तब स्वार्थ, सुविधा र अवसरले निर्णायक महत्व र स्थान पाउन थाल्छ र भयो पनि त्यस्तै। भन्नाले संसदवादी चिन्तन र उपभोक्तावादी संसदीय सुखसुविधाभोगको संस्कृतिजन्य आशा र लालसाप्रति क्रान्तिकारी भनिएकाहरु धेरै नै ग्रसित र आकर्षित भएर शान्तिप्रकृयामा आएपछिको माओवादी र अन्य क्रान्तिकारी भनिएकाहरुको यो एकता मात्र होइन कि पछिल्लो पटकको विद्रोही माओवादीले संस्थापनसंग गरेको एकता पनि यसै क्षुद्र स्वार्थमा केन्द्रित भएको थियो। फलस्वरुप यो प्रवृत्ति संसदीय अभ्यास अर्थात् चुनावमा भाग लिने र आफू र आफ्ना आसेपासे र गासेदासे बने-बनाइएकालाई विभिन्न नियुक्तिहरुमा सेटगर्ने र सत्ता र शक्तिलाई उपयोग गरेर व्यक्तिगत, पारिवारिक र गुटगत स्वार्थ पूरा गर्ने अनि आफ्नो क्षेत्रका जनताका केही आर्थिक कामहरु गराएर दलाली खाने संसदीय शक्ति र सत्ता बिना बाँच्न नसकिने ठानेर गरिएको थियो भन्ने पुष्टि हुँदै गयो। विकास र निर्माणका कामक बहानामा कमिसन, सहयोग, चन्दा आदि पाउन राम्रैसँग आदत परेकोले नेतृत्वको एउटा पंक्ति पुनः पुरानै घरमा फर्किएर माओवादी केन्द्र बनाइएको थियो ! यो कुरा फर्किएका नेतृत्वपंक्तिका तीन दर्जनजति केन्द्रीय नेताहरुमध्ये क्रान्तिकारी चिन्तन र चरित्र अनि स्वभाव र शैली बरकरार राखेका स्वाभिमानी इमान्दार आधा दर्जनजति नेताबाहेक सबै सेट भएबाट पनि पुष्टि हुन आयो !

यो कुराको थप पुष्टि एमालेसँगको माओवादीको एकता र विभाजनका सन्दर्भमा पनि भएको छ ! यसप्रकारको क्रान्तिहीन, सिद्धान्तहीन, नैतिकताहीन र मूल्यमान्यताहीन नितान्त संसदवादी, अवसरवादी, व्यक्तिवादी र पदप्रतिष्ठावादी एकता र विभाजन हुँदापनि सबैजसोले यहाँसम्मकी आफूलाई क्रान्तिकारी भन्ने र चर्का र ठुला कुरा गर्नेहरुले पनि अन्ततः अन्धसमर्थन र वा अन्धविरोध गर्नु विचित्र विडम्बना भएको छ। डबल नेकपाको रुपमा एकीकरण प्रकृया पूरा नभैसक्दै पुनः विभाजनमा जाँदा पनि केही अपवादलाई छोडेर सबैका सबै क्रान्तिकारी भनिएकाहरु समेत एमाले वा माओवादी गुटमा सामेल भएर कस्तो र कत्रो गल्ती गरेका छन् ? स्वयंमा स्पष्ट छ। क्रान्तिकारीहरु नै संसदीय गोलचक्करमा फसेर केहीले औपचारिक रुपले नै जबर्जस्ति मध्यावधी निर्वाचन थोपर्ने भन्ने र केहीले संसद पुनर्स्थापनागर्ने भनेर पुरानो, डेट एक्स्पायर र असफल सिद्ध भैसकेको दलाल पूँजीवादी संसदीय व्यवस्थालाई संरक्षण र सम्बर्द्धन गर्न मरिहत्तेगर्नु र नेकाजस्तो चरम प्रतिक्रियावादी शक्तिसंग मिलेच सत्तासुखभोग गर्नु, चुनावमा पनि त्यही शक्तिसँग देशव्यापी अपवित्र मोर्चा बनाएर लड्नु अनि आफूहरुलाई अझैपनि एक नं.कै क्रान्तिकारी भनी आत्मरतीगर्नु केकस्तो हास्यास्पद कमजोरी हो स्वयंमा छर्लङ्ग छ। उल्लेख्य छ माओवादी धाराका प्रचन्ड, किरण, बाबुराम, विप्लव, धर्मेन्द्र, पूर्ण आदिका नेतृत्वमा गठित पुनर्गठीत वा एकीकृत जे जे रुप वा नाममा भएका पार्टी वा समूहहरुमा एक पटक होइन पटक पटक विद्रोह र फुटहरु भएका छन्। यस सन्दर्भमा ध्यानदिन लायक एउटा उदाहरण लक्ष्मण उप्रेतीको नेतृत्वमा विप्लवबाट विद्रोह गरेर बनेको नेकपा मालेमाकेन्द्र भने नेकपा रातो तारा, अखिल नेपाल कम्युनिष्ट पार्टी आदिमा एकीकृत, ध्रुवीकृत र पुनर्गठितहुँदै हाल लोकनारायण सुवेदी नेतृत्वको नेकपामा नेकपा (मार्क्सवादी) लगायतका शक्ति, समूह र व्यक्ती-व्यक्तित्वहरुलाई एकीकृतगर्दै अघिबढेको छ।

जे होस्, क्रान्तिकारी भनेर चिनिएका र मानिएका ठुला नेताहरु स्वयं संसदवादको भासमा डुबेर यस्ता भेंडा र हनुमानदास होलान् र क्रान्तिलाई पूरै तिलान्जली दिंदै उफ्रिएलान्भन्ने कल्पनासम्म पनि गर्न नसक्नुसमेत सच्चा क्रान्तिकारी भन्नेहरुको पनि त गम्भीर कमजोरी नै हो ! आजसम्म आइपुग्दा यी क्रान्तिकारी कम्युनिष्ट भनिनेहरु जनयुद्ध र जनआन्दोलनका उपलब्धिहरु जोगाउने बहानामा आफ्नो खाइपाई आएको संसदवादी पदप्रतिष्ठा र हैसियत जोगाउन टुप्पिदेखिको बल लगाइरहेका छन् र संसदवाद, संविधानवाद, विधिपद्धतिवाद र लोकतन्त्रवाद जस्ता उही गन्हाएको संसद, संसदीय व्यवस्था र संसदीय मूल्यमान्यताको संरक्षण र सम्बर्द्धनमा ज्यान छाडेर लागेका छन्। त्यतिमात्र होइन आफूलाई देशभक्त, क्रान्तिकारी र सच्चा साम्राज्यवाद-विस्तारवाद तथा तिनका एमसीसी र खुकुलो नागरिकता विरोधी भनेर डंका पिट्दैआएको यो पंक्तिको नेतृत्वले त अन्ततः महा राष्ट्रघाती एमसीसी र नागरिकता विधेयकलाई समेत संसदबाट पास र कार्यान्वयन गरेर अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका अगाडि घुँडा टेक्नाले आज देश विश्वकै नं एक दुश्मन अमेरिकी साम्राज्यवादको प्रत्यक्ष पंजामा पर्नथालेको छ। यसरी हरेक कम्युनिष्ट घटकका क्रान्तिकारी भनिने प्रायः सबैले वैकल्पिक क्रान्तिकारी सोंच, सिद्धान्त, शक्ति, संगठन, संघर्ष, सत्ता, शैली र संस्कृति आदि पूरै बिर्सिएबाट क्रान्ति त तिनका दिलदिमागदेखि नै पूर्णरुपले डिलिट गरेको भन्ने छर्लङ्ग भएको छ। क्रान्तिकारी भनिएका यस्ता दुईजिब्रेहरुलाई इमान्दार क्रान्तिकारीले समयमै चिन्न र यो संसदीय भ्रम, भ्रष्टता, भास र भाँडभैलोलाई समयमै चिर्न नसक्नु स्वयंमा ठूलै कमजोरी हो, जो ज्यादै दुखद विडम्बना पनि हो। यहाँसम्म आइपुग्दा मूलधाराका भनिएका पटकपटक सत्तामा पुगेका तर राष्ट्रघात र भ्रष्टाचारभन्दा बढी केही नगरेका कम्युनिष्ट नामका यथास्थितिवादी दक्षिणपन्थी शक्ति, व्यक्ति र प्रवृत्तिको कुनै भ्रममा पर्न नहुने छर्लङ्ग छ। यसरीनै साम्राज्यवादी र प्रतिगमनकारी आदि सम्पूर्ण प्रतिक्रियावादीहरुका विरुद्धमा सदन, सकार र सत्ताबाहिर रहेका माओवादी स्कूल र अन्य क्रान्तिकारी धाराका सैद्धान्तिक र व्यावहारिक दुवैथरी क्रान्तिकारी भनिएका हामी क्रान्तिकारीहरु एकताबद्ध भएर अघि बढ्नुपर्ने पनि स्पष्ट नै छ। तथापि यस दिशामा गम्भीरतापूर्वक र दृढतापूर्वक अघिबढ्नुपर्नेमा उल्टो मौनता, अन्यौलता र ढुलमुलपना व्यक्तगर्नु र अझ अघिबढेर आपसी अन्तर्द्वन्द्व, अन्तरकलह र निषेधगर्दै टुटफुट र विभाजनसम्म पुग्ने कामकुरालाई बिराम लगाउनेतिर केन्द्रित हुन नसक्नु पनि हाम्रो सानो कमजोरी होइन। संसदवादी अवसरवादीहरु बिचमा टुटफुट र निषेधको हदसम्म अन्तर्विरोध र अन्तर्ध्वंश चर्किरहेको यो बेलामा वैकल्पिक क्रान्तिकारी बाटो देखाएर छरिएर रहेका र निस्कृय हुँदैगरेका क्रान्तिकारीहरुलाई समेटेर अघि बढ्नुपर्नेमा कतिपय शक्तिहरु चुनाव उपयोगका नाममा र कतिपय शक्तिहरु बहिष्कारका नाममा सिमित रहेर यसदिशामा अग्रसर हुनुभन्दा रहस्यमय ढंगले चुप लाग्नु पनि क्रान्तिकारी भनिएकाहरुको कम कमजोरी होइन। हो, अहिले सच्चा कम्युनिष्ट क्रान्तिकारीको अभाव नै छ र त्यद्ता क्रान्तिकारीको शक्ति र संगठनात्मक स्थिति कम पनि छ र। अनि उनीहरुलाई घेरावन्दी, नाकावन्दी, दमन र धरपकड पनि छ तथापि ती सबै प्रतिकूलतालाई अनुकूलतामा बदल्ने पहल र प्रयत्न पनि नदेखिनु वा जो देखिएको आशाका त्यान्दारुपी कार्यगत एकता र बन्दै गरेका रणनीतिक र दीर्घकालीन संयुक्त मोर्चा पनि निरन्तरतामा लैजाने पहल र हिम्मत नगरेर आफू पनि केही खास नगर्ने र अरुलाई पनि केहीगर्न वातावरण नबनाइदिनेगरी अनिर्णयको बन्दी बन्ने-बनाउनेजस्तो आत्मघाती काम हुँदै गएको छ जो पछिल्ला हामी क्रान्तिकारीहरुको एक अर्को हदसम्मको दुखद कमजोरी हो !

अन्तमा, दस बर्षे जनयुद्धका दौरानमा देश, जनता र क्रान्तीको लागि क्रान्तिकारी भनिएकाहरुको नीति-निर्देशन र कार्यक्रम-कार्ययोजनाका कार्यान्वयनका क्रममा हाँसीहाँसी बलिदान दिन तत्परहुने सम्पूर्ण ज्ञातअज्ञात अमर शहीद, बेपत्तायोद्धा, घाइते-अपाङ्ग, जेलहिरासतमा परेका र यातना भोगेका बन्दी तथा सम्पूर्ण रुपलेसमर्पित भएर लाग्नुभएका सबै नेता, कार्यकर्ता, योद्धा र आमजनता प्रती जनयुद्धको ३०औं बार्षिकोत्सव दिवस (जनयुद्ध दिवस) को सन्दर्भमा हार्दिक क्रान्तिकारी अभिनन्दन गर्दछु। साथै विगतका क्रान्तिकारी हरुले गरेका सकारात्मक काम कुराहरुलाई पच्छ्याउँदै, नकारात्मक कामकुराहरुलाई पन्छाउँदै र तिनबाट पाठ सिक्दै छरिएर र छिन्नभिन्न भएर रहेका सच्चा क्रान्ति कारीहरुबीच एकीकरण, ध्रुवीकरण वा गठबन्धन गरेर राष्ट्रिय राजनीतिमा सशक्त हस्तक्षेप गरी देशमा अधुरो छाडिएको नयाँजनवादी क्रान्तिलाई हाम्रो आफ्नो मौलिकता र विशिष्टतामा सिर्जनात्मक रुपले अघि बढाएर गुणात्मक रुपले पूरा गर्नको लागि सम्पूर्ण न्याय, समानता, स्वतन्त्रता र स्वाधीन राष्ट्रका पक्षधर आम जनसमुदायहरु एकतबद्ध हुन सकौं भन्ने हार्दिक शुभकामनादिंदै विदा चाहन्छु।

**नोट : लेखक नेकपा ( माओवादी) का संस्थापक एवं जनयुद्ध थालनीकर्तामध्येका एक केन्द्रीय नेता हुनुहुन्छ। विगतमा भिन्नै शीर्षक र सन्दर्भमा लेखिएको यो लेख हाल उहाँद्वारानै परिमार्जित र अद्यावधिकगरी सान्दर्भिक समेत तुल्याएर पठाइएकोले हामीले छापेका हौं - संपादक।**

# साहित्य र सिर्जना

## सम्पादक किशोर श्रेष्ठ सम्मानित

काठमाडौं। विश्व प्रेस काउन्सिलका उपाध्यक्ष तथा जनआस्था साप्ताहिकका सम्पादक पत्रकार किशोर श्रेष्ठ देवेन्द्र गौतम पत्रकारिता पुरस्कार-०८२ बाट सम्मानित हुनुभएको छ। वरिष्ठ पत्रकार देवेन्द्र गौतमको ८० औं जन्मजयन्तीको अवसरमा उनलाई सम्मान गरिएको हो। भक्तपुरको सूर्यविनायकस्थित होटल भादगाऊँमा गत शुक्रबार आयोजित एक




कार्यक्रममा उहाँलाई सम्मानपत्रसहित एकलाख रुपैयाँ पुरस्कार प्रदान गरिएको थियो। पत्रकारितामा पुर्याएको दीर्घकालीन र विशिष्ट योगदानको कदरगर्दै श्रेष्ठलाई सम्मान गरिएको करेन्ट मिडिया एण्ड रिसर्च सेन्टर प्रालिले जनाएको छ। विश्व प्रेस काउन्सिलमा सक्रिय सहभागितामार्फत नेपाली पत्रकारितालाई अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउन श्रेष्ठले महत्वपूर्ण भूमिका खेलेको प्रालिको भनाइ छ। दबाब,प्रलोभन र चुनौतीकाबीच सत्यको पक्षमा अडिग रहनसक्ने पत्रकारिता संस्कार निर्माणमा उहाँको योगदान उल्लेखनीय रहेको उल्लेखगर्दै प्रालिले प्रेस स्वतन्त्रता,आचारसंहिता तथा पत्रकारको पेशागत मर्यादासम्बन्धी विश्वव्यापी बहसमा नेपालका आवाज पुऱ्याउने श्रेष्ठलाई सम्मानगर्न पाउनु गौरवको विषय भएको जनाएको छ।

# नेपालको पारिवारिक खेती र यस्का चुनौतीहरु

डा. नरविक्रम थापा

## आर्थिक मञ्च



खेती नेपालमा पारिवारिक कृषि उत्पादनको प्रमुख माध्यम हो, जहाँ एउटा परिवारले प्रायः पारिवारिक श्रम प्रयोग गरेर खेतको व्यवस्थापन र सञ्चालन गर्दछ। यो ग्रामीण समुदायहरुको सांस्कृतिक र सामाजिक संरचनामा गहिरोरुपमा एकीकृत छ र देशको सामाजिक-आर्थिक विकासमा ठूलो भूमिका खेल्छ।कृषि शताब्दीयौँदेखि नेपालको अर्थतन्त्रको मेरुदण्ड बनेको छ। ऐतिहासिक रुपमा, यो धेरै हदसम्म निर्वाह-उन्मुख समाज थियो, जसमा ९० प्रतिशत् भन्दा बढी जनसंख्या सन् १९८० को दशकसम्म पारिवारिक खेतीमा निर्भर थिए। यस क्षेत्रले विगतमा राष्ट्रिय जीडीपीको ७५ प्रतिशत् योगदान गरेको थियो। ०८१/०८२ को आर्थिक सर्वेक्षण अनुसार कुल ग्राह्यस्त उत्पादनमा कृषिको योगदान २५.१७ प्रतिशत् रहेको छ। नेपालको प्रति व्यक्ति आय अमेरिकी डलर १५१७ रहेको छ (नेपालको आर्थिक सर्वेक्षण, ०८१/०८२)। खेती एउटा जीवनशैली थियो, अभ्यास र जमिन परिवार वा कुल संरचनाभित्र पुस्तौँदेखि पुस्तौँसम्म बित्दै आएको थियो। औपचारिक कृषि विस्तार सेवाहरु १९५० को दशकमा विदेशी सहायताले सुरु भयो।नयाँ बाली प्रजाति र प्रविधिहरु सुरु गरियो। सन् १९५० र १९६० को दशकको उत्तरार्धमा धान (सीएच-४५) र गहुँ (लेर्मा-५२) जस्ता उच्च उत्पादन दिने बाली प्रजातिहरुको परिचय र मूल्याङ्कनले आधुनिक वाली प्रजनन प्रयासहरुको सुरुवातलाई चिह्नित गऱ्यो, जसले उत्पादकत्वमा उल्लेखनीय वृद्धि गऱ्यो। पछिल्ला केही दशकहरुमा पुरुषहरुको उल्लेखनीय आप्रवासन र भूमिमा बढ्दो दबाब देखिएको छ, जसले गर्दा भूमि खण्डित भएको छ। नीतिहरु अब निर्वाहमूखीबाट अधिक व्यावसायिक, दिगो र जलवायु-अनुकूलनकृषितिर उन्मूखभएको देखिन्छ। पारिवारिक खेतीका विशेषताहरुमा :

**पारिवारिक श्रमः** रोपाइँदेखि लिएर फसल काट्ने र फसल पछिको व्यवस्थापनसम्म अधिकांश कृषि कार्यका लागि परिवारका सदस्यहरुमा निर्भरता हुनु प्राथमिक विशेषता हो।

**साना किसानको अभिमुखीकरणः** नेपालमा ८५ प्रतिशत् भन्दा बढी फार्म परिवारद्वारा सञ्चालित छन्, र अधिकांश साना किसानहरु हुन्, प्रायः साना किसानहरुले एक हेक्टरभन्दा कम जमिनको व्यवस्थापन गर्छन्।

**निर्वाह/अर्ध-व्यावसायिकः** मुख्य लक्ष्य प्रायः घरेलु खाद्य सुरक्षा र उपभोग हो, कुनै पनि अधिशेष उत्पादन आयका लागि स्थानीय बजारमा बेचिन्छ।

**एकीकृत कृषि प्रणालीः** फार्महरुले प्रायः पशुधन, तरकारी, फलफुल र अन्नलाई एकीकृत गर्दछ, खेतको मललाई पोषक तत्वहरुको प्रमुख स्रोतको रुपमा प्रयोग गर्दछ, जुन प्राकृतिक रुपमा जैविक खेतीसँग मिल्दोजुल्दो छ।

**स्वदेशी ज्ञानः** परम्परागत खेती प्रविधि र रैथाने ज्ञान, प्रायः एक पुस्तादेखि अर्को पुस्ताहरुमार्फत प्रसारित, व्यापक रुपमा प्रयोग गरिन्छ।

**लैङ्गिक गतिशीलताः** विदेशमा कामका लागि पुरुष माइग्रेसनको साथ, महिलाहरु बढ्दो निर्णय निर्माताहरु र कृषि श्रमको प्रदर्शनकर्ताहरु बनिरहेका छन्, खेतीसँग सम्बन्धित कामको ७० प्रतिशत् भन्दा बढीको लागि लेखा रहने गरेको छ।

**जलवायु निर्भरताः** नेपाली कृषि, धेरै वर्षा पोषित (लगभग ७० प्रतिशत्) मनसुनमा अत्यधिक निर्भर छ र अनियमित वर्षा जस्ता जलवायु परिवर्तनको प्रभावको जोखिममा छ।

**बाली ढाँचाहरु** नेपालमा बाली उत्पादनको ढाँचा धेरै हदसम्म उचाइ, जलवायु र सिँचाइको पहुँचद्वारा निर्धारित गरिन्छ।

**प्रमुख अन्न बालीहरुः** धान, मकै, कोदो, गहुँ, जौ र फापर विभिन्न क्षेत्रहरुमा प्रमुख खाद्य बालीहरु हुन्।

**क्षेत्रीय भिन्नताहरु :** नेपालका तीन मुख्य क्षेत्रहरु (तराई, पाहाड, पर्वत/हिमालय) का भिन्न क्षेत्रहरु छन् – तराई तथा मधेसले लगभग १७ प्रतिशत् ओगटेको छ, पहाडी क्षेत्र (मध्य-पहाड) ले लगभग ६८ प्रतिशत् (गैर-हिउँ पाहाड) ओगटेको छ र हिमालय पर्वतले बाँकी १५ प्रतिशत् (उच्च हिउँले ढाकिएको चुचुराहरु) समेटेको छ जसको कुल क्षेत्रफल १४७,१८१.८६ वर्ग किलोमिटर छ।

**तराई क्षेत्रः** धान-गहुँ-पराल वा धान-मकै, दलहन, तेलहन बाली, तरकारी खेती जस्ता प्रणालीहरुका साथ गहन, बहु फसलका लागि आदर्श, प्रायः सिँचाइका साथ वर्षमा तीनवटा बालीहरु उब्जाइन्छ। फलफूलमा आँप, लिची, केरा, रुख कटहर, भूंइकटहर, आदि लगाइन्छ भने पशुपालनमा भैंसी, गाई, बाख्रा, कुखुरा, माछापालन, बुङ्गुर पालन गरिन्छ। तराई २५,००० वर्ग किमी क्षेत्रफलमा फैलिएको छ। यस क्षेत्रका किसानको पारिवारीक आम्दानीका रुपमा तरकारी खेती, दुग्ध तथा दुग्धजन्य पदार्थ जस्तै घिउ, खुवा, दही, लस्सी, पेडा आदि रहेको पाइन्छ।

**पहाडी क्षेत्रः** यस क्षेत्रमा मकै, कोदो, गहुँ, धान, जौ, फापर र आलु, तोरी, भटमास, मास जस्ता बालीहरु उत्पादन गरिन्छ। यहाँ, फलफुलमा सुन्तला, जुनार, कागती, नासपाती, आरु, हलुवावेद, केरा, अम्बा, किवी, एभोकाडो आदि कुखुरा पालन,भैसी, गाई, बाख्रा, बुङ्गुर, ट्राउट माछापालन, आदि पशुपालन र बालीहरुको एकीकृत प्रणालीहरु अप्नाइन्छ।नगदे बालीमा चिया, कफी, अलैची, अमरिसो, आदि रहेका छन्। पहाडी भूभाग१००,००० वर्ग किमी क्षेत्रफलमा फैलिएको पाइन्छ। यस क्षेत्रमा तरकारी खेती, व्यवसायिक कुखुरापालन, कालीज पालन र डेरी उद्योग आदि पारिवारीक कृषि उपज आम्दानीका प्रमुख स्रोत हुन्।

**हिमाली/उच्च पहाडी क्षेत्र :** यस क्षेत्रमा आलु, चिनो, मकै, कोदो, गहुँ, जौ, फापर आदि जस्ता बालीहरु उत्पादन गरिन्छ। यहाँ फलफूलमा स्याउ, ओखर, आदि साथै पशुपालनमा चौरी, याक, भेडा, च्याङ्ग्रा, बाख्रा आदि पालिन्छ। हिमालय तथा उच्च पहाड २२,००० वर्ग किमी क्षेत्रफलमा फैलिएको छ। यस क्षेत्रको किसानको दुग्ध तथा दुग्त्रजन्य पदार्थ जस्तै याक चीज, घिउ, छुर्पी, ऊन, मासु, स्याउ, ओखर,जडीवुटी संकलन तथा व्यापार, यार्सागुम्वा आदि प्रमुख पारिवारीक आम्दानीका स्रोत हुन्।

**नगद बालीतर्फ उन्मूख हुनुः** सुधारिएको सडक कनेक्टिभिटी र बजार पहुँचका साथ, केही किसानहरु परम्परागत अन्नबाट तरकारी, फलफुल (स्याउ, किवी) र औषधीय जडीबुटीहरु जस्ता उच्च मूल्यका नगद बालीहरुमा सर्दैछन्।

**अन्तरबाली र बाली चक्रः** माटाको गुणस्तर सुधार गर्न, कटान नियन्त्रण गर्न र अधिकतम उत्पादकत्वका लागि ज्वारसँग मटर वा दालसँग मकै अन्तरबालीलगाउने अभ्यासहरु गरिन्छ। यी तथ्याङ्कहरुले उपोष्णकटिबन्धीय मैदानदेखि अल्पाइन उचाइसम्म नेपालको चरम भौगोलिक विविधता देखाउँछन्।

**सामाजिक-आर्थिक विकासमा महत्व** नेपालको विकासका लागि पारिवारिक खेती विभिन्न कारणले महत्वपूर्ण छः

**खाद्य तथा पोषण सुरक्षाः** पारिवारिक फार्महरुले देशको खाद्यान्नको ठूलो हिस्सा उत्पादन गर्छन् र घरेलु उपभोगका लागि आवश्यक अन्न, तरकारी र पशुधन उत्पादनहरु सुनिश्चित गर्छन्, जसले राष्ट्रिय खाद्य सुरक्षामा उल्लेखनीय योगदान पुऱ्याउँछ।

**जीविकोपार्जन र रोजगारः** ६० प्रतिशत् भन्दा बढी जनसंख्या अझै पनि आफ्नो जीविकोपार्जनका लागि कृषिमा निर्भर छन्, जसले यसलाई विशेष गरी ग्रामीण क्षेत्रमा रोजगारी र आम्दानीको प्राथमिक स्रोत बनाउँछ।

**गरिबी न्यूनीकरणः** ग्रामीण विकासका लागि पारिवारिक खेतीलाई सहयोग गर्नु महत्वपूर्ण छ। जसले विशेषगरी सीमान्तकृत समुदायहरुमा राम्रो आय, रोजगारीका अवसरहरु र गरिबी घटाउने सम्भावना प्रदान गर्दछ।

**सांस्कृतिक संरक्षण र सामाजिक एकताः** कृषि अभ्यासहरु स्थानीय संस्कृति, सामुदायिक पहिचान, र परम्परागत ज्ञान र स्थानीय बिउ प्रजातिहरुको संरक्षणसँग जोडिएको छ, जसले विगत, वर्तमान र भावी पुस्ताहरुलाई जोड्दछ।

**महिला सशक्तिकरणः** पुरुषहरु बसाइँ सर्दै जाँदा, महिलाहरुले प्रमुख भूमिका खेल्छन्, जसले उचित सहयोगका **बाँकी ७ पेजमा**

# नेपाल चीन सम्बन्ध भित्रका महत्वपूर्ण कुरा

कृष्ण अधिकारी



चीन एक उदीयमान शक्ति राष्ट्रको रुपमामात्र नभएर आगामी शताब्दीलाई पनि आफ्नो अनुकूल हिँडाउन सक्षम रहने यसले लिएका आर्थिक विकासका रणनीतिहरुले सहजै अनुमान लगाउन सकिन्छ। उक्काइसौं शताब्दीको जटिल र परस्पर सम्बद्ध विश्वमा चीनले आफ्नो अनौठो ऐतिहासिक, सांस्कृतिक र राजनीतिक अनुभवका आधारमा विकास, सुशासन र अन्तरराष्ट्रिय सम्बन्धका लागि एक व्यवस्थित दृष्टिकोण विकास गरेको छ। यो दृष्टिकोण केवल आर्थिक सूचकांकमा मात्र केन्द्रित नभएर मानव समुदायको भविष्यका लागि साझा भाग्यको एक सामूहिक खोजीमा आधारित छ। भूगोलले मात्र नभई सदिऔंदेखिको सम्बन्धले नेपाल चीनको असल मित्रराष्ट्र हो तर चीनबाट नेपालले जे जति सहयोग लिन सक्नुपर्ने हो त्यसमा भने सन्तुष्ट हुनसक्ने ठाउँ रहेको छैन। चीनले लिएका पछिल्ला नीतिहरुका बारेमा नेपालले गहन रुपमा आत्मसात गर्न नसकेको मात्र होइन, त्यसको अन्त्र्यलाई बुझ्नुभन्दा अपव्याख्यागर्ने प्रवृत्तिले गर्दा पनि अनावश्यक विवाद सिर्जना भई सहयोगका ढोकाहरु राम्ररी खुल्न सकेका छैनन्। आम सर्वसाधारणमा मात्र होइन, राजनीतिक नेतृत्वहरुमा नै चीनप्रतिको बुझाइ निकैकम रहेको अवस्थामा चीनले लिएका पछिल्ला रणनीतिहरुका बारेमा स्पष्ट गराउने गरी लामो समय चीनमा रहेर पत्रकारितागर्दै आउनुभएका पत्रकार चेतनाथ आचार्यद्वारा लिखित चिनियाँ दृष्टिकोण नामक पुस्तक नेपालका राजनीति कर्मी, बिद्यार्थी, प्राध्यापक, पत्रकार, कूटनीतिकर्मी, खोज अनुसन्धानकर्ता लगायत चीनका बारेमा चासो राख्ने सर्वसाधारण सबैका लागि लाभदायक नै हुनेछ। आचार्यले यस अगाडि पनि चीनकाबारेमा थुप्रै पुस्तक लेखिसक्नुभएको छ। पुस्तकमा चिनियाँ दृष्टिकोणका आधारभूत मान्यताहरु जस्तै जिडीआई, जिएसआई, जिसीआई, बिआरआई, जिजीआई र चीनमा कार्यमूलक लोकतन्त्रको महत्वकाबारेमा जानकारी दिइएको छ। यी नीतिहरुकाबारेमा विस्तृत रुपमा अध्ययन पुस्तकबाट सम्भव नहुने भए पनि सारभूत कुराहरु थाहापाउन भने सकिन्छ।

चीनले विश्वव्यापी समृद्धिका लागि ल्याएको जिडीआइ, जीएसआई, जिसीआइजस्ता मान्यताहरुलाई नै चिनियाँ दृष्टिकोण भनिन्छ। यिनै विषयवस्तुहरुलाई लेखकले पुस्तकमा विवेचना गर्न खोज्नुभएको छ। पुस्तकमा समाविष्ट अधिकांश सामग्री अंग्रेजी भाषाबाट अनुवाद र सम्पादन गरिएको कुरालाई लेखकले स्वीकार्नु मात्र भएको छैन, सन्दर्भ सामग्रीकारुपमा मूलस्रोतका लिंकहरु राखिदिएकाले त्यसमा थप अध्ययनगर्न चाहनेहरुका लागि ढोका पनि खोलिदिनुभएको छ। पछिल्लो समय चीनले नेपालबाट विभिन्न क्षेत्रका व्यक्तिहरुलाई आमन्त्रण गरेर यी र यस्तै विषयमा प्रशिक्षणहरु सञ्चालनगर्दै आए पनि ती पर्याप्त हुन सक्दैनन्। यस पुस्तकले त्यो अप्रयाप्ततालाई पूरागर्न सहयोगगर्ने नै छ। जिडीआई चिनियाँ विदेश नीति र विश्वशासन दर्शनको मूलभूत सिद्धान्त हो। जिडीआईले आर्थिक असमानता, जलवायु परिवर्तन र महामारीजस्ता विश्वव्यापी चुनौतीहरुको सामनाका लागि एकजुट हुन आवश्यक रहेको कुरामा जोड दिनेगरेको छ। जिडीआईले विकासलाई प्राथमिकता दिन्छ, विशेषगरी संयुक्त राष्ट्र संघको सतक विकास लक्ष्य सन् २०३० लाई पूरागर्ने संकल्पलाई बलियो बनाउँदछ। गरिबी निवारण, खाद्य सुरक्षा र स्वच्छ ऊर्जाजस्ता क्षेत्रहरुमा सहकार्यलाई बढावा दिँदै यस पहलले विकासशील राष्ट्रहरुलाई 'सही क्षमता निर्माण'मार्फत आत्मनिर्भर बन्न र विश्व अर्थतन्त्रमा सहभागी हुन सहयोगगर्ने उद्देश्यले विश्वव्यापी विकास असमानतालाई घटाउने प्रयत्न गर्छ। एक्काइसौं शताब्दीमा परम्परागत र गैरपरम्परागत चुनौतीहरु थपिँदै गएको सन्दर्भमा चीनले विश्वव्यापी सुरक्षा अभियान 'जिएसआई' ल्याएर समस्याहरुको सामूहिक निराकरणमा अग्रसरता देखाएको छ। एक अकार्काको सांस्कृतिक सभ्यताको सम्मानगर्दै सद्भावपूर्ण वातावरण सिर्जना गर्नका लागि चीनले अगाडि सारेको विश्वव्यापी सभ्यता अभियान 'जिसीआई' अहिले लोकप्रिय बनेको छ। विश्वव्यापी सभ्यता पहलअर्थात् जीसीआई भनेर चिनिने एक नयाँ अन्तर्राष्ट्रिय पहल **बाँकी ७ पेजमा**

# समाचार विविध

## नेपालमा कतारी लगानी आकर्षित गर्ने

काठमाडौं। नेपालमा कतारी लगानी आकर्षित गर्ने प्रयास हुन थालेको छ। कतारको चेम्बर अफ कमर्स एन्ड इन्डष्ट्रिजका बोर्ड सदस्य मोहद अहमद एमए अलोबैदेलीको नेतृत्वमा गतसाता नेपाल आएको कतारी प्रतिनिधिमण्डले अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र परराष्ट्रमन्त्री बालानन्द शर्मासँग भेटेर लगानीको संभाव्यताका बारेमा छलफल समेत गरेको थियो। कतारी प्रतिनिधिमण्डल नेपाल उद्योग वाणिज्य महासंघको निमन्त्रणामा नेपाल भ्रमणमा आएको थियो। भेटवार्तामा नेपालका लागि कतारका राजदूत मिसाल बिन मोहम्मद अली अल अन्सारी, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको समेत उपस्थिति रहेको थियो। भेटकाक्रममा नेपाल-कतार द्विपक्षीय लगानी प्रवर्द्धन, व्यापार विस्तार, दुई देशको सरकारी तहका साथै निजी क्षेत्र बीचको सहकार्यका सम्भावनाबारे विस्तृत छलफल भएको थियो। छलफलकाक्रममा अर्थमन्त्री रामेश्वर प्रसाद खनालले नेपालमा लगानीमैत्री वातावरण निर्माणका लागि कानूनी तथा संरचनागत सुधारहरु अघिबढाइएको बताउनुभएको थियो। उहाँले वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरणमार्फत आर्थिक वृद्धिलाई गति दिन सरकार निजी क्षेत्रसँग सहकार्यगर्न तयार रहेको दाबि समेत गर्नुभएको थियो। उहाँले नेपालको ऊर्जा, खनिज, स्वास्थ्य, शिक्षा, पर्यटन, कृषि प्रशोधन, सूचना प्रविधी लगायतका विविध क्षेत्रमा कतारी लगानीको सम्भावना रहेकोमा जोड दिनुभएको थियो। त्यसैगरी परराष्ट्रमन्त्री बालामन्द शर्माले नेपालले विदेशी लगानीकर्ताका लागि नीतिगत सुधार र कूटनीतिक सहजीकरणलाई प्राथमिकतामा राखेको बताउँदै कतारी लगानीकर्तालाई ऊर्जा, पर्यटन, पूर्वाधार र सूचना प्रविधिजस्ता क्षेत्रमा लगानीका प्रशस्त अवसर रहेको उल्लेख गर्नुभएको थियो। कतारका लागि नेपालका राजदूत मिसाल बिन मोहम्मद अली अल अन्सारीले कतारी निजी क्षेत्र नेपालमा लगानीगर्न इच्छुक रहेको बताउँदै स्थिर नीति, सहज बैंकिङ प्रणाली र लगानी सुरक्षाले लगानी प्रवाह अझ बढ्ने विश्वास व्यक्त गर्नुभएको थियो। महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा निजी क्षेत्र नेतृत्वको विकास मोडेललाई प्रवर्द्धनगर्न महासंघले सक्रिय भूमिका खेल्दैआएको उल्लेख गर्नुभएको थियो। उहाँले कतारी लगानीकर्तालाई नेपालमा दीर्घकालीन साझेदारीका लागि आह्वानगर्दै ऊर्जा, पर्यटन, जलबिद्युत, होटल, कृषि प्रशोधन र पूर्वाधार क्षेत्रमा संयुक्त लगानीको ठूलो सम्भावना रहेको बताउनुभएको थियो। कतार चेम्बर अफ कमर्स एन्ड इन्डष्ट्रिजका बोर्ड सदस्य मोहद अहमद एमए अलोबैदेलीले नेपालमा लगानीको वातावरणबारे सकारात्मक धारणा राख्दै दुवै देशका निजी क्षेत्रबीच प्रत्यक्ष सहकार्य र व्यवसायिक आदान-प्रदान विस्तारगर्न इच्छुक रहेको बताउनुभएको थियो। भेटवार्ताले नेपाल-कतार आर्थिक सम्बन्धलाई नयाँ उचाइमा लैजान र भविष्यमा ठोस लगानी सहकार्यका आधार तयारगर्न सहयोग पुग्ने अपेक्षा गरिएको थियो।

## गाडीको नम्बर प्लेट नेपालीमै हुनुपर्ने

काठमाडौं। नेपालको हर क्षेत्रमा अंग्रेजीकरण गर्ने/गराउने प्रयास भैरहेकै बेला गाडीको इम्बोष्ड नम्बर प्लेटमा देवनागरी लिपि मै प्रयोग गर्नुपर्ने भएको छ। सर्वोच्च अदालतले सवारी साधनमा प्रयोग हुने इम्बोष्ड नम्बर प्लेटमा देवनागरी लिपि प्रयोगगर्न अन्तरिम आदेश जारीगरेको छ। न्यायाधीशद्वय कुमार रेग्मी र महेश शर्मा पौडेलको गतसाता बसेको संयुक्त इजलासले इम्बोष्ड नम्बर प्लेटमा अंग्रेजी भाषामात्रै प्रयोग नगर्न अन्तरिम आदेश जारीगरेको हो। अधिवक्ता रामबहादुर राउत मातृदासले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक यातायात व्यवस्था विभाग, अर्थ मन्त्रालय, लुम्बिनी प्रदेश सरकार उद्योग पर्यटन तथा यातायात मन्त्रालय यातायात व्यवस्था विभाग र डेकाटुर टाइगर कम्पनी नेपाललाई विपक्षी बनाएर रिट दायर गर्नुभएको थियो। न्यायाधीशद्वय महेश शर्मा पौडेल र कुमार रेग्मीको संयुक्त इजलासले इम्बोष्ड नम्बर प्लेटमा अंग्रेजी भाषा प्रयोग नगर्न अन्तरिम आदेश जारी गरेको हो। अधिवक्ता राउतले सर्वोच्चको अन्तरिम आदेश जारी भएसँगै सकारात्मक सन्देश प्रवाह भएको र यो नेपालीको जित भएको प्रतिक्रिया दिनुभएको छ। सर्वोच्चको आदेशसँगै देवनागरी लिपिलाई विस्थापित गरेर अंग्रेजी भाषामात्रै प्रयोग गर्नेगरी भएको निर्णय गलत साबित भएको छ। यसअघि ०७९ चैत २२ मा सरकारले इम्बोष्ड नम्बर प्लेटमा अंग्रेजीसँगै नेपाली भाषा पनि प्रयोगगर्न सकिनेगरी कानून संशोधनगर्ने निर्णय गरेको थियो। तत्कालीन मन्त्रिपरिषद्को बैठकले इम्बोष्ड नम्बर प्लेट नेपाली भाषामा पनि प्रयोगगर्न सकिनेगरी सवारी तथा यातायात व्यवस्था ऐन-०४९ संसोधनगर्ने निर्णय लिएको थियो। नम्बर प्लेटमा देवनागरी लिपिमा आधारित नेपाली अक्षर र अंक अनिवार्य रुपमा राख्न अन्तरिम आदेश जारीगरेको अधिवक्ता राउतले बताउनुभएको छ। यो अन्तरिम आदेशले नेपालका सम्पूर्ण सवारी साधनहरुमा नेपाली पहिचान झल्किने देवनागरी लिपि प्रयोग गर्नुपर्ने संवैधानिक अधिकारलाई पुनःस्थापित गरेको छ।

## सामाजिक सञ्जालबारे सुरक्षा निकाय चिन्तित

काठमाडौं। सामाजिक सञ्जालमा भैरहेको दुरुपयोगबारे सुरक्षा निकाय चिन्तित देखिन थालेको छ। जुनकुरा गतसाता भएको नेपाल प्रहरीको रणनीतिक सम्मेलन र नेपाली सेनाको पृतनापति सम्मेलनमा समेत गंभिरताका साथ उठेको थियो। नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित अपराध अनुसन्धान र शान्ति सुरक्षामा सञ्चार माध्यमको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रममा वरिष्ठ प्रहरी अधिकारी एवं सञ्चारकर्मीहरुले यसतर्फ चिन्ता व्यक्तगर्दै सहयोग र सहकार्य हुनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो। बिद्युतीय अपराध न्यूनीकरण तथा सचेतना कार्यक्रममा सक्रिया अधिकारी तथा विज्ञहरुले आधुनिक सूचना प्रविधिको दुरपयोगगरी श्रव्यदृष्य सामगीसमेत तयारगरी सामाजिक सञ्जालमार्फत झुठा, काल्पनिक र असान्दर्भिक सूचना र समाचार सम्प्रेषण गरेर जनतालाई दिग्भ्रमित गर्नेहरुका विरुद्ध सहकार्य हुनुपर्नेमा जोड दिनुभएको थियो। त्यसक्रममा नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले बिद्युतीय अपराधसम्बन्धी अनुसन्धनान कार्य जटिल र चुनौतीपूर्ण बन्दै गइरहेको अवस्थामा छुट्टै युनिट गठन गर्नुपर्ने अवस्थामा प्रहरी पुगेको उल्लेखगर्दै बिद्युतीय अपराध न्यूनीकरण तथा रोकथामका पक्षमा सहयोगगर्न सञ्चारकर्मीसँग अनुरोध गर्नुभएको थियो। नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले सामाजिक सञ्जालको दुरुपयोगगरी समाजमा वितृष्णा फैलाउने तत्वका कारण सञ्चारकर्मी र अनुसन्धानमा संलग्न सुरक्षाकर्मीसमेत अप्ठ्यारोमा परिरहेको बिद्यमान अवस्थामा सहयोग र सहकार्यको विकल्प नरहेको धारणा व्यक्त गर्नुभएको थियो। विज्ञापन बोर्ड नेपालका अध्यक्ष लक्ष्मण हुमागाईंले कार्यपत्र **बाँकी ७ पेजमा**

## सामाजिक..

प्रस्तुतगर्दै गलत समाचारका कारण स्वयं मूलधारका आमसञ्चारकर्मीसमेत प्रभावित भएको दृष्टान्त पेश गर्नुभएको थियो। प्रहरी अतिरिक्त महानिरीक्षक सुशीलसिंह राठौरले पछिल्ला दिनमा बिद्युतीय अपराधसम्बन्धी घटना बढेसँगै अनुसन्धान प्रक्रिया थप जटिल बनेको भनी चिन्ता व्यक्त गर्नुभएको थियो।

## नेपाल...

चीनले सार्वजनिक गरेको छ। यसको मुख्य उद्देश्य अन्तरराष्ट्रिय सहयोगलाई बढावा दिएर विश्वव्यापी चुनौतीहरु समाधान गर्नु हो। यसले सार्वभौमिक समानता, अन्तरराष्ट्रिय कानुन, बहुपक्षवाद, मानव केन्द्रित दृष्टिकोण र ठोस कार्यहरुमा केन्द्रित नीति बोकेको छ। चीनले संयुक्त राष्ट्रसंघको केन्द्रीय भूमिकालाई कायम राख्न र विकासशील राष्ट्रहरुको आवाजलाई बलियो बनाउन यो पहल ल्याएको हो। यो पहल भविष्यको विश्व व्यवस्थाका बारेमा चीनको दृष्टिकोणको एक भाग हो। जिडीआई, जिएसआई र जिसीआईका सिद्धान्तहरुलाई कार्यान्वयनगर्ने एक व्यावहारिक र ठोस मञ्च हो बीआरआई। यो एसिया, युरोप, अफ्रिका र अन्य क्षेत्रहरुबीच आधारभूत संरचना, व्यापार र वित्तीय एकीकरणलाई बढावा दिने एक महत्त्वाकांक्षी परियोजना हो। यसले सडक, रेलवे, बन्दरगाह र ऊर्जा परियोजनाहरुमार्फत यातायात लागत घटाएर व्यापार र लगानीलाई सुविधाजनक बनाउँछ। अहिले पनि धेरै विकासशील राष्ट्रहरुले आधारभूत संरचनाको अभाव भोगिरहेका छन्। बीआरआईले ती देशहरुलाई आर्थिक विकासका लागि आवश्यक भौतिक आधार निर्माण गर्न सहयोग गर्दछ। बीआरआईले एक पक्षीय लाभको सट्टा पारस्परिक रुपले फाइदाजनक सहकार्यमा जोड दिन्छ। यसले सहभागी राष्ट्रहरुको अर्थतन्त्रलाई गति दिन्छ भने चीनलाई नयाँ बजारहरु र साझेदारहरु प्राप्त हुन्छन्। शान्ति, सहकार्य, सद्भाव र पारस्परिक लाभमा आधारित विश्वको पुनः कल्पना गरेका छन्। मकालु प्रकाशन गृहले प्रकाशनमा ल्याएको यो पुस्तकमा २७ वटा लेखहरु समावेश गरिएका छन्। चीनले विश्वलाई बाँडिरहेको विकास, शान्ति, सुरक्षा, सभ्यताजस्ता दृष्टिकोणलाई समेटेर लेखिएको यो पुस्तक 'चिनियाँ दृष्टिकोण' प्रकाशनगर्न पाउँदा गौरवान्वित भएको बताउँदै प्रकाशन गृहका प्रमुख वासुदेव ढकालले प्रकाशकीयमा लेख्नुभएको छ- चीनले आफूमात्र विकसित नभई छिमेकी मुलुकहरुलाई पनि विकासका भँगालाहरुमा समेट्दै अगाडि बढ्दा चीनले प्राप्त गरेको समृद्धि अरु मुलुकलाई पनि बाँड्दै आएको छ। चीनका यी दृष्टिकोण चीनका लागि मात्र नभएर बाह्य जगतका लागि लाभदायक छन्। विश्वलाई विकासका उल्लिखित नमूना वितरणगर्ने हैसियत बनाएको चीनले आन्तिरिक रुपमा चाहिँ अनुपम प्रजातन्त्र अँगालेको छ। समग्रमा पुस्तक जीडीआई, जिएसआई, जिसीआई, बिआरआई र कार्यमूलक लोकतन्त्र विश्व शासन र विकासका लागि दूरदर्शी र रोडम्याप बुझ्नका लागि उपयोगी छ। **लेखक : रासस सम्बद्ध बरिष्ठ पत्रकार हुनुहुन्छ।**

## नेपालको...

साथ महत्वपूर्ण महिला सशक्तिकरण र समुदायभित्र लैङ्गिक गतिशीलतामा परिवर्तन ल्याउन सक्छ।

**वातावरणीय दिगोपना र जलवायु लचिलोपनः** परम्परागत र एकीकृत खेती अभ्यासहरु, जस्तै कृषि-पारिस्थितिकी र जैविक मलको प्रयोग, जैविक विविधता संरक्षण गर्न, माटोको स्वास्थ्य सुधारगर्न र जलवायु अनुकूलन समाधानहरु प्रस्ताव गर्न मद्दत गर्दछ।

**नेपालमा पारिवारिक खेतीको दिगोपना** नेपालमा पारिवारिक खेती स्वाभाविक रुपमा वातावरणीय, सामाजिक र आर्थिक पक्षहरुमा दिगोपनसँग जोडिएको छ, जसले ग्रामीण आजीविका र खाद्य सुरक्षाको मेरुदण्ड बनाउँछ। **वातावरणीय दिगोपनाः** नेपालका पारिवारिक फार्महरु प्रायः परम्परागत अभ्यासहरुमा भर पर्छन् जुन पारिस्थितिकीय रुपमा अनुकूल छन् र वातावरणीय संरक्षणमा योगदान पुर्याउँछन्।

**जैविक विविधता र माटोको स्वास्थ्यः** परम्परागत मिश्रित कृषि प्रणालीले पशुधन, तरकारी, फलफुल र अन्नलाई एकीकृत गर्दछ, जैविक विविधतालाई बढावा दिन्छ र सिन्थेटिक रसायनको सट्टा खेतको मल र कम्पोस्टको प्रयोग गरेर माटोको उर्वरता कायम राख्छ।

**जलवायु लचिलोपनः** अन्तर फसल, कृषि वानिकी, वर्षा जल संचयन, र देशी, जलवायु-लचिलो बिउ प्रयोग गर्ने जस्ता अभ्यासहरुले अनियमित मौसम ढाँचा, खडेरी, र जलवायु परिवर्तनले गर्दा हुने भूस्खलन विरुद्ध लचिलोपन निर्माण गर्न मद्दत गर्दछ।

**कम प्रदूषणः** रासायनिक मल र कीटनाशकहरुको कम वा कुनै प्रयोगले माटोको क्षरण, पानी प्रदूषण, र ग्रीनहाउस ग्याँस उत्सर्जनलाई कम गर्दछ, प्राकृतिक वातावरण र जनस्वास्थ्यको रक्षा गर्दछ।

**जल व्यवस्थापनः** ड्रिप इरिगेसन, मल्चिङ, र सामुदायिक पानी ट्यांकी निर्माण जस्ता कुशल जल व्यवस्थापन प्रविधिहरुले जलस्रोतको संरक्षण गर्न मद्दत गर्दछ, जुन अभावको सामना गर्ने क्षेत्रहरुमा एक महत्वपूर्ण पक्ष हो।

**सामाजिक दिगोपना** पारिवारिक खेतीले समुदायभित्र सामाजिक संरचना र समानता कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्छ। **महिला सशक्तिकरणः** धेरै पुरुषहरु कामका लागि बसाइँ सरिरहेका छन्, महिलाहरु बढ्दो रुपमा कृषिमा प्राथमिक निर्णयकर्ताहरु बनिरहेका छन्, जसले महिला नेतृत्वको कृषि समूह र सहकारीहरुको उदयलाई बढावा दिन्छ जसले समानता र लचिलोपनलाई प्रवर्द्धन गर्दछ।

**सामुदायिक एकता र ज्ञान हस्तान्तरणः** पारिवारिक खेतीले समुदायको बलियो भावनालाई बढावा दिन्छ, सांस्कृतिक सम्पदाको संरक्षण गर्दछ र पुस्तौं पुस्तासम्म परम्परागत कृषि ज्ञानको हस्तान्तरणलाई सहज बनाउँछ।

**खाद्य तथा पोषणसुरक्षा :** स्थानीय खाद्य सुरक्षा र स्वस्थ, स्थानीय रुपमा उब्जाइएका उत्पादनहरुमा पहुँच सुनिश्चितगर्दै पारिवारिक फार्महरुले देशमा खपत हुने अधिकांश खाद्यान्न उत्पादन गर्छन्।

**आर्थिक दिगोपना** जबकि धेरै पारिवारिक फार्महरु निर्वाह स्तरमा सञ्चालन हुन्छन्, तिनीहरुले दिगो अभ्यासहरु र संस्थागत समर्थनको माध्यमबाट आर्थिक व्यवहार्यताका लागि महत्वपूर्ण सम्भावना प्रदान गर्छन्।

**बजार पहुँच र मूल्य शृङ्खलाहरुः** दिगो मूल्य शृङ्खलाहरु विकास गर्ने, किसानहरुलाई बजारसँग जोड्ने, र कृषि-व्यवसायहरुलाई सहयोग गर्ने पहलहरुले किसानहरुको आय सुधार गर्न र फसल पछिको घाटा कम गर्न मद्दत गर्दछ। **लागत घटाउनेः** खेतीमा जैविक सामग्री र स्थानीय स्रोतहरुमा निर्भरताले रासायनिक मल र कीटनाशक जस्ता महँगो बाह्य सामग्रीहरुमा निर्भरता घटाउँछ, उत्पादन लागत घटाउँछ। **विविधीकरण र उद्यमिताः** बाली विविधीकरण ( तरकारी, कफी, र जडिबुटी जस्ता उच्च मूल्य नगद बालीहरु) लाई प्रोत्साहित गर्दै र कृषि उद्यमशीलतालाई समर्थनगर्दै, विशेषगरी युवा र महिलाहरुमा, नयाँ आर्थिक अवसरहरु र स्थिर आजीविका प्रदान गर्दछ। यी वातावरणीय, सामाजिक र आर्थिक पक्षहरुलाई एकीकृत गरेर नेपालमा पारिवारिक खेती खाद्य सुरक्षा र दिगो विकास लक्ष्यहरु प्राप्त गर्ने महत्वपूर्ण मार्ग हो।

**ग्रामीण अर्थतन्त्रमा पारिवारिक खेतीको योगदान** पारिवारिक खेती नेपालको ग्रामीण अर्थतन्त्रको मेरुदण्ड हो। जसले खाद्य सुरक्षा, जनसंख्याको ६० प्रतिशत् भन्दा बढीको जीविकोपार्जन, र सांस्कृतिक पहिचानको संरक्षण गर्दछ। यद्यपि यसको प्रत्यक्ष जीडीपी सेयर घटेको छ। यी साना, परिवारद्वारा सञ्चालित फार्महरुले देशको अधिकांश खाद्यान्न उत्पादन गर्दछ। जैविक विविधता (जैविक अभ्यासहरु) कायम राख्दछ र पशुधन र बालीहरु मार्फत आय उत्पन्न गर्दछ, र स्थानीय व्यवसायहरुलाई प्रवर्द्धन गर्दछ, जसले तिनीहरुलाई गरिबी निवारण र ग्रामीण दिगोपनका लागि महत्वपूर्ण योगदान गर्दछ।

**प्रमुख योगदानहरु खाद्य तथा पोषण सुरक्षाः** पारिवारिक फार्महरुले घरेलु उपभोगका लागि आवश्यक अन्न, तरकारी, फलफुल र दुग्ध आपूर्ति गर्छन्, ग्रामीण परिवारहरुलाई प्रत्यक्ष खाना दिन्छन् र बजारमा निर्भरता कम गर्छन्।

**जीविकोपार्जन र रोजगारः** कृषि, पारिवारिक फार्महरुको प्रभुत्व, अधिकांश ग्रामीण नेपालीहरुका लागि प्राथमिक आय स्रोत हो, यसमा ६० प्रतिशत् भन्दा बढी निर्भर छ, जीडीपी सेयर घट्दै गए पनि।

**सांस्कृतिक सम्पदा र जैवविविधताः** यी फार्महरुले परम्परागत कृषि ज्ञान, विविध स्थानीय बिउ प्रजातिहरु र जैविक अभ्यासहरु, प्रायः पशुधन, बालीहरु, र घर बगैंचाहरु एकीकृत गर्दछ।

**आर्थिक गुणक प्रभावः** कृषि गतिविधिहरुले स्थानीय व्यवसायलाई समर्थन गर्दै कृषि सामग्री (बिउ, मल, उपकरण) र उत्पादनको बिक्रीको मागमार्फत स्थानीय अर्थतन्त्रलाई प्रोत्साहित गर्दछ। **गरिबी निवारणः** पारिवारिक खेती प्रणालीभित्र गाईवस्तु (गाई, भैसी, बाख्रा, कुखुरा, बुङ्गुर आदि) आय, पोषण आपूर्ति (दूध, मासु) र कमजोर घरपरिवारलाई सहयोग गर्नु महत्वपूर्ण हुन्छ, जसले विपद्मा सुरक्षा सञ्जालको रुपमा काम गर्दछ। गरिबी निवारणको लागि कृषि तथा पशुपालन व्यवसाय इन्जिनको रुपमा रहेको भए पनि कृषिको व्यवसायिकीकरण गर्न नसकिएकाले अझै २०.२७ प्रतिशत् जनसंख्या गरिबीको रेखामुनी रहेको पाइन्छ।

**जैविक खेतीः** पारिवारिक फार्म ( पशुधन, तरकारी, अनाज) को एकीकृत प्रकृतिले स्वाभाविक रुपमा जैविक विधिहरुलाई बढावा दिन्छ, खेतको मल र न्यूनतम रसायनहरुमा भर पर्दछ। नेपालमा जैविक खेतीको प्रचुर सम्भावना भए पनि यसतर्फ खासै ध्यान दिएको पाइदैन। केही जिल्ला र प्रदेश सरकारले जैविक कृषिको पहल गरे पनि नतिजा भने उत्साहजनक देखिदैन।

**चुनौती र भविष्यको दिशा जीडीपीमा गिरावटः** अझै पनि महत्वपूर्ण भए पनि, राष्ट्रिय जीडीपीमा कृषिको हिस्सा घटेको छ, जसले मूल्य अभिवृद्धि र औद्योगिकीकरणको आवश्यकतालाई संकेत गर्दछ।

**आधुनिकीकरणका आवश्यकताहरुः** फार्महरुले कम उत्पादकता, आधुनिक प्रविधिहरुमा सीमित पहुँच, र जलवायु परिवर्तनका प्रभावहरु जस्ता चुनौतिहरुको सामना गर्छन्। जसले राम्रो प्रविधि, सिँचाइ, र बजार पहुँचको आवश्यकतालाई प्रकाश पार्छ।

**नीतिगत सहयोगः** संयुक्त राष्ट्र संघको पारिवारिक खेतीको दशकजस्ता पहलहरुको उद्देश्य नीतिहरुलाई बढावा दिने, सहकारी संस्थाहरुलाई समर्थन गर्ने (धादिङमा देखापरेको जस्तै) र ग्रामीण रुपान्तरणमा पारिवारिक खेतीको भूमिकालाई बलियो बनाउन बजार पहुँच सुधार गर्ने रहको देखिन्छ।

**निष्कर्ष**

नेपालमा पारिवारिक खेती ग्रामीण अर्थतन्त्र, खाद्य सुरक्षा र वातावरणीय लचिलोपनको मेरुदण्ड हो भन्ने निष्कर्षमा पुगेको छ। तैपनि यसले राष्ट्रिय आर्थिक रुपान्तरणको सम्भावनामा बाधा पुऱ्याउने गम्भीर चुनौतीहरुको सामना गरिरहेको छ। यो साना, खण्डित जमिनहरु र परम्परागत, प्रायः निर्वाह-उन्मुख, अभ्यासहरुद्वारा सञ्चालित छ। नेपालका अधिकांश परिवारहरु पारिवारिक खेतीमा संलग्न छन्। यस क्षेत्रमा खपत हुने करिब ८० प्रतिशत् खाद्यान्न उत्पादन गर्छन् र घरेलु स्तरको खाद्य सुरक्षा सुनिश्चित गर्छन्। नेपालको कुल गार्हस्थ्य उत्पादन र रोजगारीमा कृषिको महत्वपूर्ण योगदान छ। तर यो हिस्सा घट्दै गएको छ। यो क्षेत्र कम उत्पादकत्व, आधुनिक प्रविधिको अभाव, अपर्याप्त सिँचाइ, बजार र ऋणमा सीमित पहुँचद्वारा ग्रसित छ। विदेशी रोजगारीका लागि उच्च पुरुष आप्रवासनका साथ, महिलाहरु बढ्दो रुपमा प्राथमिक निर्णयकर्ता र कृषिमा मुख्य श्रम शक्ति बनिरहेका छन्। यो परिवर्तनले उनीहरुको कामको भार बढाउँदै सहकारी र कृषि व्यवसायमा महिलाको नेतृत्वका लागि अवसरहरु पनि सिर्जना गर्दछ। नेपालका पारिवारिक फार्महरुले प्रायः परम्परागत, विविध खेती अभ्यासहरु प्रयोग गर्छन्। जुन स्वाभाविक रुपमा जलवायु लचिलो हुन्छ, जस्तै अन्तर बाली र स्वदेशी बिउहरु प्रयोग गर्ने। यी विधिहरुलाई अनियमित मनसुन र भूस्खलन जस्ता बढ्दो जलवायु आघातहरु अनुकूल बनाउनको लागि कुञ्जीको रुपमा हेरिन्छ। एउटा प्रमुख चिन्ताको विषय भनेको युवाहरुमा कृषिमा घट्दो चासो हो किनभने यसलाई कम-स्थिति, कम तलब दिने जागिरको रुपमा धारणा गरिएको छ। यसले श्रमिकको गम्भीर अभाव, जग्गा परित्याग र बुढेसकालमा खेती गर्ने जनसंख्या निम्त्याउँछ। धेरै पहाडी र हिमाली खेतहरु कम रासायनिक सामग्री प्रयोगका कारण पूर्वनिर्धारित रुपमा व्यवस्थित छन्। जैविक उत्पादनको बढ्दो माग पूरा गर्न सहकारी र लक्षित सहयोगमार्फत जैविक र जलवायु-स्मार्ट कृषि अभ्यासहरु बढाउने महत्वपूर्ण सम्भावना छ। सारमा, पारिवारिक खेती एउटा लचिलो प्रणाली हो जसमा दिगो ग्रामीण विकास चलाउन र राष्ट्रिय खाद्य सुरक्षालाई सम्बोधन गर्ने क्षमता राख्छ। तर यसका लागि पर्याप्त नीतिगत परिवर्तन आवश्यक छ। यसको पूर्ण क्षमतालाई अनलक गर्न, यसलाई केवल निर्वाह गतिविधिको रुपमा हेर्नु भन्दा आर्थिक रुपान्तरणको इन्जिनको रुपमा मान्यता दिन आवश्यक छ। प्रविधि, बजार पहुँच, र सर्वसुलभ कर्जा, हरेक बालीको समर्थन मूल्य तोक्ने, उत्पादनका आधारमा अनुदानको व्यवस्था गर्ने, गरिब तथा निम्न मधयम वर्गमा कृषि प्रसार कार्यक्रम केन्द्रित गर्ने, व्यवसायिक खेतीतर्फ किसानलाई आकर्षित गर्ने जस्ता कुरामा तीनै तहका सरकारले ध्यान दिनु पर्ने देखिन्छ। किसानको श्रमको सम्मान र कृषि उपजको उचित न्युनतम मूल्य निर्धारण, कृषि तालिम, कृषि सामग्री, आधुनिक प्रविधिको सुविधा आदि प्रदान गर्नु सरकारको नीति तथा कार्यक्रम र बजेटमा प्रष्ट रुपमा आउनुपर्छ।

## उत्तर...

तर्क र विचार प्रस्तुत गर्नेगरेका छन्। उनीहरुको दृष्टिकोण र तर्कहरु प्रायः केही प्रमुख बुँदामा आधारित हुन्छन्। उत्तर कोरियाका समर्थकहरुले आत्मनिर्भरता र स्वाधीनताको सिद्धान्तलाई महत्वपूर्ण मान्छन्। उनीहरुकाअनुसार सो विचारधाराले उत्तर कोरिया आफ्नो राष्ट्रिय हित र राजनीतिक स्वतन्त्रताको रक्षागर्न र बाह्य शक्तिहरुको हस्तक्षेपबाट बच्नका लागि सक्षम बनाउँछ। उत्तर कोरियाले भनेको छकि उनीहरुको शासन प्रणालीमा धेरै सामाजिक र आर्थिक समानता छ, जसले सबै नागरिकलाई समान अवसर दिन्छ। समर्थकहरु यसलाई सरकारको प्रमुख उपलब्धि मान्छन् र उनीहरुकाअनुसार उत्तर कोरियामा ठूलो धनवृद्धि र बर्ग विभाजन छैन। किम जोङ-उनलाई सैनिक र सामरिक नेतृत्वको धनी मानिन्छ। उत्तर कोरियाका समर्थकहरु प्रायः देशको सैन्य शक्ति र परमाणु कार्यक्रमको पक्षमा खड़ा हुन्छन्। उनीहरुले यसलाई आत्मरक्षाको उपायकारुपमा देख्छन्। जसले देशलाई विदेशी आक्रमण र धम्कीबाट बचाउँछ। उत्तर कोरियाका समर्थकहरु प्रायः सरकारको सञ्चार र सूचना नीतिको समर्थन गर्छन्। जसको उद्देश्य झूठ र प्रोपोगण्डाको प्रभावबाट नागरिकलाई जोगाउनु हो। यसका अनुसार बाह्य संसारको आलोचनात्मक दृष्टिकोणमा धेरै भ्रम र अविश्वास हुन्छ। उत्तर कोरियाका समर्थकहरुलाई विश्वास छ कि सरकारद्वारा दिइने जानकारी सही र राष्ट्रको भलाइको लागि उपयुक्त हुन्छ। पश्चिमा राष्ट्र र तिन्का समर्थकहरुले उत्तर कोरियामा एक निरंकुश शासन रहेको मान्दछन्। जसमा मानव अधिकारको उल्लंघन र व्यक्तिगत स्वतन्त्रता सीमित छन्। तर आकारमा सानो भए पनि उत्तर कोरियाले बिश्वभर आफ्नो प्रभाव बढाउँदै लगेको छ। जसका सहयागीका रुपमा चीन र रुसजस्ता विशाल देशहरु रहेका छन्। आगामी राजनीतिक सम्मेलनपछि उत्तर कोरिया थप शक्तिशाली हुने धेरैको आंकलन रहेको छ।

## भ्रष्टाचारका...

मुद्रास्फीति ४.९७ प्रतिशत थियो। अर्कोतिर हालै सार्बजनिक ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआई) को एक प्रतिवेदनले नेपालले भ्रष्टाचार नियन्त्रणमा कुनै ठोस प्रगतिगर्न नसकेको एक प्रतिवेदनले देखाएको छ। टिआईले गतसाता मंगलबार सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांक (सिपिआई) सन् २०२५ अनुसार नेपालको सूचकांक यथावत् रहेको छ। नेपालको स्थिति गत बर्षजस्तै यस बर्ष पनि ३४ अंकमै सीमित भएको हो। छवटा अन्तर्राष्ट्रिय संस्थाले सन् २०२५ को अगष्टसम्म उपलब्ध गराएको सुशासनसम्बन्धी तथ्यांकका आधारमा नेपालको अंक निर्धारण गरिएको टिआई नेपालका अध्यक्ष मदनकृष्ण शर्माले गतसाता काठमाडौंमा आयोजित एक कार्यक्रममा जानकारी दिनुभएको थियो। उहाँकाअनुसार लामो समयदेखि नेपालले ३५ भन्दा कम अंक प्राप्तगर्दै आएको छ। सूचकांकमा १०० अंकले भ्रष्टाचारमुक्त र शून्य अंकले अत्यधिक भ्रष्ट अवस्थालाई जनाउँछ। सन् २०२५ मा विश्वका दुई तिहाइ देशले १०० मा ५० भन्दा कम अंक प्राप्तगरेका छन्। जसले ती देशहरु भ्रष्टाचार नियन्त्रणगर्न असफल रहेको संकेत गर्दछ। नेपालले कम अंक प्राप्त गर्नुले सत्तामा पुगेकाले भ्रष्टाचारविरुद्ध प्रभावकारी कामगर्न नसकेको पुष्टि गरेको अध्यक्ष शर्माले बताउनुभएको थियो। गत भदौ २३ र २४ मा भएको बिध्वंशमा नेपालले बेहोरेको अपूरणीय धनजनको क्षतिको मूल कारणमध्ये बढ्दो भ्रष्टाचार पनि एक रहेको दाबीलाई यस सूचकांकले थप पुष्टि गरेको उहाँको भनाइ थियो। उहाँकाअनुसार भ्रष्टाचारग्रस्त मुलुकहरुमा सन् २०२५ मा युवा पुस्ताको नेतृत्वमा भ्रष्टाचारविरुद्ध प्रदर्शन भएका छन्। नेपाल, फिलिपिन्स र इन्डोनेसिया लगायतका देशमा युवाले नेतृत्व तहको शक्ति दुरुपयोग, सुलभ सार्वजनिक सेवा, रोजगारी र आर्थिक अवसरबाट वञ्चित हुनुपरेकोभन्दै सडक आन्दोलन गर्नेगरेका छन्।

## नेपालमा...

गाउँलेहरुलाई खानेपानी, सडक र बिजुली उपलब्ध गराउनुपर्छ। भ्रष्टाचार, तस्करी, कालोबजारी, घुसखोरी, बिचौलियाको प्रचलन आदिको अन्त्य गरिनुपर्छ लगायतका समेटिएका थिए। तिनै मागका कारण ०५२-०६२ का बीचमा देशमा ठूलो धनजनको क्षति भयो। झण्डै १७ हजारले अकालमा ज्यान गुमाउनु पऱ्यो। तत्कालीन माओवादीले ०६२ को मंसिर सातगते भारतको नयाँ दिल्लीमा १२ बुँदे सहमतिगर्दै जनयुद्धलाई बिसर्जन गरिदिएको थियो। त्यसपछि त्यो जनयुद्ध १९ दिने जनआन्दोलनमा रुपान्तरण भयो। जसले संयुक्त राष्ट्रसंघलाई नेपालमा उपस्थित गरायो र माओवादीको नेतृत्वलाई सत्ता र शक्तिमा पुऱ्यायो। त्यसपछि सत्ता र शक्तिमा पुगेका माओवादी नेताहरुले आफ्नै ४० सूत्रीय माग बिपरितका गतिबिधिहरु गर्नथाले। माओवादीका नेताहरुले नेपाली कांग्रेसका तत्कालीन सभापति तथा प्रधानमन्त्रि गिरिजाप्रसाद कोइरालासँग बृहत् शान्ति संझौतामा हस्ताक्षर गरे। संयुक्त राष्ट्रसंघका एजेण्डा संघीयता, जातीय समाबेशी, धर्म निरपेक्षता, समानुपातिक निर्वाचन प्रणालीलाई संविधानमा घुसाउने कामहरु भए। भारत र अमेरिकालाई खुसी बनाउने प्रयासहरु थालिए। स्वदेशमा नेपाली कांग्रेस र अन्तराष्ट्रिय रुपमा साम्राज्यवादी भनिएका मुलुक भारत र अमेरिकासँग सहकार्यहरु हुनथाले। आफनै पूर्ब सहकर्मीहरुमाथि चरम दमन हुन थाल्यो। माओवादीको तत्कालीन नेतृत्वसमेत सहभागी भएको सरकारले कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाउनेसम्मका कार्यहरु भए। हालसम्म पनि कतिपय माओवादी नेता तथा कार्यकर्ताहरु जेलमै थुनामा रहेका छन्। अंगभंग भएका र सुकुम्बासी भएकाहरुको लेखा जोखा गरिसाध्य छैन। आजको अवस्थासम्म पुग्दा माओवादीका तत्कालीन मागहरु जस्ताका तस्तै अर्थात काँचै रहेका छन्। देश आर्थिक, समामाजिक र राजनीतिकरुपमा समेत चौपट बन्दैगएको छ। केन्द्रदेखि प्रदेशसम्मका सरकारहरुका लागि देशको कूल बजेटको झण्डै आधा हिस्सा खर्च भैरहेको छ। तर त्यसको उपलब्धी भने सुन्य छ। माओवादीका ४० सूत्रीय माग माओवादीको तत्कालीन नेतृत्व समक्ष उठाउने काम अन्य माओवादी घटकबाट पनि भैरहेको छैन। आखिर पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराईको चक्कर संसदीय राजनीतिबाट संसदीय राजनीतिसम्म मात्र थियोभने देशको त्यत्रो धनजनको क्षतिगर्दै हुर्मत लिने काम किन गरियो ? भन्ने धेरैले प्रश्न गर्नेगरेका छन्। हाल क्रान्तिकारी कम्युनिष्ट पार्टी बाहेकका प्रायः पूर्बमाओवादी पार्टीहरु संसदीय राजनीतिमा चुर्लुम्म डुबेको अवस्था छ। प्रायः सबैले आगामी फागुन २१ को निर्वाचनमा आफूलाई सहभागी गराएका छन्। तर उनीहरुले आफ्नो चुनावी घोषणापत्रमा समेत तत्कालीन जनयुद्धका मागहरुको संझनासम्म पनि गरेका छैनन्। नेपालमा सच्चा माओवादी पार्टी र माओवादको सिद्धान्त दुबै हराएको अवस्था छ।

## नेपाल...

निर्माणाधीन रहेको उल्लेखगर्दै उहाँले व्यापारिक कनेक्टिभिटीलाई प्राथमिकता दिनुपर्ने बताउनुभएको थियो। नेपाल-भारत व्यापार घाटा उच्च रहेकोभन्दै यसलाई गम्भीर चासोको विषय बनाइनुपर्ने धारणा पनि उहाँले राख्नुभयो। एशियन इन्स्टिच्युट अफ डिप्लोमेसी एन्ड इन्टरनेशनल अफेयर्सकी एसोसिएट डाइरेक्टर डा अंगना गुहा रोयले नेपाल अल्पविकसित मुलुकबाट स्तरोन्नतिहुँदा व्यापारलगायतका क्षेत्रमा पाइरहेका सुविधा गुम्ने बताउँदै यस्तो अवस्थामा भारतसँग सहकार्य गरेर कसरी लाभ लिन सकिन्छभन्ने विषयमा सोच्नुपर्ने बताउनुभएको थियो। उहाँकाअनुसार हालको द्विपक्षीयसम्बन्ध आर्थिक लाभमा केन्द्रितहुँदै गएको छ। जहाँ प्रविधि र कनेक्टिभिटी सहकार्यका महत्वपूर्ण क्षेत्रकारुपमा विकासहुँदै गएका छन्। डा रोयले नेपाल-भारत डिजिटल करिडोर, सीमापार प्रसारण लाइन र आगामी बर्षमा १० हजार मेगावाट बिद्युत व्यापारगर्ने सहमतिका विषय कार्यक्रममा उल्लेखगर्दै अरुण-३, फुकोट कर्णाली र माथिल्लो कर्णालीजस्ता जलबिद्युत आयोजना नेपालबाट भारत बिद्युत निर्यात गर्ने महत्वपूर्ण परियोजना भएको बताउनुभएको थियो। त्यसैगरी सीमापार पेट्रोलियम पाइपलाइनसाथै सार्क, बिमष्टेक र बीबीआइएनजस्ता क्षेत्रीय संगठनमार्फत सहकार्य सुदृढगर्न सकिने उहाँको भनाई थियो। नेपाल र भारतका बीचमा सीमा समस्या सधैं जटिल रहँदै आएको छ।